# महिलाहरुको शैक्षिक अवस्था

(लमजुङ्ग जिल्ला मध्यनेपाल नगरपालिकाको एक सामाजिक अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

समाजशास्त्र  विषयको स्नातकोत्तर तहको आंशिक उपाधि प्राप्त

गर्नको लागि प्रस्तुत गरिएको

शोध पत्र

**शोधकर्ता**

निर्मला शर्मा

क्याम्पस रोल न.१२३/२०६८

परिक्षा रोल न.२८१०२०

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र केन्द्रिय विभाग

कीर्तिपुर, काठमाडौं

२०७५

# घोषणापत्र

यो शोधपत्र अन्य कुनै शोधपत्रको हुबहु नक्कल गरिएको होइन र अन्य शैक्षिक उपाधिका लागि जस्ताको त्यस्तै रुपमा बुझाउने छैन भन्ने घोषणा गर्दछु साथै यो शोधपत्रलाई अन्य शोधकर्ताले आफ्नो कुनै अर्को नयाँ शोधकार्य उपाधि ग्रहण गर्नको लागि प्रयोग गर्न पाउने छैन ।

निर्मला शर्मा

शोधार्थी

मितिः २५।१२।२०७५

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय बाट मानविकी तथा सामाजिक संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको निम्ति आंशिक आवश्यकता परिपूर्तिका लागि मेरो निर्देशन तथा सुपरिवेक्षणमा निर्मला शर्माले "महिलाहरुको शैक्षिक अवस्थाः लमजुङ्ग जिल्ला मध्यनेपाल नगरपालिकाको एक सामाजिक अध्ययन" नामक शोधपत्र तयार पार्नुभएको छ । म उहाँको कार्यप्रति सन्तुष्ट छु । तसर्थ शोधकर्ताले मैले दिएको सल्लाह सुझाव अनुसार मेहनत गरी तयार गरेको शोधपत्रलाई अन्तिम मुल्यांङ्कनका लागि सिफारिस गर्दछु ।

........................

उप–प्राध्यापक डा. प्रमोद भट्ट

(शोध निर्देशक)

समाजशास्त्र केन्द्रिय विभाग

कीर्तिपुर, काठमाडौं

मितिः २८।१२।२०७५

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक संकायअन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको प्राप्तिका लागि निर्मला शर्माद्धारा तयार पारिएको "महिलाहरुको शैक्षिक अवस्थाः लमजुङ्ग जिल्ला मध्यनेपाल नगरपालिकाको एक सामाजिक अध्ययन" विषयक शोधपत्र आंशिक आवश्यकता परिपुर्ति गर्ने प्रयोजनको लागि उचित ठहरिएकोले स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

विभागीय प्रमुख

सह प्रा.डा. टीकाराम गौतम ...................................

शोध निर्देशक

उप– प्राध्यापक डा. प्रमोद भट्ट ...................................

बाह्य निरीक्षक

प्रा.डा.सुरेन्द्र मिश्र ...................................

मितिः २५।१२।२०७५

## कृतज्ञताज्ञापन

सर्वप्रथम समाजशास्त्र विषयको स्नातकोत्तर उपाधि प्राप्तिको प्रयोजनको लागि यस विषयमा शोधपत्र तयार पार्ने अवसर पाएकोमा समाजशास्त्र विभाग कीर्तिपुर क्याम्पसका विगागिय प्रमुख तथा गुरुवर्गहरु प्रति हृदयदेखि आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमुल्य समय दिई उपयुक्त निर्देशन, सरसल्लाह, सहयोग, प्रेरणा दिनुहुने मेरा शोध निर्देशक त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रिय विभागका उप प्राध्यापक डा. प्रमोद भट्ट प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँको सहयोग बिना यो शोधपत्र पुरा हुने थिएन ।

यो शोधपत्र तयार पार्ने क्रममा अध्ययन क्षेत्रका सम्पुर्ण उत्तरदाताहरु जसले अमुल्य समय दिई प्रश्नावलीमा सही उत्तर दिएर सहयोग गर्नुभएको छ उहाँहरु प्रति पनि हार्दिक भारी आभार तथा कृतज्ञता प्रकट गर्दछु । यस शोधपत्र तयार पार्नको लागि हरेक पाइलाहरुमा सधै सहयोग, उत्साह एवं उर्जा प्रदान गर्ने मेरा परिवारका सदस्यहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस शोधपत्र निर्माणको निम्ति आवश्यक जानकारी दिएर सहयोग गर्नुहुने सप्तधारा मा.वि.का. शिक्षक विष्णु त्रिपाठीलाई पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

निर्मला शर्मा

शोधार्थी

मितिः २५।१२।२०७५

# विषयसूची

**घोषणापत्र**

**सिफारिस पत्र**

**कृतज्ञता ज्ञापन**

**तालिका सूची**

**अध्याय १- परिचय** **१-६**

१.१ पृष्ठभुमि १

१.२ समस्याको कथन ५

१.३. अध्ययनको उदेश्य ६

१.४ अध्ययनको महत्व ६

**अध्याय २** **७-२०**

२.१ सन्दर्भ साहित्यको पुनरावलोकन ७

२.२ अवधारणात्मक ढाँचा १९

**अध्याय ३** **२१-२४**

३.१ अध्ययन क्षेत्रको छनौटः २१

३.२ अनुसन्धान ढाँचा २१

३.३ अध्ययनको समग्रता र नमुना छनौटः २२

३.४ तथ्यांकको स्रोत र प्रकृतिः २२

३.४.१ प्राथमिक स्रोत २२

३.४.२ द्धितिय स्रोत २३

३.५ तथ्यांक संकलन विधि २३

३.५.१ अर्न्तवार्ता तथा प्रश्नावली २३

३.५.२ अवलोकन २३

३.६ तथ्यांकको प्रमाणीकरण र विश्वसनियता २३

३.७ तथ्यांक विश्लेषण २४

३.८ अध्ययनको सीमा: २४

**अध्याय ४ तथ्यांक, विश्लेषण तथा प्रस्तुतीकरण २५-६८**

४.१ अध्ययन क्षेत्रको सामान्य परिचय २५

४.१.१ भौगोलिक अवस्थिती २६

४.१.२ हावापानी तथा वनस्पती २६

४.१.३ नदीनाला धारा र मन्दिरहरु २६

४.१.४ अध्ययन क्षेत्रको घरको बनावट २७

४.१.५ उत्तरदाताको जातिगत विवरण २७

४.१.६ उत्तरदाता महिलाको उमेरगत विवरण २८

४.१.७ उत्तरदाताको परिवारको प्रकार र बनौट ३०

४.१.८ अध्ययन क्षेत्रको जनसंख्या ३१

४.१.९ भाषा र धर्म ३१

४.१.१० पेशा र व्यवसाय ३१

४.२ शिक्षा ३२

४.२.१ शैक्षिक स्थिती ३२

४.२.२ उत्तरदाता महिलाको शैक्षिक अवस्था ३३

४.२.३ छनौटमा परेका महिलाको बालबालिकाहरु पढ्ने विद्यालयको विवरण ३५

४.२.४ छनोटमा परेका महिलाहरुले लिएको तालिम र कारणहरु ३७

४.२.५ महिलाले शिक्षालाई निरन्तरता दिन नसक्नका कारणहरु र त्यसको लागि आवश्यक पर्ने सुविधाहरु ३८

४.२.६ महिला शिक्षा सहज बनाउन आवश्यक पर्ने सरकारी सहयोग ४१

४.२.७ विविध सुविधा प्राप्त भएपनि शिक्षाप्रति निरन्तरता दिन इच्छा नराख्नुका कारणहरु ४३

४.२.८ महिलाले शिक्षा आर्जन गर्नुपर्ने आवश्यकता ४४

४.२.९ समाजका शैक्षिक गतिविधिमा महिलाको चासो ४६

४.२.१० उत्तरदाता महिलाले बालबालिकाको पढाईमा गर्ने सहयोग ४७

४.२.११ उत्तरदाता महिलाको परिवारमा भएको स्थान ४८

४.३ आर्थिक ४८

४.३.१ प्रमुख पेशा ४८

४.३.२ उत्तरदाता महिलाको घर परिवारको स्वामित्वमा रहेको जमीन ४९

४.३.३ उत्तरदाता महिलाको कृषि उत्पादनको स्थिति ५०

४.४ सामाजिक ५०

४.४.१ समाजमा महिलाको भुमिका ५१

४.४.२ छोरी बाहीर पढ्न पठाउने धारणा ५२

४.५. उत्तरदाता महिलाको शिक्षा सम्बन्धी धारणाहरु ५२

४.५.१ महिलाले शिक्षा हासिल गर्नुपर्ने कारणहरु : ५२

४.५.२ महिला शिक्षाले परिवारमा ल्याएको परिवर्तन ५३

४.५.३ उत्तरदाता महिलाको विचारमा पहिला सानो हुँदाको र अहिलेको पढाईमा भएको भिन्नता ५५

४.५.४ आधुनिक शिक्षाले उत्तरदाता महिलाहरुको बालबालिकामा पारेको प्रभाव ५६

४.४.५ उत्तरदाता महिलाको शिक्षा प्रतिको धारणा (शिक्षा कस्तो होस भन्ने चाहनुहुन्छ) ५८

४.५.६ शिक्षा सबैको पहुँचमा सहजै पुग्न नसक्नाको कारणहरु ५९

४.५.७ पुरानो व्यवहारलाई परिवर्तन गर्न शिक्षाले खेलेको भुमिका (उत्तरदाता महिलाको विचारमा) ६०

४.५.८ वर्तमान शिक्षा नीति देश अनुसार समय सापेक्ष छ त (उत्तरदाता महिलाको जवाफ) ६२

४.५.९ शिक्षालाई समय सापेक्ष बनाउन सरकारी क्षेत्रले चाल्नुपर्ने कदमहरु (उत्तरदाता महिलाको विचारमा) ६३

४.५.१० महिला र पुरुष विचमा भएका विभेदहरु (उत्तरदाता महिलाको धारणामा)६४

**अध्याय ५- सारांश र निष्कर्ष** **६९-७६**

५.१ सारांश ६९

५.२ निष्कर्ष ७१

५.३ सुझाव ७६

**सन्दर्भसामग्री**

**अनुसूची**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं.१ | अवधारणात्मक ढाँचा | २० |
| तालिका नं.२ | वडा नं. १ (अध्ययन क्षेत्र) का जनजातिको विवरण) | २७ |
| तालिका नं.३ | उमेरका आधारमा उत्तरदाता महिलाको वर्गीकरण | २९ |
| तालिका नं.४ | उत्तरदाता महिलाहरुको पारिवारीक बनौट र विवरण | ३० |
| तालिका नं.५ | छनौटमा परेका महिलाहरुको शैक्षिक अवस्था | ३४ |
| तालिका नं.६ | बालबालिकाहरु पढ्ने विद्यालय र संख्याको विवरण | ३६ |
| तालिका नं.७ | उत्तरदाता महिलााको तालिम सम्बन्धि जानकारी | ३७ |
| तालिका नं.८ | तालिम लिनाको कारणहरु (उदेश्य) | ३८ |
| तालिका नं.९ | महिलाले शिक्षालाई निरन्तरता दिन नसक्नका कारणहरु | ३९ |
| तालिका नं.१० | महिला शिक्षालाई निरन्तरता गर्न दिनुपर्ने सुविधाहरु | ४० |
| तालिका नं.११ | महिला शिक्षा सहज बनाउन आवश्यक सरकारी सहयोग | ४१ |
| तालिका नं.१२ | विविध सुविधा प्राप्त भएपनि शिक्षाप्रति निरन्तरता दिन इच्छा नराख्नुका कारणहरु | ४३ |
| तालिका नं.१३ | महिलालाई शिक्षा आर्जन गर्नुपर्ने आवश्यकता | ४५ |
| तालिका नं.१४ | समाजमा हुने शैक्षिक गतिविधिमा महिलाको चासो | ४६ |
| तालिका नं.१५ | उत्तरदाता महिलाले बालबालिकाको पढाइमा गर्ने सहयोग | ४७ |
| तालिका नं.१६ | उत्तरदाता महिलाको परिवारमा भएको स्थान | ४८ |
| तालिका नं.१७ | उत्तरदाता महिलाको प्रमुख पेशाको विवरण | ४९ |
| तालिका नं.१८ | उत्तरदाता महिलाको घर परिवारको स्वामित्वमा रहेको जमीन | ४९ |
| तालिका नं.१९ | कृषि उत्पादनको स्थिती | ५० |
| तालिका नं.२० | समाजमा महिलाको भूमिका | ५१ |
| तालिका नं.२१ | शिक्षा आर्जन गर्नँका कारणहरु (उत्तरदाता महिलाको संख्या ५७) | ५२ |

# अध्याय १

# परिचय

## १.१ पृष्ठभुमि

शिक्षा विकाशको आधार हो भने बिकाश सरह शिक्षा निरन्तर चलिरहने प्रक्रिया पनि हो । ग्रामिण समुदायको सर्वाङ्गिण बिकाश शिक्षाको विकाशवाट मात्र सम्भव छ । जनताको शैक्षिक बिकाश बिना जनताको जीवनस्तरमा सुधार ल्याउन सकिदैन । शिक्षित व्यक्तिले नै आफुलाई बदलिदो सामाजिक परिवेशमा आफ्ना आकांक्षा आवश्यकताको परिपुर्ति गर्नुको साथै आफुलाई स्थापित गरी आफ्नो जीवनशैलीमा परिवर्तन ल्याउन सक्षम हुन्छ । मानब विकाशको विभिन्न सुचकहरु मध्य शिक्षालाई प्रमुख सुचकको रुपमा लिइन्छ ।

साक्षर भन्नाले लेख्न पढ्न र दैनिक जीवनमा आइपर्ने साधारण हिसाब गर्न सक्ने क्षमता भएको व्यक्तिलाई सम्झनुपर्दछ । सामान्यतया पढ्न, लेख्न र दैनिक जीवनमा आइपर्ने जोड, घटाउ गर्न सक्ने व्यक्ति साक्षर भएको मानिन्छ । (UNESCO, इ.स. १९५८)

शिक्षा शब्द शिक्षा धातुमा 'अ' प्रत्यय लागेर वनेको शब्द हो । जसको अर्थ सिकाउनु हुन्छ । सामान्यतया कुनै विषयको ज्ञान दिनु वा व्यक्तिलाई कुनै सीप, गुण एवं ब्यवहार सिकाउनु नै शिक्षा हो । शिक्षालाई प्राविधिक रुपमा उल्लेख गर्दा व्यक्तिमा लुकेर रहेका क्षमतालाई बाहिर निकाल्नु र क्रमश विकसित गदै लैजाने प्रकियाको रुपमा लिन सकिन्छ । मानिसमा रहेका क्षमताहरुको विकाश गरी एउटा सक्षम व्यक्ति बनाउने प्रक्रिया शिक्षा हो । मानव सभ्यताको निरन्तर र संवृद्धिको लागि शिक्षाले महत्वपुर्ण भुमिका खेलेको हुन्छ । वालवालिकालाई विभिन्न प्रकारको अनुभव दिने र परिपक्क वनाउदै परिवार , समुदाय र राष्ट्रको लागि उपयुत्त जनशक्तिका रुपमा प्रस्तुत गराउने काम शिक्षाको हो र राष्ट्रलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने महत्वपुर्ण जिम्मेवारी शिक्षाले लिएको हुन्छ । शिक्षा शब्दको उत्पत्ति कसरी भयो भन्ने वारेमा विभिन्न तर्कहरु रहेका छन् । शिक्षा लिन र दिनका लागि शिक्षक र बिद्यार्थीको समुह अनिवार्य हुनुपर्दछ । शिक्षक भनेको शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्तिअध्यापकलाई भनिन्छ । शिक्षकलाई गुरु पनि भनिन्छ । 'गु' को अर्थ अन्धकार र 'रु' को अर्थ हटाउने हो । अन्धकार हटाउनेहरुलाई गुरु भनिन्छ । (वराल २०६५)

समाजले लिङ्गको आधारमा महिला र पुरुषका रुपमा फरक पारेको छ । जैविक रुपमा रहेको यस भिन्नतालाई आधार मानेर सामाजिक रुपमा ठुलो भिन्नता र गलत रुपमा परिभाषित गरी लैङ्गिक असमानतालाई बढाउने काम समाजवाट नै शुरु भएको हो । त्यसकारण समाजमा महिला दोस्रो दर्जाको नागरिकका रुपमा रहनु वाध्य छन् । 'छोरा पाए खसी र छोरी पाए फर्सी' भन्ने मान्यता हाम्रो समाजमा अझै पनि पाउन सकिन्छ । विश्वमा सवैजसो राष्ट्रहरुमा लैङ्गिक असमानता र विभेद रहेको पाइन्छ । विकसित राष्ट्रहरुको तुलनामा अविकसित राष्ट्रहरुमा महिला र छोरीलाई पढाउनु तिर भन्दा घरायसी कार्यहरुमा वढी व्यस्त राखिन्छ । कतिपय धार्मिक मान्यताका आधारमा छोरीलाई सानै उमेरमा विवाह गरी दिने चलन पनि नभएको होइन । तापनि व्यवहारिक रुपमा यसलाई उतार्न सवै समाजमा सकिएको पाइदैन ।

महिलाहरुलाई खालि परिवार तथा लोग्नेको सेवा गर्नुपर्ने, घरधन्दा गर्नुपर्ने, बालबच्चाको स्याहार सुसार बढी गर्नुपर्ने हुन्छ । त्यसकारण महिलाहरुमाथि पारिवारिक, सामाजिक, सास्कृतिक, आर्थिक रुपमा विभेद गरी लैङ्गिक शोषण गरीएको पाइन्छ । नेपालको जनसंख्याको करिब ५१ प्रतिशत जनसंख्या महिलाहरुको रहेको छ । नेपाली महिलाहरु सामाजिक, आर्थिक , शैक्षिक विभेद र असमानताको जातोमा पिल्सिएका छन् । कम उमेरमा विवाह, शिक्षाको अवसरवाट वन्चित, रही पितृसत्तात्मक समाजका मुल्य, मान्यता र परम्परावाट पिल्सिएका छन् ।

नेपालको साक्षरता दरलाई हेर्ने हो, भने वि. स. २०४८ सालमा पुरुषको ५४.५ प्रतिशत र महिलाको २५ प्रतिशत थियो । वि. स.२०५८ सालमा पुरुषको ६५.६ प्रतिशत र महिलाको ४२.८ प्रतिशत पुगेको पाइन्छ । त्यस्तै २०६८ साल सम्ममा नेपालको कुल साक्षरता दर ६५.९ प्रतिशत मा पुरुषको ७५.१ प्रतिशत र महिलाको ५७.४ प्रतिशत पुगेको पाइन्छ । (जनगणना २०६८) सन् १९५१ देखि महिलाको स्तर विकाश र अधिकारको लागि राजनितिक अधिकार प्रदान गर्ने घोषणा गरिएको थियो । त्यसैगरी सन् १९७९ को संयुक्त राष्ट्र संघिय महासभाले महिला विरुद्धका सबैखालका असमानताहरु सन् १९९० सम्ममा अन्त्य गर्ने घोषणा गरेको थियो । नेपाल अधिराज्यको सँविधान २०७४ ले पनि जाति, लिङ्ग र धर्मका आधारमा कुनै नागरीकलाई भेदभाव गरीने छैन भनी उल्लेख गरेको छ । त्यसैगरी समान कामका लागि महिला र पुरुषका बिच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव

गरीने छैन भनी उल्लेख गरेको छ ।स्नेह, ममता, बात्सल्य र शिष्टाचारकी प्रथम शिक्षिका आमा हुन्थिन् । उनैवाट दुइ – तिन वर्षसम्मका केटाकेटीसमाजमा शिष्टाचारका पाठ पढ्थे । शिक्षाको पहिलो खुड्किलो घर हुन्थ्यो (शर्मा, २०६२) । हिन्दु धर्म अनुसार नारीको सृष्टि ब्रम्हाको अंगवाट भएको हो भन्ने भनाई छ र पुरुष र नारीको सृष्टि एकै दिनका भएको थियो भन्ने भनाई छ । वाइवलमा पनि आदम र इभको नामले पुरुष र नारी दुवै एक समयमा सृष्टि गरिएको थियो । (अर्याल २०६२)

नेपालको शिक्षाको अवसर तुलनात्मक रुपमा शहरमा भन्दा गाँउमा कम छ । किनभने हाम्रो समाज पुरुष प्रधान र पितृसत्तात्मक रुपमा शहरमा भन्दा गाँउमा वढी छ । हाम्रो नेपाली समाज पुरुष प्रधान र पितृप्रधान समाज हो । यसैको असर नेपाली समाजमा प्रत्यक्ष रुपमा परेको देखिन्छ । “छोरीलाई पढाउनु हुदैन उनीहरु अर्काको घर जाने जात हो ।” भन्ने सोच अहिलेपनि जनमानसमा परीरहेको छ । छोरीलाई पढ्न पठाएपनि सस्ता सरकारी विद्यालयमा र छोरालाई निजि र महङ्गा विद्यालयमा पढाउने परम्परा कायमै छ । छोरीलाई पढाउनुपर्छ भन्ने सोच नरहेको समाजमा यस्ता खालका कुरीतीले जरा गाडेको छ । यस्ता समस्याहरु असाक्षर समाजमा मात्र नभई साक्षर समाज तथा शिक्षित आमावुवाले पनि छोरीको तुलनामा छोराको वढी चाहना गर्ने, छोरीभन्दा छोरालाई वढी हेरविचार गर्ने प्रचलन गाँउदेखि शहर सम्म नै विद्यमान रहेको पाइन्छ । त्यतिमात्र नभई कतिपय समाज र समुदायको भनाइ छ कि छोरीलाई पढाएमा पोइला जान्छ त्यसैले पढाउनु हुदैन ।

विभेद गर्भदेखि शुरु हुन्छ । छोरी भए फाल्ने छोरा भए राख्ने वा छोरीको भ्रुणहत्या गरीन्छ । त्यो क्रम नेपाल अनि दक्षिण एशियामा व्यापक छ । विज्ञानको उपलब्धि छोरीको लागि अभिशाप तुल्याइएको छ । जन्मपछि खानामा भेद, जन्मदिने आमालाई भेद शिक्षामा भेद, राम्रो स्कुल अनि वढी खर्च छोरालाई र छोरीलाई सकेसम्म छिटो अर्कालाइ जिम्मा लगाउन हतार यो समाजको विशेषता हो । नेपाल अनि दक्षिण एशिया कृषि युगकै सेरोफेरोमा रहेको छ । घरको काम सम्पुर्ण महिलाको जिम्मेवारीमा रहेको छ । कृषि तथा गैर कृषि दुवै परिवेशमा महिला पुरुषभन्दा एक घण्टा अघि उढेर काम गर्छन् र एकघण्टा पछिमात्र सुत्छन् । घरवाहिर पुरुषसरह काम गर्ने महिलालाई पनि घरको काममा ५/६ घण्टा व्यतित हुनुपर्छ । त्यो कामको आर्थिक मुल्य र लेखाजोखा न घरमा हुन्छ । न त राज्यको लेखामा, कुल गार्हस्थ उत्पादनमा महिलाले घरभित्र खर्चिएको श्रमको कुनै मुल्य हुदैन ।

अहिले पनि निम्न वर्ग र ग्रामिण भेगका महिलाहरुको स्वास्थ्य शिक्षामा पहुँच पुग्न सकेको छैन । अशिक्षा र गरीवी छ । औषधी नपाई कैयौ महिलाले ज्यान गुमाउनु परीरहेको छ । महिला हिंसा, अपहरण, बेचबिखन र वलात्कारको श्रृङ्खलामा कमी आएको छैन । (गोरखापत्र राष्ट्रियदैनिक नारी दिवसको सन्दर्भ २०६६ फाल्गुन २४)

नेपालमा महिलाले पुरुष समकक्षी भन्दा वढी समय काम गर्छन् । उनीहरुले दैनिक ११ घण्टा काममा संलग्न रहने गरेका छन् । (न्यौपाने २०६०)

समाजमा महिलाको अवस्था पहिचान गर्ने साक्षरता र शैक्षिक योग्यता नै प्रमुख सूचक हो । वर्तमान आधुनिक विकसित युगमा भएपनि साक्षरता र शैक्षिक योग्यतालाई महिलाको रोजगारको रुपमा मात्र नभई घरभित्रको मानिसहरु र घरवाहिरका मानिसहरु सँग कुराकानी गर्न योग्य वनाउनु पनि शिक्षाको भुमिका रहेको छ । पुरुषको अनुपस्थितीमा पनि एउटी लेखपढ गरेकी शिक्षित महिलाको आफ्ना घरपरिवारका साथै सामाजिक सम्बन्धलाई वलियो बनाएर राख्न सक्छिन् र समाजले उनलाई राम्रो इज्जत माया दिने गर्दछ । शिक्षित महिलाले पाउने इज्जत, माया अवसर फरक छ । (आचार्य १९९४)

दशौ पन्चवर्षीय योजना (२०५९–२०६४) अवधि भित्र शिक्षालाई गरिवि निवारण गर्ने एक सशक्त माध्यमको रुपमा लिइएको देखिन्छ । देशको सर्वाङ्गिण विकाश तवमात्र सम्भव हुन्छ । जव नागरिक शैक्षिक दुष्टिकोणले सीपयुत्त, तथा स्तरयुक्त बन्दछ । तसर्थ शिक्षालाई परिवर्तनको संवाहक भनिएको छ । यसै कुरालाई, अंगिकार गरी इ. सन् २००० मा सेनेगलको डकारमा भएको विश्व शैक्षिक सम्मेलनले प्राथमिक शिक्षालाई सवैका लागि शिक्षा को रुपमा अंगिकार गरेको पाइन्छ । (अनौपचारिक शिक्षा केन्द्र २०६७)

कुनै पनि राष्ट्रको शिक्षाको अवस्थालाई त्यस राष्ट्रको साक्षरताले स्पष्ट पार्दछ । साक्षरता स्वंम एक साध्य हो तापनि व्यक्तित्व विकाशको भरपर्दो साधन र सिकाइको सशक्त माध्यम, विकाशको सहायक शशक्तिकरणको महत्वपुर्ण उपाय र शिक्षा आर्जन गर्ने प्रारम्भिक खुड्किलो हो । जव एउटी महिला गतिशिल हुन्छीन् । परिवार गतिशिल हुन्छ परिवार गतिशिल भए समाज र समाज गतिशिल भए राष्ट्र नै गतिशिल हुन्छ । (पण्डीत जवाहरलालनेहरु)

हामी आजको आधुनिक युगमा छौ तुलनात्मक रुपमा शुरुको शैक्षिक अवस्था भन्दा अहिलेको शैक्षिक अवस्थामा सुधार देखिए पनि पुरुषको तुलनामा महिलाको सहभागिता, तथा निरन्तरता ज्यादै न्युन रहेकोले गर्दा नै देश विकाशमा पछि परिरहेको छ । यसर्थ हरेक क्षेत्रमा महिला र पुरुषको समान अवसर र सहभागिता हुनुपर्दछ र त्यसका लागि सवै क्षेत्रका असमानताहरु हट्नुपर्दछ ।

## १.२ समस्याको कथन

शिक्षा विकाशको लागि पुर्वसर्त हो तथा सामाजिक आर्थिक र सास्कृतिक विकाशको महत्वपुर्ण सूचक हो । शिक्षालाई जीवन सार्थक वनाउने र देश विकासको मेरुदण्डको रुपमा लिइन्छ । व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्नु शिक्षाको प्रमुख उदेश्य हो । शिक्षाले व्यक्तिलाई आफुमा अर्न्तनिहित प्रतिभाहरुको प्रस्फुटन गराई व्यक्तित्व विकाशका साथसाथै राष्ट्रिय रुपमा राष्ट्रप्रति जिम्मेवार, योग्य, दक्ष र सक्षम नागरिक वा जनशक्ति उत्पादन गर्ने काम गर्दछ । हरेक राष्ट्रले शिक्षालाई व्यक्तिको मौलिक अधिकारका रुपमा र शिक्षामा गर्ने खर्चलाई देशविकाश गर्ने लगानीका रुपमा लिइन्छ । विगतमा छोरीलाई पढ्न पठाउने कार्यमा विमुख गराई घरधन्दाको काम लगायत कृषि काममा लगाइन्थ्यो । जसले गर्दा महिलाले शिक्षा पाउनवाट वन्चित रहनुपथ्यो । तर अहिले विस्तारै जनचेतना वढ्दै गयो छोरीले पनि छोरा सरह विभिन्न क्षेत्रमा आफ्नो छाप छोड्न सफल देखिन्छ । शिक्षा प्राप्त गर्न पाउनु सवै वालिवालिकाको आधारभुत तथा नैसर्गिक अधिकार हो चाहे त्यो महिला होस् या पुरुष । तसर्थ माध्यमिक तहसम्मको शिक्षा सवैलाई अनिवार्य रुपले दिलाउनु राज्यको दायित्व र कर्तव्य हो ।

यसै सन्दर्भमा नेपालमा महिलाको जनसंख्या २०६८ अनुसार :– १,३६,४५,४६३ रहेको छ । यो कुल जनसंख्याको ५१.५० प्रतिशत हो । महिलाहरु आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक आदि क्षेत्रमा पछाडी परेका छन् । महिलाहरु विहान उठेदेखि रातिसम्म अति व्यस्त रहन्छन् । जुन काम गरेपनि प्रत्यक्ष रुपमा आर्थिक लाभ हुदैन जसले गर्दा उनीहरु माथि कामको वोझ हुनुको साथै कामले महत्व पाएको छैन । नेपाली महिलाहरु शिक्षण क्षेत्र प्रशासनिक क्षेत्र, स्वास्थ्य क्षेत्रमा कम मात्रामा सुचना सेवा प्राप्त गर्ने भएकोले पुरुषको तुलनामा महिला ज्यादै पछि परेका छन् ।

यसै सन्दर्भमा लमजुङ्ग जिल्ला वाटो विजुली यातायातको दृष्टिले सुगम भएतापनि यहाँको मध्यनेपाल नगरपालिका वडा नं. १ का महिलाहरुको शैक्षिक अवस्था पनि त्यति राम्रो भएको पाइदैन, या उनीहरुलाइ समाजले हेर्ने दृष्टिकोण आजपनि दोस्रो दर्जाको रुपमा पाइन्छ । यसर्थ त्यहाँको महिलाको शैक्षिक स्थिती अध्ययन गर्नु र पुरुषको तुलनामा उनीहरु पछी पर्नुको के कति कारणहरु छन् । तिनीहरुलाई बुझ्ने कोशीस गर्नु यस अध्ययनको मुख्य उदेश्य रहेको छ ।

## १.३. अध्ययनको उदेश्य

यस अध्ययनको उदेश्य लमजुङ्ग जिल्ला मध्यनेपाल नगरपालिका वडा नं. १ का महिलाहरुको शैक्षिक अवस्था को अध्ययन र यसले पारेको प्रभावको वारेमा प्राप्त गर्नु रहेपनि विशिष्ट उदेश्य निम्न छन् ।

- लमजुङ्ग, जिल्ला मध्यनेपाल न. पा. वडा नं. १. का महिलाको शैक्षिक अवस्था पत्ता लगाउनु ।
- महिलाले शिक्षालाई निरन्तरता दिन नसक्नाका कारणहरुको बारेमा अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

नेपालको जनसंख्याको आधा भन्दा वढी माग ओगटेको महिलाहरुको शैक्षिक अवस्था दयनिय छ । महिलाहरुको शैक्षिक अवस्थाको अध्ययन गर्ने र शिक्षामा महिलाले निरन्तरता दिन नसक्ने कारणहरु उक्त क्षेत्रका महिलाहरुसँग सोधी शैक्षिक अवस्थाको वारेमा वुझ्ने प्रयास गरीएको छ । यस न पा. का महिलाहरुको शैक्षिक अवस्थाका वारेमा कसैले आजसम्म अध्ययन नगरेकोले यस वडाका महिलाहरु शिक्षामा पछि पर्नुका कारणहरु खोतल्ने र वुझ्ने प्रयास गरीएकोले यसको महत्व रहेको छ । साथै यस विषयमा अध्ययन अनुसन्धान गर्न चाहनेलाई र अन्य विद्यार्थीहरुलाई पनि यसले प्रशस्त जानकारी दिनेछ । तथा यहांका महिलाहरुको शैक्षिक गतिविधि र अवस्थाको जानकारी दिनेछ । यस अध्ययन र अनुसन्धानवाट पत्ता लागेका तथ्यहरुवाट नीतिनिर्माण गर्ने तहहरुमा समस्याको जानकारी दिन सहयोगी हुन्छ । कुनै योजना वनाउन कुनै सरकारी गैर सरकारी सँस्थाहरु तथा व्यक्तिहरुको समय धन र जनशक्तिको वचत भई कुनै योजना वनाउन र कार्यक्रम लागू गर्न सम्बन्धित निकायलाई सहज हुने भएकोले यसको महत्व रहेको छ ।

# अध्यायJ २

## २.१ सन्दर्भ साहित्यको पुनरावलोकन

शिक्षा मानव जिवनको अभिन्न अङ्गका रुपमा लिपिको शुरुवातवाट नै रहिआएको तथ्य फेला पर्दछ । समाज परिवर्तनको अविरल श्रृङ्खलाको सशक्त माध्यम पनि शिक्षालाई नै मानिन्छ । आधुनिक विकसित समाज हिजोको सरल शिकारी समाजको निरन्तर रुपान्तरणको परिणाम हो । यस प्रक्रियामा एकल भुमिका शिक्षाको नै रहेको पाइन्छ । यो स्पष्ट हुनको लागि मानव जातिको उत्पत्तिवाट नै कुनै न कुनै रुप वा शैलीको शिक्षाको अस्तित्वलाई नकार्न सकिदैन भन्ने कुरा प्रमाणित हुन्छ । विषय र वस्तुको रुपान्तरण सरलतावाट जटिलता तर्फ लक्षित हुने प्राकृतिक नियमवाट शिक्षा पनि अलग हुन नसक्ने भएकोले यसको स्वरुप नितान्त सरल, अनौपचारिक र सिमीत रहेको पाइन्छ ।

नेपालको सन्दर्भमा भन्नुपर्दा प्राचिन कालदेखि नै समाजमा प्रचलित रीतिरिवाज चालचलन, विश्वास जीवनको आदर्श, धर्मप्रति जनसाधारणको धारणा र सामाजिक मान्यतामा आधारित पारिवारिक शिक्षादीक्षाको परम्परा थियो । सम्पुर्ण शिक्षादीक्षा एक पिढिँवाट अर्का पिढिँमा हस्तान्तरण हुदै जान्थ्यो । स्नेह, ममता, बात्सल्य र शिष्टाचारकी प्रथम शिक्षिका आमा हुन्थिन् । उनैवाट दुईतीन वर्ष सम्मका केटाकेटीहरु समाजमा शिष्टाचारको पाठ पढ्थे । शिक्षाको पहिलो खुड्किलो घर हुन्थ्यो । त्यसपछि बाबुले छोरालाई छोराले नातिलाई आ–आफ्नो कुल, धर्म आचरणमा चलिआएको धार्मिक तथा सामाजिक व्यवहार, पेशा तथा व्यवसायमा परिचित गराउथे । छोरा नातिलाई कम उमेरदेखि नै आफ्नो पेशामा सम्लग्न गराएर शिक्षादीक्षा दिदै जान्थे । त्यो शिक्षा व्यवसायको रुपमा हुन्थ्यो ।

आमा र सासुहरु छोरी तथा बुहारीहरुलाई घरव्यवहारका महिलाहरुले गर्नुपर्ने घर गृहस्थीका आवश्यक कुराहरु, कुलाचार, सामाजिक रीतिहरु तथा कर्तव्यका बिषयमा तालिम दिदै जान्थे । त्यो परम्परा धेरै पछिसम्म र केही आजसम्म पनि रहेको छ । जुन भानुभक्तको वधुशिक्षावाट पनि वुझिन्छ ।

मानव समाजको हालको अवस्थासम्म आइपुग्न विभिन्न चरणहरु पार गर्दै आएको हो । शुरुको अवस्था भनेको प्राय ऐतिहासिक काल जसमा मानिसले कुनै वैज्ञानिक प्रविधि

अपनाएको थिएन, त्यसलाई जंगली युग भनिन्छ । त्यस समयमा महिलाहरुको आर्थिक तथा सामाजिक स्थिती उच्च थियो । पुरुषले जंगली, जनावरको शिकार गर्ने र महिलाले परिवारका सवै सदस्यलाई बाँडिदिने काम लगायत साधारण कन्दमुल, फलफुल संकलन गर्ने र परिवारका सदस्यहरुको हेरविचार गर्ने काम गर्दथे । त्यस समय बालबालिकाको पहिचान आमाको नामवाट गरिन्थ्यो र बालबालिकाको बुबाको परिचय आमा मार्फत हुन्थ्यो । यसवाट त्यस समयमा पितृसत्तात्मक परिवार नभइ मातृसत्तात्मक परिवार रहेको थाहा हुन्छ । -नारी शक्ति २०६२)

जव विश्वमा प्रविधिको विकाश भयो वा आधुनिकिकरण विकाश भयो त्यस वेलादेखि समाजमा पितृसत्तात्मक परिवारको वाहुल्यता रहन गयो, महिला माथि दमन र शोषणका कार्यहरु बढ्न थाले र महिलाहरु दोस्रो दर्जाको मानिस बन्न पुगे । समाजमा महिला कमजोरको रुपमा प्रस्तुत गराइयो ।घर भित्र सिमित श्रम शोषण, यौन शोषण जस्ता कार्यहरु बढ्न थाले र आर्थिक, सामाजिक तथा शैक्षिक पक्षमा महिलाहरु पछाडी पर्न थाले फलत पुरुष हरेक क्षेत्रमा अगाडी परे तर महिलाहरु पुरुष सहायकका रुपमा मात्र सिमित भए ।

विश्वमा औद्योगिक मुलुकहरुको शिक्षाको इतिहास केहि लामो समय भएतापनि नेपाल जस्तो विकासोन्मुख देशहरुको भने खासै त्यति लामो इतिहास छैन । नेपालको शिक्षा विकासको इतिहास करिव छ दशकसम्म अगाडी मात्र जान सकिन्छ । यो शिक्षा विकासको क्रममा विविध कारणहरुले गर्दा सवै वर्ग लिङ्ग, समुदाय तथा भौगोलिक दुरतामा वसोवास गर्ने समुदायका लागि पहुँच भन्दा वाहिरको विषय अझ सम्म भइरहेको अवस्था छ ।

त्यसो त महिला शिक्षाको शुरुवात राणा प्रधानमन्त्री वीरशमशेरको पालामा भारतवाट गंगावाइ आएर ठमेलमा “आधारभुत प्राथमिक शिक्षा” शुरुवात गरेका थिए । वि. स १९८० मा प्रधानमन्त्री चन्द्रशमशेरले काठमाण्डौको ढोका टोलमा कन्या पाठशालाको स्थापना गरेकोले महिलालाई शिक्षा दिन सजिलो भएको थियो । वि. स. १९७५ मा कलेजमा महिलाका लागि बन्देज नलगाइए पनि वि. स. २००४ सालमा मात्र ४ जना महिला भर्ना भएको देखिन्छ । (भट्टराई २०५५)

महिलाको सक्रिय सहभागिता विना र शिक्षाको पहुँच विना देशलाई विकाशको वाटोमा लैजान असम्भव हुन्छ । विश्वको आधा जनसंख्या महिलाहरुकै भएतापनि महिलाहरु

दमन शोषणमा पर्दै आइरहेका छन् । समयको परिवर्तन संगै शहरी क्षेत्रमा वसोवास गर्ने महिलाहरुको साक्षरता दरमा वृद्धि भएको तर ग्रामिण भेगका महिलाहरु भने शिक्षाको ज्योतिवाट अझै वन्चित रहेको पाइन्छ । आजसम्म पनि ग्रामिण भेगका मानिसहरुले ( पुरुषले) महिलालाई केवल दिनरात काम गर्ने र सन्तान जन्माउने यन्त्रको रुपमा मात्र प्रयोग गरेको पाइन्छ । छोरीलाई "पराइ घर जाने जात हो" भनि शिक्षाको उज्यालो किरणवाट वन्चित गराइन्छ । हरेक अवसर र सुविधामा छोराछोरी विच विभेद गरिन्छ । छोरालाई महङ्गा प्राइभेट विद्यालय तथा विदेश तिर अध्ययन गर्न पठाइन्छ भने छोरीलाई विद्यालय पढ्न पठाएपनि सरकारी विद्यालयमा पढ्न पढाइन्छ । यस्तो खालको लैङ्गिक विभेदले देशलाई कमजोर गरिब राष्ट्रको सूचीमा रहन मद्धत पुगेको छ । जसको परिणाम देशको विकासले सफलताको शिखर चुम्न सक्दैन । महिलाहरु शिक्षित भएका मुलुकहरु निकै विकसित र सम्पन्न भइरहेका छन् भने महिलाहरु अशिक्षित भएका मुलुकहरु अझै पनि पछौटे पनले ग्रस्त छन् । (नकर्मि २०६१)

विशेषगरी महिला साक्षरताको कुरा गर्दा अन्य अल्पविकसित राष्ट्रहरु जस्तै नेपालमा पनि पुरुषको तुलनामा महिलाको साक्षरता दर न्युन रहेको पाइन्छ ।राष्ट्रिय जनगणना २०६८ का अनुसार ५ वर्ष माथिको साक्षरता दर २०५८को तुलनामा ५४.१ बाट वृद्धि भई ६५.९ प्रतिशत अथवा ११.८ प्रतिशत वृद्धि भएको देखिन्छ । जसमा पुरुष साक्षरता दर ७५.५१ प्रतिशत र महिलाको साक्षरता दर ५७.४ प्रतिशत रहेको छ । त्यसैगरी शहरी क्षेत्रको साक्षरता दर र ग्रामीण क्षेत्रको साक्षरता दरमा भिन्नता रहेको छ । काठमाडौ जिल्लाको सक्षरता दर ८६.३ प्रतिशत र हुम्ला जिल्लाको साक्षरता दर ४७.८ प्रतिशत रहेको छ । ( सि.वि.एस, २०१२)

कुल जनसंख्याको आधा भन्दा बढी जनसंख्या रहेको महिलाहरु सामाजिक, आर्थिक तथा राजनैतिक अवस्थामा पुरुषहरुको तुलनामा पछाडी परेको पाइन्छ । पितृसत्तात्मक र मनोवैज्ञानिक सोचका कारण महिलाहरु महिलाहरुबाट नै र अधिंकाश अवस्थामा पुरुषबाट उनीहरुप्रति विभेद गरिने अवस्था विद्यमान देखिन्छ । लैङ्गिक विभेदका कारण महिलाको सशक्तिकरणमा व्यवधान उत्पन्न भएको हुँदा लैङ्गिक समानताका पक्षमा सन् ८० को दशकदेखि बहस हुदै आएको पाइन्छ । (संयुक्त राष्ट्र संघ,ई.स. १९८५)

इ.जर्ज पेइनीका अनुसार तथ्य र समाजशास्त्रको अध्ययन बिना समाजले खोजेको व्यवहार मानिसले सिक्न सक्दैन र उक्त व्यवहार नसिकेसम्म एउटा व्यक्ति समाजमा मिलेर बाँच्न गाह्रो छ । शिक्षाले सामाजिक स्तरीकरणमा प्रभाव पार्दछ । शिक्षाले व्यक्तिको जीवनको स्तरमा परिवर्तन गराँउछ । अचेलको समाजमा धन सम्पत्तिमात्र थुपारेर समाजको माथिल्लो तहमा पुग्न अति नै विध्नवाधाको सामाना गर्नुपर्दछ । समाजमा इज्जत प्राप्त गर्न वा सामाजिक गतिशिलता उकास्न वर्गीय उचाइले सहयोग नगरेर शैक्षिक गहनता वा तत्वले गर्दछ । शिक्षा र समाजशास्त्री विच गहिरो सम्बन्ध छ । समाजशास्त्रले सबै किसिमका सामाजिक सम्बन्धहरुलाई शिक्षासँग गाँसेर अध्ययन गर्दछ । त्यसकारण शिक्षाको क्षेत्र बृहत छ । समाजशास्त्र सामाजिक विज्ञान हो भने शिक्षा एउटा ज्ञानको शाखा हो तथा समाजको आफ्नै सिर्जना हो । शैक्षिक गतिविधि नै मानिसको सामाजिक गतिविधिको एउटा पाटो हो । त्यसकारण शिक्षा समाजशास्त्रको एउटा मूल शाखा जस्तो भएकोले समाजशास्त्रको नयाँ शाखा शिक्षाको समाजशास्त्र स्थापित हुदै गइरहेको छ । शिक्षा संस्कृति स्थानका कारक तत्व हो । यसले कार्यगत महत्वको अध्ययन गर्दछ शैक्षिक समाजशास्त्रले विद्यालयको संगठनको अध्ययन र विद्यालय र सामाजिक संरचना (वर्ग, परिवार, छिमेकी) को अध्ययनमा जोड दिन्छ । भविष्यमा नागरीक र अभिभावकका लागि राष्ट्रको शैक्षिक नीति आर्थिक, राजनैतिक र सामाजिक जीवनको केही महत्वपूर्ण ज्ञान र सम्बन्धबारे जानकारी गराउने काम शैक्षिक समाजशास्त्रले गर्दछ ।

## लैङ्गिक दृष्टिकोण

लिङ्गले स्त्री र पुरुषको प्राकृतिक संरचनालाई बुझाँउछ । जैविक विशेषतालाई झल्काँउदछ । यो स्थिर साँस्कृत र नैसर्गिक हुन्छ । जेन्डर भन्नाले त्यस्तो अवधारणा जुन सामाजिक साँस्कृतिक रुपले निर्माण भएको हुन्छ । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने भुमिका अलग अलग हुने गर्दछ भने लिङ्गको आधारमा महिला र पुरुष दुबैबाट समाजले केही अपेक्षा गरेको हुन्छ । वास्तवमा त्यही अपेक्षाकृत भुमिका जेन्डर हो । यसले महिला र पुरुषको सामाजिक, सांस्कृतिक अतिरिक्त आर्थिक विशेषतालाई पनि जनाँउदछ । जसरी लिङ्ग अतिरिक्त आर्थिक विशेषतालाई पनि जनाँउदछ । जसरी लिङ्ग अन्तर्गत महिला र पुरुष भनी जन्मजात निर्धारण भएर आँउदछ, त्यसै गरी जेन्डर पनि लिङ्गका आधारमा

व्यक्तिसँग जोडीएर आउने साँस्कृतिक मुल्य मान्यता भुमिका तथा विशेषताको समष्टिगत रुप हो (चौलागाई, पोखरेल, सापकोटा, २०६०)

वास्तवमा महिला र पुरुषविच एउटामात्र विभेद छ । जसलाई हामीले कुनै पनि हालतमा परिवर्तन गर्न सक्दैनौ त्यस देखि बाहेक अन्य कुराहरु तथा भेदभावलाई मेटाउन सकिन्छ । लैङ्गिक समानताको अर्थ दुई लिङ्गहरु बीच भएको भेदभावको अन्त्य हो । तर हाम्रो पुरुष प्रधान समाज जहाँ महिलालाई घरभित्रकै थुप्रै घरेलु कामहरुमा अल्झाई महिलाहरुलाई असल महिला सीता सावित्रीको रुपमा दिई पालिएका पुरातन सामाजिक अवधारणामा उतारी पुरुषको तुलानामा महिला कोमल, लचिलो, सहनशील, ममतामयी, स्नेही भनी पुरुष सरह सही निर्णय गर्न नसक्ने भनी झुम्राको पुतली बनाउदै महिलाको क्षमतालाई दबाउदै आइएको छ र आज पनि त्यही सोच कायम रहीरहेको पाइन्छ । महिलालाई जन्मैदेखि गरीने लैङ्गिक  भेदभाव, स्वतन्त्र निर्णय गर्ने अधिकारबाट बञ्चित गरीनु महिला छोरी हुँदा बाबुको अधिनमा, युवा हुँदा पतिको अधिनमा, बृद्ध अवस्थामा पुत्रको अधिनमा राख्नुपर्छ भन्ने भनाईले निरन्तरता पाइरहेको छ । (मनुस्मृती)

## १. महिलावादी सिद्धान्त

महिलावादी सिद्धान्तको विकाश १९६० को दशकबाट व्यापक रुपमा विकाश भएको पाइन्छ । जसले महिलाको सामाजिक आर्थिक राजनैतिक पक्षलाई बुझ्ने प्रयास गर्दछ । महिलावादको परिभाषा विशेष सर्वमान्य नभएपनि यसको रुप समयअनुसार बदलिन्छ अथवा यसको रुप समाजको आर्थिक, सामाजिक स्थिती समझदारी र चेतना वा शिक्षामा निर्भर गर्दछ । यसको प्रयोग १७ औ शताब्दीमा प्रयोग हुँदा यसको विशेष अर्थ भएको थियो तर पछि परिवर्तन हुदै गएको छ वा वर्ग पृष्ठभुमि शिक्षा र चेतनास्तर अनुसार भिन्न भिन्न ठाँउमा भिन्न भिन्न अभिव्यक्ति पाइन्छ । महिलावाद सम्बन्धमा विभिन्न मतान्तर छन् जसमा एउटा परिभाषा यसरी गर्न सकिन्छ । समाजमा काम गर्ने ठाँउमा, परिवारमा हुने महिला माथि हुने गरेका दमन एवं शोषण विरुद्ध चेतनाको विकास र महिला पुरुष एवं दुवैद्धारा यो अन्यायपूर्ण अवस्था बदल्ने दिशामा जागरुक सक्रियता नै महिलावाद हो ( भासिन, २०००)

नेपाली नारीलाई छोरी पत्नी तथा आमाको रुपमा हेरिन्छ । उनलाई आफ्नो स्वतन्त्र पहिचानको रुपमा चिनिदैन । उनीहरुलाई घर र खेतबारीमा सीमित गरीन्छ । उनीहरुलाई सामाजिक जीवनमा अग्रसर हुन बाधा उत्पन्न गरीन्छ (आचार्य, २०६१)

हाम्रो जस्तो धार्मिक एवं सांस्कृतिक विविधता भएको देशमा महिलाको अवस्थामा परिवर्ततन ल्याउन सहज छैन । जब एउटा किशोरी विवाहका लागि योग्य हुन्छिन् त्यतिबेला आफ्नो कर्तव्यका बारेमा बोध गर्छिन्, किनकी ति नारीलाई सधै पुरुषको अधिनमा रहनुपर्दछ भन्ने सिकाइन्छ तर छोरासरह पैत्रीक सम्पतिमा छोरीलाई पनि अधिकार छ भन्ने कुरा सिकाइदैन ।

महिलावादी सिद्धान्त महिलाको सामाजिक परिवेश हक अधिकार, वास्तविक स्थिती आदिका बारेमा विभिन्न विद्धानहरुको र विचारहरुको मत हो ।

महिलावाद भनेको राजनीतिक आर्थिक र सामाजिक रुपमा महिला तथा पुरुष बीच समानता हुनुपर्छ भन्ने सिद्धान्त हो । यो नै सबै महिलावादी सिद्धान्तको गाँठी कुरा हो। यही परिभाषाको कारण कहिले काही यसलाई 'मूल महिलावाद कोर फेमिनिजम्' वा 'मूल महिलावादी सिद्धान्त कोर फेमिनिस्ट थ्योरी' समेत भन्ने गरिएको छ । विभिन्न विद्धानहरु र विचारकहरुको मत हो जुन यसप्रकार छन् :

**क) आमुल महिलावाद**

यस्तो समाजमा रहेका संगठन र संस्थाभित्र दमन प्रणाली हुने कुरा र यसको जड आधारभूत प्रणाली नै पितृसत्ता हो । जसले महिलाको शारिरीक शक्ति पुरुषभन्दा कम मात्र हो नभनी महिलालाई पुरुष नियन्त्रित र निरीह प्राणीका रुपमा राख्नमा लाग्ने मान्छेको भित्रि स्वार्थ रहने गर्दछ । जसमा महिलालाई दमन गरीएको र त्यसभित्र अन्तर सास्कृतिक विविधताहरु माथि ध्यान पुर्‍याएको हुन्छ । आमुल नारीवादको केन्द्रिय अवधारणा पितृसता हो । नारी पुरुषको रुची बेग्लाबेग्लै भएपनि यिनीहरु दुई विचको असमानता हटाउनु शक्ति, सम्पत्ति सामाजिक प्रतिष्ठा आदिमा समान रुपमा महिला सहभागी गराउनु पर्छ जुन पुरुषले चाहदैनन्न महिला दमन र विभेदको मुल थलो परिवार नै हो । महिला हुनु आफैमा दुर्भाग्य होइन यिनीहरुमा पनि कतिपय विशेषताहरु छन् तर पितृसत्तात्मक व्यवस्थाले ती

विशेषतालाई कदर गर्न कन्जुस्याई गरेको छ । यस पितृसतात्मक व्यवस्थाले गर्दा महिलाहरु हरेक क्षेत्रमा थिचोमिचोमा परेका छन् । (चौलागाई, पोखरेल, सापकोटा, २०६०)

### ख) मार्क्सवादी महिलावाद

सन् १८८४ मा प्रकाशित फ्रेटरिस एंगेल्सको पुस्तक परिवार निजी स्वामित्व र राज्यको उत्पति भन्ने मार्क्सवादको मुख्य आधार मार्क्सवादी महिलावाद हो । जसले समाजका दुई परम्परा अर्न्तविरोधात्मक वर्गवीचको सम्बन्धमा जोड दिन्छ । महिला मुक्तिका लागि गरीने संघर्ष पुरुष विरुद्धको संघर्ष होइन बरु यो त पूजीवादी व्यवस्था र सम्पूर्ण पूँजीवादी सम्बन्धको विरुद्धको संघर्ष हो । वर्ग संघर्षले मात्र लैङ्गिक असमानताको अन्त्य गर्न सक्छ । निजि स्वामित्वको अन्त्य गरेपछि मात्रै महिला र पुरुष विचको असमनता अन्त्य हुन्छ । पुरुषद्धारा महिलामाथि हुने दमनको घनिष्ट सम्बन्ध पुँजीसँग छ किनभने पितृसत्ता र पुँजीवाद परस्पर सहायक हुने गर्दछन् । (चौलागाई, पोखरेल, सापकोटा, २०६०)

मार्क्सवादी महिलाहरु र पुरुषविचको सम्बन्ध वैज्ञानिक आधारमा विश्लेषण गर्दछन् । जसको महिलाहरुमाथि रहेका सामाजिक, आर्थिक तथा सांस्कृतिक विभेदहरुको अन्त्य गरी उत्पादन शक्तिको पहुँच बढी मजबुत गर्नुपर्ने तथ्यमा जोड दिन्छन् । महिलाहरुमा भएको ज्ञान सीप र क्षमताको प्रयोग गर्नुपर्दछ । मार्क्सवादी महिलावाद अनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्नु जरुरी छ त्यसरी नै लैङ्गिक आधारमा गर्नु आवश्यक छ । ( आचार्य, २०५९)

### ग) समाजवादी महिलावाद

समाजवादी महिलावादलैङ्गिक दमनको लोकप्रिय पक्ष हो । यसले आमूल नारीवाद र मार्क्सवादी नारीवादका मान्यतालाई संलेषणात्मक रुपबाट विश्लेषण गर्दछ । यसले मार्क्सवादको वर्गदमन र आमूल नारीवादको लैङ्गिक उत्पीडनलाई संश्लेषात्मक रुपमा विश्लेषण गरी महिलाले भोग्नुपरेको अधीनता विभिन्न ठाँउ र परिवेशमा के कति समानता र असमानता छ भनी मापन गर्न चाहन्छ । समाजवादी महिलावादले वर्ग र लैङ्गिक दमनलाई मात्र हेरिनु हुदैन । किनकी समाजमा विभिन्न स्वरुपहरु विभिन्न वर्गमा फरक फरक तरीकाबाट अन्तनिर्हित भएर रहेको हुन्छन् । समाजमा विभिन्न जाती, प्रजाति, धर्म, उमेर, लिङ्ग, यौनिक, रुचिव्यापी एवं शब्दीय तहको स्थिती आदिका आधारमा व्याख्या एवं

विश्लेषण गरीनुपर्छ भन्ने कुरालाई जोड दिन्छन् । यसप्रकार समाजवादी महिलावादले सामाजिक दमन र लैगिक दमनका साथै वर्ग दमनलाई दमनको प्रणालीको खोज गर्ने आधारका रुपमा लिई महिलामाथि हुने गरेका विभिन्नतालाई पूँजीवादी पितृसत्ताले भन्दा बढी राम्रो सँग देखाएको छ । सबै ठाँउका महिलाहरुमाथि समान तरीकाले दमन गरीएको छ भन्ने कुरामा यसले विश्वास गर्दैन । (चौलागाई, पोखरेल, सापकोटा, २०६०)

### घ) उदारवादी महिलावाद

महिला मुक्ति र स्वतन्त्रताका सम्बन्धमा उदार महिलावादी सैद्धान्तिक विश्लेषणले सामाजिक साँस्कृतिक मान्यताले समाजमा कार्य विभाजनको स्वरुप निर्धारण गरेको छ । भन्ने मान्यता राख्छ । महिला पुरुष सरह सबै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन् उनीहरुको स्वतन्त्रतालाई बढुवा दिनसके महिला मुक्तिका प्रयासहरु सार्थक रहन सक्छन् भन्ने मान्यतामा जोड दिन्छ साथै महिलाको विकास र मुक्तिका लागि पुरुषहरुको भूमिका र संलग्नतालाई सकारात्मक रुपमा लिन्छ ।

असमान श्रम विभाजनले महिला पुरुष दुवै समान रुपमा पीडिन छन् । विभेदको कारण महिलाले समान अवसर प्राप्त गर्दैनन् र लाभमा पनि असमानता हुन्छ । उदारवादी महिलावादमा क्रान्तिकारी परिवर्तनले भन्दा प्रजातान्त्रिक पक्रियाले समाज सुधार गर्न जोड दिन्छ । जसले महिलालाई उच्च तहको पदमा रहेर काम गर्ने स्थितीको श्रृजना गर्दछ । ( आचार्य, २०६१)

पितृसतात्मक व्यवस्थामा पुरुषहरुको स्थान उच्च हुन्छ भने महिलाको स्थान निम्न । पुरुषका हातमा सामाजिक, आर्थिक, धार्मिक शक्ति हुन्छ भने महिलाहरु शक्ति र अधिकारबाट वञ्चित हुन्छन् । जसमा नारीहरु पुरुषको इच्छा र चाहना अनुसार दविएका, शोषिएका हुन्छन् । नेपालको सन्दर्भमा महिलाहरु पुरुषसरह सामाजिक आर्थिक र साँस्कृतिक अधिकारबाट वञ्चित छन् भने अमेरिका जस्तो विकसित मुलुकमा पनि महिलाको पुरुष समान पहुँच छैन । संसारका विभिन्न मुलुकहरुमा महिला माथि दमन गरिएको पाइन्छ । ( अर्याल, २०६२)

पुरुष र महिला बिचमा असमानताका धब्बाहरु सलबलाएको हिन्दु धर्ममा पनि पाइन्छ । एउटै मार्गबाट जन्मेको पुरुष र महिला बिचमा पनि देवता र सामान्य व्यक्तिको

व्यवहार हुनु पर्ने कुरालाई जोड दिइएको देखिन्छ । धार्मिक ग्रन्थहरुका अनुसार पुरुष महिलाको स्वामी र देवता हो । पुरुषद्वारा महिलाले मुक्ति पाउन सक्छन् । एउटी महिलाको श्रीमान जीवीत हुन्जेल उनको तीर्थस्थल श्रीमान, धार्मिक कार्य भनेको श्रीमानको सेवा गर्नु हो । पुरुषको इच्छा विपरित केही गर्न नहुने, स्वतन्त्र हुन नपाउने, आज्ञाकारी कर्तव्यपरायण हुनु पर्ने कुरालाई जोड दिएको छ (श्रेष्ठ, चौलागाइ, सापकोटा, २०६६) ।

विं.सं. २०१७ सालमा राजा महेन्द्रबाट प्रजातान्त्रिक सरकारलाई विघटन गरी गरी दलविहिन पञ्चायति व्यवस्थाको सुरूवात भइसकेपछि नेपाली महिला आन्दोलन त्यसबाट प्रभावित हुन पुग्यो । सन् १९७५ मा मेक्सिकोमा भएको पहिलो अन्तराष्ट्रिय महिला सम्मेलनमा नेपाली महिला प्रतिनिधी मण्डलले भाग लिएको थियो । जसको फलस्वरूप चार विकास क्षेत्रमा तालिम केन्द्रको स्थापना, नारी सेवा समन्वय परिषदको स्थापना भयो । मूलुकी ऐनमा सुधार गरी छोरीले ३५ वर्ष सम्म अविवाहित बसेमा छोरा सरह सम्पत्ती पाउने कानूनी व्यवस्था गरियो । यसैगरी सन् १९८५ मा नैरोबीमा तेस्रो विश्व महिला सम्मेलनमा नेपालको सहभागिता रहयो । सन् १९८७ मा महिला विकास विभागको गठन भई यसको महिला विकासको कार्यक्रमहरू गर्न थाल्यो । सन् १९९७ मा विभिन्न गैरसरकारी संस्थाहरूबीच समन्वय राख्ने उदेश्यले महिला सेवा समन्वय समिती गठन गरियो । यसै समयमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्थापना भएको शैक्षिक तथा प्रशासनिक अनुसन्धानमा केन्द्र अन्तर्गत रहेर महिला सम्बन्धी विभिन्न अनुसन्धानहरू भयो । यस मध्यमा डा. मिना आचार्य र लीन विनेट द्धारा विभिन्न चरणमा आन्दोलन गरेर महिला सम्बन्धी अध्ययन भए (आचार्य, २०६७) ।

नवौं योजना (२०५४-२०५९) मा उल्लेख गरेअनुसार नीति तहदेखि कार्यन्वयन तहसम्म लैङ्गीक चेतना ल्याउने प्रचार - प्रसार शिक्षा र तालिम को संस्थागत व्यवस्था गरिने नीति राखिएको छ । महिलाहरूको शैक्षिक स्तर वृति गर्नको लागि औपचारिक तथा अनौपचारिक शिक्षाको पहुँचमा अभिबृद्धि गर्न छात्रवृति महिला शिक्षिका, प्राविधिक शिक्षा विशेष सुविधाको व्यवस्था जस्ता निति तथा कार्यक्रमहरू कायम राखि यी कार्यक्रमहरूको विस्तार, पहुँच तथा प्रोत्साहनमा जोडदिइने नीति पनि राखिएको थियो । यस योजनामा शिक्षामा महिला सहभागीता वृद्धि गर्ने महिला शिक्षाको पहुँच तथा विस्तारका लागि प्रोत्साहन गर्ने नीति राखिएको छ (हाडा, २०५७) ।

सबै क्षेत्रगत मन्त्रालयहरूको लैङ्गीक समानताको दृष्टिकोणबाट आफ्नो सम्पूर्ण कार्यक्रमको समीक्षा गरी त्यसलाई आवश्यकता अनुसार पुन संरचना गर्नुपर्दछ भन्ने सोचलाई १० औं योजनाले अगाडि बढाउने प्रयत्न गरेको छ । यसले शिक्षालाई लैङ्गिक समानता र महिला सशक्तिकरणको उदेश्य प्राप्त गर्न सर्वाधिक सशक्त माध्यम हो भन्ने दृष्टिकोणलाई अवलम्बन गर्दै महिला साक्षरता र शिक्षामा विशेष जोड दिएको छ (न्यौपाने, २०६०) ।

गुणस्तरीय जीवन प्राप्तिको सवालमा तगारोको रूपमा नेपालमा शिक्षाको स्थिती देखा परेको छ । पारिवारिक जीवनलाई योजनाबद्ध रूपले सञ्चालन गरी मानवीय जीवन सुखमय बनाउनको लागि अधिकांश परिवारका संरचनात्मक अवधारणाबाट हेर्दा पितृसत्तात्मक सामाजिक बनोटले गर्दा नै महिला शिक्षामा पछाडि परेका छन् । संरचनात्मक अवधारणाले लैङ्गिक विभेद अर्थात महिला तथा पुरूषविच सृजना गरिएको सामाजिक भेदभावलाई केलाउँछ । घरपरिवार, समाज वा समुदायमा पुरूषले के के गर्न नहुने र महिलाले के के गर्न हुने र नहुने भन्ने नियम, यी नियमले महिला तथा पुरूष दुवैलाइ बाँधेको छ । तर स्वतन्त्रताको हकमा पुरूषलाई बढी अधिकार र मान्यता प्रदान गरेको छ । उक्त अधिकार र मान्यता दिनुका पछाडि पनि केही सांस्कृतिक व्यवहारिक आधारहरू छन् । तर ती आधारहरूलाई बालिका तथा महिलाहरूको भूमिकालाई न्यून देखाउन मद्दत गरिरह्यो । जसको फलस्वरूप शिक्षा जस्तो अधिकारबाट पनि बालिका तथा महिलाहरूलाई बञ्चित हुनुपऱ्यो । यिनै सामाजिक संरचनात्मक अवधारणासँग गरिएको मनौवैज्ञानिक कारण पनि हुन जसले गर्दा महिला तथा बालिका शिक्षाबाट पछि परे (आचार्य, २०६१) ।

आदम स्मिथ सबै मानिसको लागि न्युनतम साधारण शिक्षाको व्यवस्था गर्नुपर्ने उल्लेख गरेका छन् । यस सम्बन्धमा एम.जे. एडलर भन्दछन् । "औद्योगिक प्रक्रियाका लागि चाहिने सीपको विकास सेवा लिने रूपमा उद्योगहरूले नै गर्नुपर्दछ , न कि विद्यालय वा कक्षाकोठामा, विद्यालयको प्रथम कक्षादेखि कलेजसम्मको शिक्षा" व्यक्तिको जीवनको स्वतन्त्र र खुसी बनाउने खालको हुनु पर्दछ'' ।( शिक्षा जगतको पत्रिका, २०६४)

नेपालमा पुरूषको दाँजोमा महिला साक्षरता दर १७.७ प्रतिशत कम रहेको छ । जब कि नेपालको कुल जनसंख्यामा ५१ प्रतिशत महिला छन् । सबैका लागि शिक्षालाई सहयोग गर्न ल्याइएको विद्यालय क्षेत्र सुधार कार्यक्रमले साक्षरता र निरन्तरता शिक्षाको नीति त

लिएको छ । तर त्यसको लागि कार्यक्रमिक रणनिती बनाएको पाइदैन । यद्यपी गैरसरकारी क्षेत्रबाट महिला शिक्षाका लागि उदाहरणीय कार्यक्रम सञ्चालन हुन थालेको छन् । त्यसैले होला बन्दै गरेको नयाँ संविधानमा महिला साक्षरताको सबाल सम्बोधन हुनु पर्ने महिला सभासद र अधिकारकर्मीको माग छ (सिलवाल, २०६७) ।

शिक्षामा महिला सहभागीतालाई प्रोत्साहित गर्ने निति अनुरूप आर्थिक वर्ष २०५२ /५३ मा २१ हजार ७७६ छात्रालाई प्राथमिक विद्यालय छात्रवृत्ति तथा माध्यमिक तहतर्फ ९ हजार ९५५ जनालाई स्थानीय विद्यालय छात्रवृत्ति प्रदान गरिएको थियो भने आर्थिक वर्ष २०५३ / ५४ मा २९ हजार ५५८ छात्राहरूलाइ प्राथमिक विद्यालय छात्रवृत्ति प्रदान गर्न कार्यक्रम राखिएको थियो । यसबाहेक आ.व. २०५३ /५४ मा १० वटा दुर्गम जिल्लाको सम्पूर्ण छात्रालाइ प्राथमिक छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम पनि राखिएको थियो (हाडा, २०५७) ।

हाम्रो समाजमा के सोचिन्छ भने महिलाको जीवनमा शिक्षाको कुनै प्रयोग हुनेछैन । किनकी एउटी महिलाले आफ्नो घरबाहिर अर्थात बाहिरी संसारमा काम गर्न पाउदैनन् । जसबाट उसले आर्जन गरेको सीप पनि ऊ विर्सदै जानेछन् । शिक्षालाई यहाँ के कुरामा मात्र लिइन्छ भने यदी महिला शिक्षित भए भने उसले बढी पढेलेखेको केटो पाउछ अथवा यसको विबाह राम्रो घरमा हुन्छ । महिलाहरुले खेतमा काम गरी पैसा आर्जन गर्नुको वदलामा पैसा र समय खर्च गरेर अनुपयोगी कार्य गर्नु बेकारको कुरा हो'' । (Status of Women in Nepal, Volume II)

सामाजिक साँस्कृतिक परिवर्तनको प्रमुख कारक तत्व शिक्षा हो । जसले मानिसको चेतना र मनोवृतिमा परिवर्तन ल्याँउदछ । सामाजिक सम्बन्धहरुमा पनि परिवर्तन ल्याँउदछ । शिक्षाको प्रमुख उदेश्य भनेको मानिसको व्यक्तित्व, जीवन र जीवनशैलीमा परिवर्तन ल्याउनु हो । शिक्षाबाट मानिसको सामाजिक र सांस्कृतिक धरातल निर्माण हुने र परिवर्तन हुने गर्दछ । आदिम ऋषिकुल, देवकुल, राजकुल, पितृकुल र गुरुकुल युगमा शिक्षा सामाजिक परिवर्तन भन्दा सामाजिक नियन्त्रणको माध्यम थियो । तर वर्तमान युगमा शिक्षा सामाजिक र साँस्कृतिक परिवर्तनको सशक्त माध्यम भएको छ । विज्ञान, शिक्षा, व्यवसायिक शिक्षा तथा अनेकौ प्रकारका विशेषीकृत क्षेत्रको शिक्षा भन्ने बुझिन्छ ।

समाजशास्त्री फ्रान्सिस जे. ब्राउनका अनुसार शिक्षा त्यो प्रक्रिया हो जसले सामाजिक व्यवहारमा परिवर्तन ल्याँउदछ । आधुनिक शिक्षाले मानिसको मनोवृति दृष्टिकोणमा परिवर्तन ल्याँउदछ । परम्परागत अन्धविश्वास रुढीवादी, कुरीति, अभौतिक संस्कृति माथिको विश्वासमा परिवर्तन ल्याँउदछ । भूतप्रेत, देवी देउराली, बोक्सी र आत्मा जस्ता रुढीवादी कुरामा विश्वास हटदै जान्छ र गइरहेको आभाष हुन्छ । मानिस संकुचित विचार धारणा र उदार आदर्शतिर अग्रसर हुन्छ । शिक्षाले नै विकाशोन्मुख मुलुकमा समाजमा महिलाको स्थितिमा परिवर्तन आँउदछ । शिक्षाबाट नै सामजिक परिवर्तन आँउदछ र विकाशको अवस्था निर्धारण गर्दछ । शिक्षाले सामाजिक गतिशिलतामा वृद्धि गर्दछ । उद्योग र प्रविधिमा दक्ष जनशक्ति प्राप्त गर्दछ । आधुनिक युगमा शिक्षा नै त्यो माध्यम हो जसले मानिसको सामाजिक स्थिति, पद प्रतिष्ठा र स्तरलाई निर्धारण गर्दछ । समाजशास्त्रीहरु के भन्दछन् भने विकाशोन्मुख मुलुकहरुका निम्ति शिक्षा विकसित सामाजिक स्थितिमा पुर्‍याउने मूल खाका हो । (रायमाझी, २०६१)

देशको आधा हिस्सा ओगटेको महिलाहरूमा शिक्षा तथा चेतनाको अभाव पाइन्छ । अहिलेको परिप्रेक्ष्यमा महिला शिक्षा राष्ट्रको जल्दोबल्दो समस्याको रूपमा खडा भएको छ । यदि महिला शिक्षित तथा चेतनशील भए देश विकासले गतिशील र मूर्त रूप लिन सक्छ । महिलामा आइपर्ने विभिन्न साना - ठुला समस्यालाई सम्बन्धित निकायमा पुऱ्याएर यसलाई टुङ्गो लगाउन सक्ने सामर्थ्य महिला वर्गमा सृजना हुनुपर्छ । सानातिना दुःख तथा समस्यामा नै अल्झिएर बस्नु हुँदैन । सधै पुरूषहरूबाट थिचिएर पिल्सिएर, अपहेलित भएर, शोषित भएर बस्ने हो भने महिलाहरू कहिल्यै पनि आफ्नो व्यक्तित्व विकास गर्न सक्दैनन् । तसर्थ महिलाहरुमास्वयं सिर्जनशिलताको विचार आत्मादेखि प्रष्फुटन आवश्यक छ । शिक्षित वर्गले मात्र आफुमाथी भएको शोषण, दमनको प्रतिकार गर्न सक्छन् । यसरी समाजमा नारीमाथी हुने शोषण, दमन, उत्पीडनको विरुद्धमा आवाज उठाउन नारी चेतनाको खाँचो पर्दछ । गाउँमा बसोबास गर्ने अधिकांश महिलाहरु शिक्षाको उज्यालो ज्योतिबाट बञ्चित छन् । यसले गर्दा हामीले शहरलाई भन्दा गाउँलाई प्राथमिकता दिनुपर्दछ । गाउँको महिलाहरुलाई शिक्षा दिएर अघि बढ्ने उत्प्रेरणा दिनु पर्दछ । अनिमात्र देश विकासको कल्पनाले साकार रुप लिनेछ । अन्यथा महिला वर्गको सक्रियताको अभावमा देश विकास न्यून हुदै जान्छ (महिला शिक्षा गतिविधि, २०५४) ।


विश्वमञ्चमा नेपाल एउटा सुक्ष्म बहुजातीय, बहुभाषिक र बहुसास्कृतिक, सामाजिक प्रणाली भएको राष्ट्रको रुपमा पहिचान रहेको छ । यहाँ ९५ वटा भाषाहरु बोलिन्छ भने १०० भन्दा वढी साँस्कृतिक समुहहरु रहेका छन् । यी सामाजिक, साँस्कृतिक तथा भाषिक विविधता पनि महिला शिक्षाको तगारोको रुपमा रहेका छन् । अझ पनि महिला र पुरुषको साक्षरताको अनुपातको विचको दुरी १७.७ प्रतिशत कायमनै रहेको छ । वर्तमान शैक्षिक परिवेशको विश्लेषण गर्दा शिक्षाको क्षेत्रमा साक्षरता दर, भर्ना प्रतिशत, पढाइ निरन्तरता, रोजगारी अवसर तथा उपलब्धि स्तरको दृष्टिकोणबाट समेत महिला र पुरुष, छात्र र छात्रा विचको विभेददुरी स्पष्ट रुपमा देखिन्छ । त्यस्तै व्यवस्थापन तहसम्म पनि महिला सहभागिता अतिनै न्यून रहेको छ । यसले के संकेत गर्छ भने समाजमा महिलाले अझै पुरुषसरह समान अवसर उपयोग गर्न पाएका छैनन् । उनीहरु धेरै समय काम गर्दछन् तर कम ज्याला पाउछन् । जीवनमा प्राप्त अवसरको उपभोग गर्न तथा ति अवसरहरु छनोट गर्न उनीहरु पुरुषको तुलनामा बढीनै बञ्चित छन् (सिंन्हा, २०६४) ।

महिला र पुरुषको भेदभाव कमगर्न महिलालाई पुरुषसरह समान अधिकार प्रदान गर्न सर्वप्रथम सन् १९१० मार्च ८ तारिखका दिन चीन, ब्राजिल, डेनमार्क, गणतन्त्र र संयुक्त राज्य अमेरिकामा केही प्रबुद्ध महिलाहरुले संयुक्त रुपमा संगठीत भएर महिलाहरु माथि भेदभावपूर्ण व्यवहारको सम्बन्धमा रहेको प्रयासलाई कदर गर्दै प्रत्येक वर्ष सोही मार्च ८ तारिखलाई स्मरण गर्दै नारी दिवस मनाउन थालिएको हो । (म.बा.तथा स.क.म., २००८)

## २.२ अवधारणात्मक ढाँचा

महिला शिक्षामा धेरै कारक तत्वहरुले प्रभाव पारिरहेको हुन्छ । विभिन्न कारणहरुले गर्दा आमाबाबुले छोरीको शिक्षामा असमान व्यवहार गरीरहेका हुन्छन् । पारिवारिक संरचना आदिले बालिका शिक्षाको स्तरमा प्रभाव पारेको हुन्छ । जसमा यो क्षेत्रका महिलाहरुमा पनि प्रभाव पारेको छ । राजनैतिक, सामाजिक, साँस्कृतिक, आर्थिक धार्मिक र मनोवैज्ञानिक पक्षले शिक्षामा प्रभाव पारिरहेका हुन्छन् ।

तालिका नं. १




माथि उल्लेखित धार्मिक पक्ष, राजनैतिक पक्ष, मनोबैज्ञानिक पक्ष,आर्थिक पक्ष, सामाजिक पक्ष तथा सास्कृतिक पक्ष महिला शिक्षालाई प्रभाव पार्ने तत्वहरुको विचमा एकअर्कासँग सम्बन्ध रहेको हुन्छ । तैपनि यस अध्ययनमा केवल विभिन्न पक्षहरुले महिलाको शिक्षामा पार्ने असरलाई मात्र हेर्न खोजिएको हो । यस अध्ययनबाट शिक्षाले महिलाको दैनिक तथा पारिवारिक जीवनमा प्रत्यक्ष प्रभाव पारिरहेकै हुन्छ ।

# अध्याय-३

## ३.१ अध्ययन क्षेत्रको छनौट

प्रस्तुत शोधपत्र अनुसन्धानका लागि यस अध्ययन क्षेत्रको रुपमा गण्डकी अञ्चलको लमजुङ्ग जिल्ला अन्तर्गत पर्ने मध्यनेपाल नगरपालिकाको वडा नं. १ लाई लिएको छु । पहाडी जिल्लामा पर्ने भिरालो खालको भू–भागमा पर्ने यस स्थल विकासको दृष्टिकोणले नत सुगम नत दुर्गम खालको गाँउ हो । यस वडामा विभिन्न खालका मिश्रित जातजाति जस्तै बाह्मण, क्षेत्री, खवास, घर्ती, सुनार, भुजेल, वि.क, सार्की, गुरुंङ्ग , परियार तथा नेवार समुदायको  मिश्रित खालको बसोबास रहेको छ । यस वडा विजुली बाटो, यातायात तथा खानेपानीको हिसाबले सुगम भएपनि यहाँ बसोबास गर्ने महिलाको शैक्षिक अवस्थाको बारेमा आज सम्म कुनैपनि व्यक्ति संघ संस्था वा सरकारबाट अध्ययन नगरेको अवस्था छ । त्यसैले यहाँ बसोबास गर्ने महिलाले शिक्षालाई निरन्तरता दिन नसक्नाका कारणहरु पत्ता लगाउने उद्देश्यले यही क्षेत्रका महिलाहरुलाई अध्ययन क्षेत्रका रुपमा लिएको छु र म स्वंय यहाँको स्थानिय वासिन्दा भएकोले यस वडाका सम्पूर्ण सदस्यहरुसँग सहसम्बन्ध स्थापित गर्न सजिलो हुने र तुलनात्मक रुपमा अन्य क्षेत्रमा गएर अध्ययनमा गर्नुभन्दा कम खर्चमा प्रभावकारी तरिकाले अध्ययन सम्पन्न गर्न सकिन्छ भन्ने विश्वास राखेर यो क्षेत्र छनोट गरेको हुँ ।

## ३.२ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययन महिला शैक्षिक गतिविधि र त्यसमा महिलाहरुलाई परेको प्रभावको बारेमा अध्ययन गरीएको छ । यो अनुसन्धान, अध्ययनमा वर्णनात्मक र विश्लेषणात्मक, अनुसन्धान ढाँचाको प्रयोग गरीएको छ । जसमा महिलाहरु के कस्ता कारणले शिक्षामा पछि परेका छन् तथा उनीहरुले शिक्षालाई निरन्तरता दिन नसक्नुका कारणहरु र यस वडामा रहेको महिलाको शैक्षिक यथास्थितीलाई वर्णन गरीने भएकोले बढी मात्रामा वर्णात्मक पद्धतीको प्रयोग गरिएको छ ।

## ३.३ अध्ययनको समग्रता र नमुना छनौट

अध्ययनको लागि लमजुङ्ग जिल्लाको पश्चिममा पर्ने मध्यनेपाल नगरपालिका वडा नं. १ मा बसोबास गर्ने विभिन्न जातजातिको विवाहित महिलाहरु अथवा १५ वर्ष भन्दा माथि र ६५ वर्ष भन्दा मुनीका विवाहित बुहारीलाई मात्र समावेश गरिएको छ । यस वडामा ५७० घरधुरी रहेका छन् । जसमध्य विभिन्न जातजाति जस्तै बाह्मण, क्षेत्री, खवास, घर्ती, सुनार, भुजेल, वि.क, सार्की, गुरुङ्ग, परियार तथा नेवार समुदायको मिश्रित खालको बसोबास रहेको छ । यस अध्ययनमा सबै घरधुरीलाइ समेट्न नसक्ने भएकोले आकस्मिक नमुना छनौट विधि अपनाइएको छ । जसमा सबै जातजातिका महिलाहरु गरी ५७ जना महिला उत्तरदातासंग अन्तवार्ताका क्रममा सही उत्तरको अपेक्षाका साथ तथ्याकं संकलन गरियो ।

## ३.४ तथ्यांकको स्रोत र प्रकृति

यस अध्ययनमा प्राथमिक स्रोतका साथै द्वितीय स्रोतको पनि प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अध्ययन क्षेत्रमा गएर सूचनादातासँग अन्तर्वार्ता, स्थलगत अवलोकन, सम्बन्धित व्यक्तिहरुसँगका अन्तर्वार्ताबाट आएको जानकारीलाई सङ्कलन गरिएको छ, भने दोस्रो तहको तथ्याङ्कको रुपमा केन्द्रिय तथ्याङ्क विभाग, न. पा. को कार्यालयबाट प्राप्त रेकर्ड, विभिन्न विद्वानहरुबाट लेखिएका प्रकाशित कृतिहरु शोध ग्रन्थ र सम्बन्धित पत्रपत्रिका, लेख, रचना, प्रतिवेदनलाई लिइएकोछ । यो अध्ययन एक सामाजशास्त्रीय अध्ययन भएकोले गुणात्मक सूचनालाई प्राथमिकता दिदै सङ्ख्यात्मक विवरणलाई सहयोगी सूचनाका रुपमा सङ्कलन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

अध्ययन क्षेत्रका महिला नै प्राथमिक स्रोतको रुपमा लिइएको छ । अनुसन्धानकर्ता स्वंयमले वास्तविक अध्ययन स्थलमा गएर आफ्नो विषयसँग सम्बन्धित व्यक्तिहरुसँग प्रत्यक्ष रुपमा अन्तवार्ता, प्रश्नावली वा अवलोकनको माध्यमबाट तथ्यांक संकलन गरिएको छ ।

### ३.४.२ द्धितिय स्रोत

यस अध्ययनको द्धितिय स्रोतका रुपमा विभिन्न जातजाति, समुदाय, सम्बन्धित पुस्तक, पत्रिका, लेख, कृति तथा शोधग्रन्थ, सन्दर्भ सामाग्रीहरु आदी रहेका छन् । यी द्धितिय स्रोतहरुमा सम्बन्धित पुस्तकालय, कार्यालय तथा अन्य पत्रपत्रिका रहेका छन् । जसबाट अध्ययनसँग सम्बन्धित शैक्षिक जानकारी मात्र लिइएको छ ।

## ३.५ तथ्यांक संकलन विधि

कुनै पनि खोज अनुसन्धान्धानबाट तार्किक निष्कर्ष निकाल्न सत्य तथ्य तथ्यांकको आवश्यकता पर्दछ । प्रस्तुत शोधपत्र तयार पार्न निम्न लिखित विधि अपनाइएको छ ।

### ३.५.१ अन्तर्वार्ता तथा प्रश्नावली

उत्तरदाता महिलाको घरमा नै गएर प्रश्नोत्तरको माध्यमबाट अध्ययन गर्ने तथा तथ्यांक र जानकारी लिने विधिलाई अर्न्तवार्ता भनिन्छ । यस अध्ययन क्षेत्रमा रहेका मध्य आकस्मीक विधिबाट ५७ जना महिला उत्तरदाताको छनोट गरी त्यसमा पनि ५७ जना बुहारी महिला सँगको अर्न्तवार्ता तथा प्रश्नावलीको प्रयोग तथा केही जानकार व्यक्तिहरुसँगको, कुराकानीको माध्यमबाट विभिन्न जातजातिका महिलाहरुको शैक्षिक अवस्थाको बारेमा सुचना र तथ्यांक संकलन गरिएको छ ।

### ३.५.२ अवलोकन

अन्तर्वार्ताबाट लिन नसकिने तर अनुसन्धानलाई सहयोग पुग्नेगरी उनीहरुको क्रियाकलाप, लवाईखवाई, घरको बनावट, उत्तरदाताको व्यवहार, हाउभाउ, उत्तरदिने शैली, उत्तर दिँदाको बखतको उत्तरदाताको अनुहार, चालचलन, रीतिरिवाज, भेषभूषा, धर्म, आदीको आधारमा उत्तरको सत्यता, परिवारमा काम गर्ने तरिका, पारिवारिक वातावरण, उत्तरदाताको मनोविज्ञान आदि जस्ता कुराको अवलोकन गरेर अनुसन्धानलाई यथार्थमूलक बनाइएको छ ।

## ३.६ तथ्याङ्कको प्रमाणीकरण र विश्वसनियता

शोधकर्ताको लागि तथ्यांकको प्रभावकारीता विष्लेषण तथा प्रस्तुतिकरणमा निर्भर हुन्छ । यो अध्ययन मूलत गुणात्मक तथा वर्णनात्मक रुपमा विश्लेषण गरिएको छ । यस

वडाका महिलाको शैक्षिक जानकारीका लागि त्यस स्थानका मुख्य जानकार तथा सामाजिक व्यक्तित्व सगँको अर्न्तवार्ता एवं प्रश्नोत्तर, छलफल र कुराकानीबाट जानकारी लिइएको छ तथा अनुसन्धानकर्ता स्वंय उपस्थित भई आवश्यक तथ्यांकहरु संकलन गरेको हुनाले पनि तथ्यांकमा विश्वसनियता रहेको छ ।

यस अध्ययनका सिलसिलामा सम्बन्धित क्षेत्रका महिलाको व्यवहारका साथै शैक्षिक पक्षलाई आधार मानेर प्राप्त गरेको तथ्यांकलाई संकलन र तालिकिकरण गरी यथार्थको चित्रण गर्ने प्रयास गरिएको छ । आवश्यकता अनुसारको तालिकाहरु निर्माण गरी उक्त तालिकामा भएको तथ्यहरुलाई संख्यात्मक र प्रतिशतको रुपमा व्याख्या र प्रस्तुतीकरण गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण

अनुसन्धानको क्रममा संकलन गरिएका तथ्यांकहरुलाई र सूचनाहरुलाई होसीयारीपूर्वक सम्पादन गरी तालिकिकरणका आधारमा क्रम मिलाएर वर्गिकरण गरिएको छ र आवश्यकता अनुसार संख्यात्मक तथ्यांकलाई तालिका प्रतिशत विधि अपनाई प्रस्तुत गरिएको छ र त्यसको विश्लेषण र व्याख्या गरिएको छ ।

## ३.८ अध्ययनको सीमा

यो अनुसन्धान विशेष गरी समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक परिपूर्तिको लागि हो । यो अनुसन्धान लमजुङ्ग जिल्ला मध्यनेपाल नगरपालिकाको वडा नं.१ लाई मात्र समेटिने छ । अनुसन्धान क्षेत्रको महिलाहरुको केवल शैक्षिक पक्षलाई मात्र समेटिने छ । अतः उदेश्यपरक क्षेत्र छनोट, सानो इकाई र छोटो समय सीमाभित्र गरिने अनुसन्धान भएकोले प्राप्त तथ्याङ्कहरुलाई समग्र देशकै महिलाहरुमा सामान्यीकरण गर्न सकिने छैन ।

यो अध्ययन परिमाणात्मक भन्दा गुणात्मक बढी छ । यो अध्ययनमा शिक्षालााई निरन्तरता दिन नसकेका महिलालाई मात्र विशिष्टिकरण गर्ने प्रयास गरिएको छ । यो अध्ययनले देशभरिका सम्पूर्ण महिलाको प्रतिनिधित्व गर्न सक्दैन ।

# अध्याय चार

# तथ्यांक, विश्लेषण तथा प्रस्तुतीकरण

## ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

अध्ययन क्षेत्र नेपालको ७७ जिल्ला मध्यमा पर्ने लमजुङ्ग जिल्लामा पर्दछ । यो जिल्ला मध्य पहाडी क्षेत्र देखि उत्तरी हिमाली क्षेत्रसम्म फैलिएको छ । नेपालकै झण्डै विच भागमा पर्ने जैविक विविधता र पर्यटकीय दृष्टिले धनी तथा ऐतिहासिक महत्व बोकेको यो जिल्लाले कूल क्षेत्रफलको १६९२ वर्ग कि.मि तथा ६५३ वर्ग माइल क्षेत्रफल ओगटेको छ । विविध मिश्रित खालका जनजातिको बसोबासको स्थल भएतापनि यो जिल्ला गुरुंङ्ग समुदायको बाहुल्यता भएको क्षेत्र हो । लमजुङ्ग जिल्ला धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वको हिसाबले प्रमुख स्थानमा छ । नेपाललाई चिनाउने संस्कृति माध्यम लोक दोहोरी गीतको उदगम स्थल यस लमजुङ्ग जिल्लाको सदरमुकाम बेशीसहर पृथ्वी राजमार्गमा पर्ने तनहुँ जिल्लाको डुम्रे बजार देखि ४२ कि.मि उत्तरमा पर्दछ । यस जिल्लालाई संघिय संरचना अनुसार ४ वटा नगरपालिका वेशीशहर नगरपालिका, राइनास नगरपालिका, सुन्दरबजार, नगरपालिका र मध्यनेपाल नगरपालिका तथा ४ वटा गाँउपालिका अन्तर्गत दोर्दी गाँउपालिका, दुधपोखरीगाँउपालिका, कोलोस्थारगाँउपालिका र मस्याङ्गदी गाँउपालिका रहेका छन् ।

त्यसमा यस अध्ययन क्षेत्र मध्यनेपाल नगरपालिका लमजुङ्गको सदरमुकाम वेशीसहर देखि ४० कि.मि पश्चिममा पर्दछ । यसमा १० वटा वडा रहेका छन् । नेपालको जनगणना २०६८ अनुसार २३.३८५ जना मानिसहरु यस नगरपालिकामा बसोबास गर्दछन् । यसको क्षेत्रफल ११३.३८५ कि.मि रहेको छ भने यसको केन्द्र करापुटार रहेको छ । यस नगरपालिकाको पूर्वमा सुन्दरबजार नगरपालिका पश्चिममा कास्की जिल्ला, उत्तरमा कोलोस्थार गाँउपालिका र वेशीशहर नगरपालिका पर्दछ, भने दक्षिणमा भने तनहुँ जिल्ला रहेको छ । अध्ययन क्षेत्रमा पर्ने वडा नं. १ को जनसंख्या २१९१ रहेको छ (जनगणना, २०६८) भौगोलिक रुपमा नेपालको मध्य विन्दुको रुपमा यही नगरपालिकाको दुई पिप्लेलाई मानिएको छ ।

### ४.१.१ भौगोलिक अवस्थिती

यो लमजुङ्ग जिल्ला २८° ३° उत्तरी अक्षांश २८° ३०° उत्तर अक्षांशमा फैलिएको छ भने ८४° ११° पूर्वी देशान्तर देखि ८४°.३८° पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्ला पूर्वमा गोर्खा, पश्चिममा कास्की उत्तरमा मनाङ्ग तथा दक्षिणमा तनुहुँ रहेको छ । यस जिल्लाको क्षेत्रफल १६९२ वर्ग कि.मी रहेको छ । यस जिल्लाको सबभन्दा होचो स्थान मध्य नेपाल नगरपालिका अन्तर्गतको वडा नं. ५ दुई पिप्ले बगैचा ३८५ मिटर रहेको छ भने सबभन्दा अग्लो स्थान मनास्लु हिमाल ८१३२ मिटरमा पर्दछ । यो जिल्ला १६९२ वर्ग कि.मि मा फैलिएको छ । समुद्र सतहबाट ३८५ देखि ८१६२ सम्म फैलिएको धरातलीय उचाइले गर्दा यो जिल्लामा विविधता रहेको छ ।

### ४.१.२ हावापानी तथा वनस्पती

अत्यन्त गर्मी हावापानी देखि अति ठन्डा हिमाली हावापानीले गर्दा जैविक विविधता एवं वातावरणीय विविधताको दृष्टिले यो जिल्ला निकै प्रसिद्ध छ । यस अनुसन्धान क्षेत्रको सतह उत्तरबाट दक्षिणतर्फ केहि भिरालो परेको धरातलीय स्वरुप छ । यसको हावापानी सौम्य र शितल खालको छ । यहाँको तापक्रम २२ डिग्रि रहेको छ (विकिपिडिया) । वन जंगलमा साल कटुस, चिलाउने आदी जस्ता रुखहरु बढी पाइन्छ । यस वडाबाट हेर्दा जहाँतही हरीया वनजंगल देख्न सकिन्छ ।

### ४.१.३ नदीनाला धारा र मन्दिरहरु

अनुसन्धान क्षेत्रको पूर्वमा मस्याङ्गदी नदी बहन्छ भने पश्चिमी भूभागमा मादी नदी बहन्छ । जुन नदीहरु सदाबहार रुपमा बगीरहन्छन् भने दक्षिणमा रिस्ती खोलाले लमजुङ्ग र तनहुँको सिमानाको काम गरेको छ ।

यस क्षेत्रमा पर्ने विशेष धार्मिक महत्वको सातवटा ढुङ्गे धारा पनि छ, त्यसलाई सप्तधाराको नामले चिनिन्छ । यो सातवटै धारामा लगातार रुपमा वर्षभरी नै पानी हुन्छ । त्यही सप्तधारामा एउटा महादेवको मन्दिर छ । यहाँका अधिंकाश मानिसहरु हिन्दु धर्म मान्ने भएकोले ठाँउ ठाँउमा विभिन्न धर्मसँग सम्बन्धित मन्दिरहरु रहेको पाइन्छ । यस क्षेत्रमा विभिन्न मिश्रित खालका जातजाति भएकाले कोही बौद्ध धर्ममा पनि आस्था राखेको पाइन्छ ।

यहाँका मानिसहरुमा धार्मिक सहिष्णुता भने रहेको छ । हिन्दुहरु र बौद्धमार्गीहरुले समान रुपमा दुवै मन्दिर स्तुपामा पूजा र दर्शन गरेको पाइन्छ ।

### ४.१.४ अध्ययन क्षेत्रको घरको बनावट

मध्य नेपाल नगरपालिका वडा नं. १ मा बस्ने तथा छनोटमा परेका महिलाहरुको अधिकांश घरहरु ढुंगा माटोको साथमा सिमेन्टको आंशिक रुपमा प्रयोग भएको छ । अलि विपन्न वर्गका आर्थिक रुपमा सबल नभएका केही घरहरु भने खरले छाएका छन् तर धेरैजसो जस्ता र ढुंगाले छाएका छन् । पक्की घरहरु आशिंक रुपमा मात्र पाइन्छ । पुराना घरहरु मर्मत गरी केही हदसम्म सिमेन्टीको प्रयोग गरिएको छ । प्रत्येक घरहरुमा शौचालय छ । खानेपानीको लागि धेरैको घरमा मिटर जडान गरिएको धारा छ । धारा नहुनेहरुले सार्वजनिक धाराको पानी प्रयोग गरेको पाइन्छ । विजुली बत्ती र सडकका सुविधा राम्रोसँग पुगेको छ । यस ठाँउको बस्ती खुला रमणीय वातावरण र जंगलको विचमा रहेकोले शान्त किसिमको वातावरण छ । बस्ती त्यती घना नभएकोले घरवरपर सफा देखिन्छ । प्रायजसो व्यक्तिहरु कृषिमा आबद्ध रहेकोले खेतीपाती पशुपालन मुख्य पेशा रहेको छ । यहाँका मानिसहरु एकनास रुपमा खेतीको काममा व्यस्त देखिन्छन् ।

### ४.१.५ उत्तरदाताको जातिगत विवरण

यस क्षेत्रमा बसोबास गर्ने जातिहरुमा ब्राह्मण, क्षेत्री, घर्ती, गुरुंङ्ग , खवास, वि.क., सुनार, नेपाली (सार्की), भुजेल, मजाकोटी, बयलकोटी, नेवार, परियार, दवाडी आदि रहेका छन् । यस अध्ययन क्षेत्रभित्रका उत्तरदाता महिलाहरुको जातिगत विवरण निम्न प्रकार छ ।

**तालिका नं २**

**वडा नं. १ का (अध्ययन क्षेत्रका जनजातिको विवरण)**

| क.स | जनजाति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण | १६ | २८.०८ |
| २ | क्षेत्री | ९ | १५.८० |
| ३ | घर्ती | ६ | १०.५२ |
| ४ | गुरुंङ्ग | ६ | १०.५२ |

| | | | |
|---|---|---|---|
| ५ | खवास | ४ | ७.०१ |
| ६ | वि.क. | ४ | ७.०१ |
| ७ | सुनार | ३ | ५.२६ |
| ८ | नेपाली (सार्की) | २ | ३.५० |
| ९ | भुजेल | २ | ३.५० |
| १० | मजाकोटी (सार्की) | १ | १.७६ |
| ११ | बयलकोटी (सार्की) | १ | १.७६ |
| १२ | नेवार (श्रेष्ठ) | १ | १.७६ |
| १३ | परियार | १ | १.७६ |
| १४ | दवाडी (सार्की) | १ | १.७६ |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका अनुसार सबैभन्दा धेरै जातिको संख्या १६ ब्राह्मण २८.०८ प्रतिशत रहेको छ । त्यस्तै दोश्रो क्षेत्री ९ जना १५.८० प्रतिशत रहेको छ । तेश्रो घर्ती र चौथो गुरुङ्ग ६ जना १०.५२ प्रतिशतरहेको छ । पांचौ खवास र छैटौ वि.क.४ जना७.०१ प्रतिशत रहेको छ । त्यसपछी कमश. सुनार ५.२६ प्रतिशत रहेको छ भने नेपाली (सार्की) र भुजेल ३.५० प्रतिशत रहेको छ । सबभन्दा कम मजाकोटी, बयलकोटी, नेवार, परियार र दवाडी १.७६ प्रतिशत रहेको छ ।

## ४.१.६ उत्तरदाता महिलाको उमेरगत विवरण

उमेर एउटा महत्वपूर्ण सामाजिक विशेषता हो । प्रत्येक व्यक्ति जन्मेदेखि उमेरका विभिन्न चरण पार गर्दै अन्तत समाजलाई त्यागेर जान्छ । उमेरले महिलाको शैक्षिक विकासमा प्रभाव पारेको हुन्छ । उमेरले नै शिक्षा लिने काम गर्ने निर्णय लिने आदी इत्यादी प्रक्रियामा फरक पार्दछ ।

यस अध्ययन अनुसार मध्य नेपाल नगरपालिका वडा नं १ मा बसोबास गर्ने महिलामध्यमा नमुना छनोटमा परेका विवाहित महिलाहरु १५ वर्षदेखि ६५ वर्षसम्म उमेर

समुहका महिलालाई प्रतिनिधित्व गराइएको छ । १५ वर्ष भन्दा कम र ६५ वर्षभन्दा माथि उमेर भएका महिलाहरुलाई यस अध्ययनमा समावेश गरिएको छैन ।

यस अध्ययनका क्रममा छनौटमा परेका ५७ जना महिलाहरु जो १५ वर्षदेखि ६५ वर्षभित्र परेका छन् । तिनिहरुका उमेर अनुसार वर्गीकरण यस प्रकार रहेको छ ।

**तालिका नं. ३**

**उमेरका आधारमा उत्तरदाता महिलाको वर्गीकरण**

| क.स | उमेर समुह | महिला संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५ देखि २५ | ५ | ८.७७ |
| २ | २५ देखि ३५ | १७ | २९.८२ |
| ३ | ३५ देखि ४५ | २२ | ३८.६० |
| ४ | ४५ देखि ५५ | १२ | २१.०५ |
| ५ | ५५ देखि ६५ | १ | १.७६ |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका अनुसार छनौटमा परेका महिलाहरुमा सबैभन्दा बढी महिला २२ जना ३५ देखि ४५ वर्ष उमेर समुहमा परेका छन् । जसमा ३८.६० प्रतिशत यस समुहमा पर्छन । दोश्रोमा १५ जना २५ देखि ३५ उमेरसुमहको २९.८२ प्रतिशत पर्दछन् । तेश्रोमा १२ जना ४५ देखि ५५ जना भित्र पर्दछन्, जसको संख्या २१.०५ प्रतिशत रहेको छ । चौथोमा ५ जना संख्या हुन १५ देखि २५ उमेर समुहमा पर्छन जसको ८.७७ प्रतिशत संख्या रहेको छ भने अन्तमा १ जना जुन ५५ देखि ६५ उमेर समुहभित्र १.७६ प्रतिशत महिला पर्दछन् ।

उमेरगत रुपमा महिलाहरु अलि परिपक्व एंव आर्थिक सामाजिक एवं अन्य क्षेत्रहरुमा सबल रुपमा ३५ देखि ४५ वर्षको उमेर समुह पर्ने भएको हुँदा पनि यस अध्ययनमा बढी मात्रामा यी उमेर समुहका महिलाहरुलाई छनौटमा राखिएको प्रष्ट हुन्छ ।

### ४.१.७ उत्तरदाताको परिवारको प्रकार र बनौट

कुनै पनि परिवार सानो वा ठूलो हुनु शैक्षिक अवस्थाले पनि ठूलो भूमिका खेलेको हुन्छ । जुन परिवारमा विभिन्न उमेरका व्यक्तिहरु हुन्छन् त्यस परिवारका विविध क्षेत्रहरुमा समस्या मुक्त वातावरण सिर्जना गर्न सजिलो बनाएको हुन्छ । त्यसैले मध्यनेपाल नगरपालिका वडा नं. १ महिलाको जानकारी लिन उनीहरुको परिवारको बनोटको जानकारी समेत आवश्यक रहेको हुन्छ । खासमा परिवार तिन प्रकारको रहेको छ ।

१) एकात्मक सानो परिवार

२) संयुक्त परिवार

३) बृहत परिवार

**तालिका नं. ४**

**उत्तरदाता महिलाहरुको परिवारीक प्रकार र बनौट विवरण**

| **क.स** | **परिवारको ढाँचा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | एकात्मक सानो परिवार | २८ | ४९.१२ |
| २ | संयुक्त परिवार | १८ | ३१.५९ |
| ३ | बृहत परिवार | ११ | १९.२९ |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिका तालिका अनुसार सबैभन्दा बढी २८ महिलाको एकात्मक सानो परिवार अर्थात ३ देखि ४ जनासम्मको मात्र परिवार भएको पाइयो । जसको प्रतिशत ४९.१२ प्रतिशत छ । त्यसैगरी १८ जना महिलाको परिवार संयुक्त खालको परिवार छ। जसमा ५ देखि ६ जनासम्म परिवार संख्या पाइयो । जसको प्रतिशत ३१.५९ छ । त्यस्तै सबैभन्दा कम बृहत परिवार जसको संख्या ११ जना र प्रतिशत १९.२९ रहेको छ ।

यस तालिकाबाट के प्रष्ट हुन्छ भने पहिलाको तुलनामा अहिले मानिसहरु बृहत परिवार भन्दा सरल र छोटो खालको एकात्मक परिवार रोज्न थालेका छन् । सानो परिवार नै सुखी परिवार हो भन्ने कुरा अध्ययनले देखाएको छ ।

### ४.१.८ अध्ययन क्षेत्रको जनसंख्या

हरेक समाजको संरचनामा त्यहाँको जनसंख्याको स्वरुप, उमेर, पेशा, आदीको प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभाव त्यहाँको सामाजिक आर्थिक, शैक्षिक र राजनैतिक क्षेत्रमा परेको हुन्छ । तसर्थ जनसंख्या सम्बन्धी अध्ययन हुनु पनि आवश्यक छ । अध्ययन क्षेत्रमा मुख्य पेशा कृषि रहेको छ । यसको अतिरिक्त मानिसहरु रोजगारीको लागि देशका विभिन्न भाग तथा विदेश गएको समेत पाइएको छ ।

यस मध्यनेपाल नगरपालिका वडा नं. १ को कूल जनसंख्या २०६८ सालको जनगणना अनुसार २१९१ रहेको छ । यस भन्दा पहिले २०५८ सालमा भएको जनगणनामा यहाँको जनसंख्या २९०६ रहेको थियो । वर्तमानमा यस वडा नं. १ मा जम्मा घरधुरी ५७० रहेका छन् ।

### ४.१.९ भाषा र धर्म

यस अध्ययन क्षेत्रमा विभिन्न खालका जनजातिको बसोबास रहेको छ, त्यसैले यहाँका केही जनजातिको आफ्नै भाषा छ जस्तै गुरुङ्ग, नेवारको आफ्नै मातृभाषा छ तर अरु जातजातिको आफ्नो मातृभाषा नभए पनि संयुक्त रुपमा नेपाली भाषा बोल्दछन् । नेवार र गुरुङ्ग हरु नेपाली भाषा बोल्दा अशुद्ध उच्चारण गर्दछन् । (स्रोत : स्थलगत अध्ययन, २०७५)

यस अध्ययन क्षेत्रका समुदायहरु धेरैजसो अशिक्षित र गाँउ छोडेर अन्त बाहिर नगएका कारण धर्ममा बढी विश्वास गर्दछन् । यहाँका मानिसहरु धेरै जसो हिन्दु धर्म मान्छन् भने केहि मात्रमा बौद्ध धर्मालम्बीको पनि बसोबास रहेको पाइयो । विभिन्न धर्मको अनुशरण गरेतापनि यहाँ धार्मिक सहिष्णुता रहेको पाइन्छ । हरेक धर्मालम्बीहरुले आफ्नो धर्म अनुसार आफ्नो नित्य कर्महरु गर्ने गरेको पाइयो ।

### ४.१.१० पेशा र व्यवसाय

यहाँका समुदायको प्रमुख पेशा भनेको कृषि र पशुपालन रहेको छ । ग्रामीण भेग भएकोले यहाँको परापूर्वकाल देखि अपनाएको पेशा कृषि रहेको छ । त्यस्तै शिक्षाको अभाव अथवा शिक्षालाई विचमै छोडेर कृषिको कामतर्फ लागेको देखिन्छ । खेती मुख्य पेशा भएतापनि थोरै खेती हुनु र खेतीको आय स्रोतले मात्र वर्ष दिनको खाद्यान्न पुग्न नसक्ने

भएकाले ज्यालादारी, मजदुरी कार्यहरु गर्नुपर्ने बाध्यता यस अध्ययन क्षेत्रका महिलाहरुमा रहेको छ । प्राय मानिसहरुको खेतियोग्य जग्गा कम भएको र भएपनि कतिपयलाई वर्षदिनसम्म खान नपुग्ने भएकोले सिप र क्षमता भएका तथा आर्थिक स्थिति कमजोर भएकाहरुले आफ्नो दैनिक दिनचर्या अन्य ज्याला मजदुरी गर्नुपरेको छ । त्यसबाहेक फुर्सदको समयमा मेला पर्म गर्ने गरी आपसमा आदान प्रदान गर्दछन् ।

यहाँका महिलाहरु समुहमा आबद्ध भई समुहले प्रदान गरेको सहुलियतमा पशु पक्षिंहरु पालन गर्ने गरेको पाइयो । यस क्षेत्रको मुख्य बाली धान, मकै, गहुँ हो भने प्राय पाखो बारीहरुमा मकै लगाइन्छ । यसको साथै मास, भटमास, साग सब्जी हरु पनि उत्पादन गर्ने गरेको पाइन्छ ।

यस क्षेत्रमा कृषि गर्ने तरिका पुरानै रहेको छ । एक आपसमा मिलेर खेती गर्ने चलन रहेको छ भने बाटो पुगेको क्षेत्रमा भने ट्याक्टरको समेत प्रयोग गर्दै कृषि आधुनिकिकरण गरि उत्पादनमा वृद्धि गर्ने गरेको पाइयो ।

## ४.२ शिक्षा

शिक्षा ज्ञान तथा सिप सिक्ने तथा सिकाउने पद्धति हा े। शिक्षाले मानिसलाई अन्धकारबाट उज्यालो तर्फ लम्काउछ॰ शिक्षा निरन्तर चलीरहने प्रक्रिया हो। यो जन्मे देखि नमरुन्जेल सम्म कुनै न कुनै रुपमा चलिरहेको हुन्छ। ज्ञान सिकाउने तथा विद्यार्थीलाई पढ्न सघाउने काम शिक्षक, गुरु तथा अध्यापकले गर्दछन्। शिक्षा धेरै किसिमको हुन्छ । शिक्षालाई आदर्श कर्मशील असल मानव जीवन तयार गर्ने सर्वोतम साधनको रुपमा लिइन्छ । तथा सभ्य समाजको गतिशिलता शिक्षामा नै भर पर्दछ ।

### ४.२.१ शैक्षिक स्थिति

नेपालमा निजी विद्यालयहरुको तुलनामा सामुदायिक विद्यालयहरुको शैक्षिक स्थिति कमजोर नै रहेको पाइन्छ । शहरको सरकारी विद्यालयहरुमा शैक्षिक स्थिती उच्च हुन्छ भने ग्रामिण क्षेत्रका सरकारी विद्यालयहरुमा शैक्षिक स्तर कमजोर हुने गरेको पाइन्छ । विद्यालयको भौतिक पक्ष कमजोर, शैक्षिक तथा प्रशासनिक पक्षहरु कमजोर, सामाजिक, सांस्कृतिक तथा भौगोलिक हिसाबले शिक्षाको स्तरमा प्रभाव पारीरहेको हुन्छ । त्यसैगरी

शैक्षिक अनुगमन तथा दण्ड पुरस्कारको नीति पारदर्शि नहुनुले पनि शैक्षिक स्तरलाई प्रभाव पार्दछ । नेपाली समाजमा छोरा र छोरीलाई हेर्ने फरक दृष्टिकोण कै कारण शिक्षामा महिलाको कम पहुँच रहन गएको एउटा यर्थाथता हो भने अर्को गरिविको कारण पनि महिलाको शिक्षामा पहुँच रहन नसकेको वास्तविक सत्य हो । नेपाली समाजमा लगभग ८० प्रतिशत भन्दा बढी मानिसहरु हिन्दु धर्ममा विस्वास गर्ने तथा आस्था राख्ने छन् भने गैर हिन्दुमा पनि हिन्दु धर्मको प्रभाव देखिन्छ । छोरी अर्काको घरमा जाने जात भन्ने मान्यताले गर्दा पनि बाबा र आमाले छोरीको शिक्षामा लगानी गर्न चाहदैनन् । छोरीलाई घरभन्दा बाहिर पठाएर पढाउन हुन्न भन्ने मान्यताको कारण पनि उनीहरु शिक्षामा परिवारबाट नै पछाडी पारिएका हुन् । महिला शिक्षाको अवस्था सन्तोषजनक छैन । यस भित्र लैङ्गिक विभेदको अवस्था देख्न सकिन्छ ।

राष्ट्रिय जनगणना २०६८ का अनुसार ५ वर्ष माथिको साक्षरता दर २०५८को तुलनामा ५४.१ बाट वृद्धि भई ६५.९ प्रतिशत अथवा ११.८ प्रतिशत वृद्धि भएको देखिन्छ । जसमा पुरुष साक्षरता दर ७५.५१ प्रतिशत  र महिलाको साक्षरता दर ५७.४ प्रतिशत रहेको छ । तसर्थ पुरुषको तुलनामा महिलाको साक्षरता दर १७.७ प्रतिशतले कम छ । महिला र पुरुष विचको स्थिति देखाउने विभिन्न पक्षहरुमध्ये शिक्षा पनि एक महत्व्पूर्ण पक्ष हो । अध्ययन क्षेत्रको शैक्षिक स्थितिका बारेमा तल चर्चा गरिनेछ ।

### ४.२.२ उत्तरदाता महिलाको शैक्षिक अवस्था

यस मध्यनेपाल नगरपालिका वडा नं. १ का महिलाहरुको शैक्षिक स्थितीलाई समग्र रुपमा हेर्दा शैक्षिक स्थिती सामान्य रुपमा रहेको छ । परिवारमा छोरीलाई पढाउनुपर्छ भन्ने सोचको विकास कम रुपमा भएको तथा छोरीलाई अर्काको घर गरी खाने जात भन्ने पुरातन खालको सोचको कारणले बाबुआमा छोरीको शिक्षामा कम लगानी गर्ने तथा पढ्न पठाएतापनि घरको काम सिकाउन बढि महत्व दिने गरेको पाइयो । साथै घरको काम सकेर मात्र नजिकको सरकारी विद्यालयमा पढ्न पठाएको पाइन्छ ।

यस वडामा जम्मा ५ वटा विद्यालयहरु रहेका छन् । उच्च माध्यमीक शिक्षाको लागि एउटा मात्र क्याम्पस रहेको छ । त्यसबाहेक अरु शैक्षिक संस्था रहेको पाइदैन । यस वडामा

सामान्य आर्थिक अवस्था भएकोले समान रुपमा छोराछोरी सरकारी विद्यालय पठाएका छन् भने उच्च आर्थिक स्थिती हुनेले अलि राम्रो निजि विद्यालयमा पनि पठाएका छन् ।

यहाँका महिला शुरुमा विद्यालय गएपनि पछि क्रमश छोड्दै गएको पाइन्छ । ग्रामीण क्षेत्र भएको र शिक्षाको महत्वको बारेमा चेतना कम संख्यालाई मात्र भएकोले उच्च शिक्षा सम्म पास गर्नेको संख्या निकै कम देखिन्छ ।

परिवारमा एक महिला यदि शिक्षित छ भने घरको अन्य सम्पूर्ण सदस्यहरु पनि शिक्षित हुन्छन् भन्ने जुन भनाई छ । त्यसलाई चारितार्थ गदै, शैक्षिक स्तरले उनीहरुको परिवारको शैक्षिक अवस्थाको स्तर समेत बढ्छ । तसर्थ शिक्षित महिलाको परिवारमा समेत शिक्षित महिलाको प्रभाव मुख्य रुपमा पर्दछ । त्यसैगरी छनोटमा परेका कूल ५७ महिलाहरुको शैक्षिक अवस्था यस प्रकार रहेको छ ।

**तालिका नं. ५**

**छनौटमा परेका महिलाहरुको शैक्षिक अवस्था**

| **क्र.स** | **शैक्षिक स्तर** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | प्रा.वि | १६ | २८.०७ |
| २ | नि.मा.वि | १६ | २८.०७ |
| ३ | मा.वि | १० | १७.५४ |
| ४ | उच्च शिक्षा | ४ | ७.०१८ |
| ५ | निरक्षर | ४ | ७.०२० |
| ६ | प्रौढ शिक्षा | ७ | १२.०२० |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका अनुसार सबैभन्दा बढि प्रा.वि र नि.मा.वि तहसम्म शिक्षा हासिल गर्ने महिला संख्या १६ (२८.०७ प्रतिशत) रहेको छ । त्यस्तै १० जनाले मा.वि तह सम्म भने ४ जनाले उच्च शिक्षा हासिल गरेको छन् । ४ जना महिला निरक्षर छन् भने ७ जना महिलाले प्रौढ शिक्षा हासिल गरेको समेत पाइयो ।

यस तालिकाबाट के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रका महिलाहरु बढी मात्रामा शुरुमा विद्यालय गएको तर विभिन्न कारणहरुले गर्दा पढाईमा निरन्तरता दिन नसकी विचमै छोडेको संख्या बढी छ । यस अध्ययन क्षेत्रमा छनौटमा परेका महिलाहरुले प्रा.वि.र नि.मा.वि. सम्म शिक्षा लिएको संख्या बढी छ भने सबभन्दा कम संख्या उच्च शिक्षा सम्म पुगेको तथा कतिपनि नपढेका निरक्षर समेत रहेको पाइयो । कतिपनि नपढेको ल्याप्चे लगाउने महिला तथा साक्षरमा साधारण लेखपढ पनि गर्न नजान्ने महिलाको अवस्थालाई बुझाँउदछ । आजको २१ औ शताब्दीमा पनि महिला शिक्षाप्रति सरकार तथा परिवार गम्भीर रुपमा प्रस्तुत हुन नसकेको अवस्था छ । हिन्दु धर्म र परम्परागत मुल्य मान्यताले गर्दा महिला प्रति शिक्षामा विभेद छ । यही अध्ययनको क्रममा एक विवाहित महिलाको भनाई “माइतमा बुबा आमाले छोरी अर्काको घर जाने जात घरको काम सिक्नुपर्छ भनेर विद्यालय पठाएनन् अनि पढ्न लेख्न आँउदैन नानी” भन्ने शब्दले पुष्टी हुन्छ की आधा आकाश ढाकेका महिलाको शिक्षामा पर्याप्त पहुँच छैन ।

### ४.२.३ छनौटमा परेका महिलाको बालबालिकाहरु पढ्ने विद्यालयको विवरण

कुनैपनि बच्चाले शिक्षा आर्जन गर्नपाउनु उसको नैतिक एवं जन्मसिद्ध अधिकार हो । जसले गर्दा हरेक आमाबाबुले आफ्ना सन्तानहरुलाई शिक्षाको ज्योतिबाट बञ्चित गराउनु हुदैन । तरपनि नेपालजस्तो विकाशोन्मुख राष्ट्रमा अहिलेसम्म पनि आमाबाबुले आफ्ना सन्तानलाई पढ्नमा बढी जोड दिनुको सट्टामा घरायसी काममा समेत लगाउने तथा कसैले त विद्यालय नै नपठाउने गरेका कति उदाहरणहरु हामीले देख्न सक्छौ । यसको मुख्य कारण गरिबी र पछौडेपन हुनसक्छ । यस्तैमा छनोटमा परेका महिलाहरुको शैक्षिक अवस्था हेर्ने क्रममा उनीहरुको बालबालिकाहरुको शैक्षिक अवस्था पनि मुख्य रुपमा आँउदछ । अतः ति महिलाहरुको छोराछोरीलाई शिक्षा आर्जन गर्न गराउन के कस्तो विद्यालयमा सामेल गराएका छन् भन्ने कुरा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका नं. ६**

**बालबालिकाहरु पढ्ने विद्यालय र संख्याको विवरण**

| **क.स** | **अवस्था** | **केटा** | | **केटि** | |
|---|---|---|---|---|---|
| १ | | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** |
| २ | हाल विद्यालय गइरहेको (निजी | ८ | ११.४३ | ० | ० |
| ३ | हाल विद्यालय गइरहेको सरकारी | ५० | ७१.४३ | ४९ | ६१.२५ |
| ४ | पहिला विद्यालय गई हाल छोडेको | १२ | १७.१४ | २५ | ३१.२५ |
| ५ | कहिल्यै विद्यालय नगएका | ० | ० | ६ | ७.५ |
| जम्मा | | ७० | १०० | ८० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका बाट के प्रष्ट हुन्छ भने ग्रामिण स्थल भएकाले सामान्यता हेर्दा छोरा भन्दा छोरीको संख्यामा बढी देखिएको छ । शिक्षाको कुरा गर्दा पनि सामान्यतया निजी विद्यालयको संख्या नै नभएको कारणले गर्दा धेरै संख्यामा बच्चाहरु सरकारी विद्यालयमा पढ्ने गरेको पाइएको छ । र केही आर्थिक रुपमा सबल भएका व्यक्तिहरुले केवल छोरालाई मात्र घरबाहिर वा शहरमा पढ्न पठाएको पाइन्छ । जसमा कुल छोरा संख्यामा ८ जना वा (११.४३ प्रतिशत) छोरालाई मात्र निजी विद्यालयमा पठाइएको छ । त्यस्तै हाल गइरहेको सरकारी विद्यालयमा ५० जना केटा (७१.४३प्रतिशत) र ४९ जना (६१.२५प्रतिशत) केटि रहेको छ । त्यस्तै पहिला विद्यालय गई हाल छोडेकोमा १२ जना केट (१७.१४प्रतिशत) र २५ जना केटि (३१.२५प्रतिशत) रहेको छ । ६जना केटिहरु (७.५प्रतिशत) कहिल्यै पनि विद्यालय नगएको पाइयो ।

यसबाट के प्रष्ट हुन्छ भने उक्त छनौटमा परेका महिलाका बालबालिकाहरु दुवै समान रुपमा सरकारी विद्यालय गएको पाइएता पनि तालिकाको तथ्यांक हेर्दा छोराको तुलनामा छोरीलाई अझै पनि शिक्षामा मतभेद गरिएको पाइयो । छोराहरु भन्दा बढी छोरीले विचमा नै आफ्नो शिक्षा छोड्नुपर्ने र कति ले त शिक्षा नै नपाएको पाइयो । यसको कारण मुलत पारिवारिक विभेद अथवा छोराको तुलनामा छोरीको शिक्षामा महत्व नदिनु साथै छोरी अर्काको घर समाल्ने भन्ने पुरानो सोच हुनु हो ।

### ४.२.४ छनोटमा परेका महिलाहरुले लिएको तालिम र कारणहरु

कुनै पनि व्यक्ति सक्षम र सबल बन्न तालिमको ठूलो भूमिका रहेको हुन्छ । नेपालको शिक्षा नीतिको अवस्था हेर्ने हो भने बिना तालिम कुनै पनि पेशा अगाल्न सक्ने अवस्था छैन । तालिमले मानिसलाई सक्षम बनाँउदछ र आफ्नो कामलाई लक्ष्यमा पुर्‍याउन सहयोग गर्दछ । कुनै पनि व्यक्तिले जतिसुकै उच्च शिक्षा हासिल गरेपनि सक्षम पेशागत रुपमा अगाडी बढ्न सक्ने अवस्था छैन । त्यसले गर्दा पनि तालिम अति आवश्यक कार्यको रुपमा लिन सकिन्छ । त्यसैले प्राविधिक शिक्षाको महत्व बढेको छ ।

छनौटमा परेका महिलाहरुले पनि तालिम सम्बन्धि के कति ज्ञान हासिल गरेका छन् जसलाई शिक्षाले के कति प्रभाव पार्न सकेको छ । अथवा उनीहरुले लिएका तालिम र तालिम लिनुका कारणहरु के रहेछ त भन्ने कुरालाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. ७**

**उत्तरदाता महिलााको तालिम सम्बन्धी जानकारी**

| क.स | तालिमको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षण | ७ | १२.२७८ |
| २ | सिलाई बुनाई | २५ | ४३.८६० |
| ३ | काष्टकला | ४ | ७.०२० |
| ४ | अन्य | २१ | ३६.८४२ |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने छनोटमा परेका महिला मध्य सबैभन्दा बढी सिलाई बुनाईमा २५ जना (४३.८६०) तालिम लिएको देखिन्छ । दोश्रोमा सो बाहेक अन्य खालको तालिम लिएको पाइन्छ । जसको संख्या २१ (३६.८४२ प्रतिशत) रहेको छ । त्यस्तै शिक्षण तालिममा ७ जना (१२.२७८), काष्टकलामा ४ जना (७.०२०) रहेको छ ।

यसबाट के प्रष्ट हुन्छ भने सबैभन्दा बढी महिलाहरु सिलाई बुनाई तालिममा संलग्न भएको पाइन्छ त्यसपछि क्रमश अन्य, शिक्षण र काष्टकलामा रहेका छन् ।

तालिमले भविष्यमा आवश्यक परेको समयमा कुन काम गर्ने वा कुन पेशा उपनाउने भन्ने अवस्थालाई निर्धारण गर्न मद्धत पुगेको हुन्छ । जस अन्तर्गत छनोटमा परेका महिलाहरुले पनि पढाइको अलावा कसैले तालिम लिएको पाइन्छ  तथा कोही औपचारिक शिक्षा नलिएका महिलाहरु प्राय बढी सिलाईबुनाइ तिर आकर्षित भएको पाइन्छ । तसर्थ छनौटमा परेका महिलाहरुले कुन उदेश्य लिई तालिममा सहभागी भएको छ भन्ने कुरा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका नं. ८**

**तालिम लिनाका कारणहरु (उद्देश्य)**

| **क्र.स** | **तालिम लिनुको कारण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | भविष्यमा सो पेशा अपनाउन | १७ | २९.८० |
| २ | खेर गएको समयको सधुपयोग गर्न | ११ | १९.३० |
| ३ | आत्मनिर्भर बन्न | २५ | ४३.९० |
| ४ | अन्य | ४ | ७.०० |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिकाबट के प्रष्ट हुन्छ भने तालिम लिनुको मुख्य कारण आत्मनिर्भर बन्न रहेको छ । जसमा २५ जना (४३.९० प्रतिशत) महिला रहेका छन् । त्यसबाहेक भविष्यमा सो पेशा अपनाउन तालिम लिनेको संख्या १७ जना (२९.८० प्रतिशत), खेर गएको समयको सधुपयोग गर्नको लागि ११ जना (१९.३० प्रतिशत)  छन्, भने आत्मनिर्भर बन्न २५ जना (४३.९० प्रतिशत) र अन्यका लागि ४ जना (७.०० प्रतिशत)  रहेको छ ।

### ४.२.५ महिलाले शिक्षालाई निरन्तरता दिन नसक्नुका कारणहरु र त्यसको लागि आवश्यक पर्ने सुविधाहरु

कुनै पनि क्षेत्रमा सफलता हासिल गर्न विभिन्न क्षेत्रहरुको आपसी मिलन र सहयोगबाट मात्र सम्भव हुन्छ । शिक्षा क्षेत्रमा पनि विकास गर्न वा सबैले समान रुपमा शिक्षारुपी उज्यालो प्राप्त गर्न विशेष सहयोगको आवश्यकता पर्दछ । त्यसमा पारिवारिक अवस्था, आर्थिक अवस्था तथा विद्यालयको अवस्थिति वा घरदेखी विद्यालयसम्मको दुरी र

मानिसमा पढ्नुपर्छ, शिक्षा महत्वपूर्ण छ भन्ने चेतनाको स्तरले पनि शिक्षा लिने वातावरण सहज र असहज हुन्छ । कतिपय क्षेत्रमा महिला शिक्षाका स्तर बढाउन शिक्षा आर्जन गर्ने व्यक्ति स्वंयको सक्रिय सहभागिता, पढाउने शिक्षकहरुको भूमिका, पाठ्यक्रम र पारिवारिक बातावरण समेतले प्रभाव पार्दछ । त्यति हुदाहुदै पनि अन्य विविध कारणहरुले गर्दा सहज रुपमा शिक्षा आर्जन गर्न नसक्ने वातावरण समेत तयार भएको हुन्छ । जसअनुसार छनौटमा परेका महिलाहरुले पनि आफुलाई पढ्ने इच्छा चाहना भएर पनि शिक्षा आर्जन गर्न नसकिरहेको अवस्था र कारणहरु के थिए भन्ने अवस्थाको बारेमा तल उल्लेख गरिएको छ ।

**तालिका नं. ९**

**महिलाले शिक्षालाई निरन्तरता दिन नसक्नुका कारणहरु**

| क.स | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पारिवारीक कारण | २९ | ५०.८६ |
| २ | सामाजिक समस्या | ११ | १९.३१ |
| ३ | आर्थिक भार | १३ | २२.८१ |
| ४ | अन्य | ४ | ७.०२ |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका अनुसार पारिवारिक कारणले गर्दा नै २९जना (५०.८६ प्रतिशत)महिलाले आफ्नो पढाईलाई निरन्तरता दिन नसकेको बताए । त्यस्तै आर्थिक भारको कारणले गर्दा १३ जना (२२.८१ प्रतिशत) महिला, सामाजिक समस्याका कारण ११ जना (१९.३१ प्रतिशत) र अन्य कारण जस्तै स्वास्थ्य इत्यादिको कारणले ४ जना (७.०२ प्रतिशत) ले शिक्षालाइ निरन्तरता दिन नसकेको बताए ।

यसरी महिला शिक्षाले निरन्तरता पाउन नसकेको कारण मुख्यतया पारिवारिक कारण नै हो भन्ने यस स्थलगत अध्ययनले जनाएको छ । नेपालीहरुको विभिन्न विशेषताहरु मध्य विवाह पछि आफ्नो श्रीमान सन्तान तथा परिवारको स्याहार सुसार गर्ने जिम्मेवारी घरकी बुहारी वा आमाको हुने गर्दछ । विवाह अघि पनि छोरीलाई अर्काको घरमा जाने जात भनेर विद्यालय शिक्षा भन्दा मुल्य मान्यताको पाठ परिवारबाट नै सिकाइने भएकाले ५०

प्रतिशत महिलाहरु शिक्षा आर्जन गर्न सकिरहेका छैनन् भने आर्थिक विपन्नता र सामाजिक समस्याको कारणले गर्दा पनि शिक्षालाई निरन्तरता दिने इच्छा हुदाँहुदै पनि पुरा गर्न सकिरहेको अवस्था छैन ।

**तालिका नं. १०**

**महिला शिक्षालाई निरन्तरता गर्न दिनुपर्ने सुविधाहरु**

| क्र.स | सुविधा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पारिवारिक सहयोग भएमा | २५ | ४३.८१ |
| २ | आर्थिक समस्या नभएमा | ८ | १४.०४ |
| ३ | सकारात्मक राहत पाएमा | ४ | ७.०३ |
| ४ | छोराछोरी समान हुन भन्ने चेतना भएमा | २० | ३५.१२ |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

यस तथ्यांक अनुरुप पारिवारिक सहयोग भएमा महिलाले शिक्षालाई निरन्तरता दिन सक्ने भनि २५ जना (४३.८१ प्रतिशत) महिलाले बताए, त्यस्तै २० जना (३५.१२ प्रतिशत)ले छोराछोरी समान हुन भन्ने चेतना भएमा, ८ जना महिला (१४.०४ प्रतिशत) ले आर्थिक समस्या नभएमा र ४ जना (७.०३ प्रतिशत) ले सकारात्मक राहत पाएमा निरन्तरता दिनसक्ने बताए ।

यसरी नेपालको परिवेश, यहाँको रहन सहन, चालचलन, धर्म र संस्कृतिले नै सर्वप्रथम उनीहरुको प्रमुख दायीत्व अन्तर्गत घरपरिवारको सुख र सन्तानको स्याहार सुसार नै आफ्नो कर्तव्य हो भन्ने मानेको पाइन्छ । यस परम्परा अनुसार महिलाको विवाह पश्चात पारिवारीक बातावरणले वा परिवारले महिलामाथि देखाएको असहयोगले शिक्षा हासिल गर्न असहज बनाएको देखिन्छ ।समाजका व्यक्तिहरु जो महिला पनि पुरुषसरह हातेमालो गरी अगाडी बढ्नुपर्छ भन्नेहरु छन् साथै महिलाका सक्रियता विना कुनै काम पुरुषले मात्र पुरा गर्न सक्दैन भन्ने जस्ता विचारहरु बोकेका व्यक्तिहरुको प्रोत्साहनले गर्दा पनि महिलाहरुको शिक्षालाई अग्रसरता वा प्रोत्साहन मिल्छ भन्ने भावनाले थोरै मात्रामा भएपनि स्थान पाएको पाइन्छ ।

### ४.२.६ महिला शिक्षा सहज बनाउन आवश्यक पर्ने सरकारी सहयोग

शिक्षा क्षेत्रमा विकास गर्न हरेक क्षेत्रहरुको मानिसको संलग्नता साथै सरकारी क्षेत्रबाट समेत व्यवहारीकतामूलक नीति नियमहरु र सोको कार्यन्वयन भरपर्दो रुपमा हुनुपर्ने हुन्छ । हालको देशको शिक्षा नीतिलाई नियाल्ने हो भने नीति नियमहरु देशको माटो सुहाँउदो र व्यवहारिकतामूलक नभएको पाइन्छ। त्यतिमात्र नभई उच्च शिक्षा हासिल गरेका शिक्षित बेरोजगारहरु बढदै जानुले पनि के देखाँउछ भने देशको शिक्षा नीति असान्दर्भिक एवं शैक्षिक गुणस्तर राम्रो छैन भन्ने प्रष्ट हुन्छ। तैपनि निर्माण भएका नीति नियमलाई पनि कार्यन्वयन गर्नेमा एकदम फितलो पक्ष भएकोले विकास गर्न सकिरहेको छैन। यस अध्ययन क्षेत्रका केही जानकार महिलाहरु पनि महिलाको शैक्षिक स्तर उकास्नमा राज्यस्तरबाट र सरकारले केहि भूमिका खेल्नैपर्ने भन्नेमा जोड दिन्छन् । समग्र देशका महिलाहरुलाई क्षमतामूलक शिक्षा एवं गुणस्तरीय शिक्षा दिनको लागि चाल्नुपर्ने नीतिनियमलाई अनिवार्य रुपमा अगाडि बढाउन के कस्तो सहयोग र भूमिकाको आवश्यकता पर्दछ र समग्र महिलाहरुको हितमा हुन्छ भन्ने विषयमा तल प्रष्ट पारिएको छ । अध्ययन क्षेत्रका महिलाहरुको भनाईमा महिलाको शिक्षाको स्तर बढाउन आर्थिक सामाजिक, राजनैतिक तथा साँस्कृतिक पक्षले ठूलो प्रभाव पारेको हुन्छ तसर्थ अध्ययन क्षेत्रका महिलाको शैक्षिक स्तर राम्रो बनाउन आवश्यक पर्ने सरकारी सहयोगहरु यस प्रकार छन्।

**तालिका नं.११**

**महिला शिक्षा सहज बनाउन आवश्यक सरकारी सहयोग**

| क्र.स | सहयोग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिलालाई विशेष प्राथमिकता | १५ | २६.३२ |
| २ | महिला प्रोत्साहन कार्यक्रम | २३ | ४०.३५ |
| ३ | शिक्षित महिलालाई रोजगारीको ग्यारेन्टी भएमा | १८ | ३१.५८ |
| ४ | अन्य | १ | १.७५ |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

यस तालिकाबाट के थाहा हुन्छ भने सबैभन्दा बढी महिलाहरुलाई समेटेर महिला प्रोत्साहन कार्यक्रमहरु अगाडी बढाउन सके महिलाहरुलाइ आफ्नो पढाई पुरा गर्न सहज हुने कुरा उत्तरदाता महिलाहरुको भनाई छ । जसमा महिला संख्या २३ (४०.३५ प्रतिशत) रहेको छ । त्यस्तै शिक्षित महिलालाई रोजगारीको ग्यारेन्टी भएमा १८ (३१.५८ प्रतिशत) महिलाहरु अध्ययन अगाडी बढाउन सहयोग मिल्ने बताए । महिलालाई विशेष प्राथमिकता दिए १५ (२६.६२ प्रतिशत) उत्तरदाताले महिलाको लागि शिक्षा सहज बनाउन सकिने भन्ने धारणा दिए । साथै १ जना (१.७५ प्रतिशत) उत्तरदाताले भने अन्य उपाय अवलम्बन गरेमा महिला शिक्षा सहज हुने बताए ।

हालको शैक्षिक अवस्थालाई मध्यजनर गर्दा शिक्षित बेरोजगारीहरु बढी देखिएको छ । पढेर मात्र आत्मनिर्भर हुन सक्ने अवस्था छैन । तसर्थ शिक्षा यस्तो हुनुपर्छ की शिक्षा प्राप्ती सँगै विशेष तालिम दिई सिप बढाउने र आत्मनिर्भर बन्न सक्ने खालका प्रोत्साहन मुलक कार्यक्रम हुनुपर्ने धारणा अध्ययन क्षेत्रका महिलाको रहेको छ । महिला अभिमुखीकरणका कार्यक्रमहरुलाई अगाडी बढाए जीविकोपार्जनमा सहजता भई इच्छा भएर लगातार उच्च शिक्षा सम्म पढ्न चाहनेलाई सहयोग पुग्दछ ।

यसरी परिवार सरकारी क्षेत्र साथै अन्य विविध क्षेत्रहरुबाट आवश्यक सुविधाहरु प्राप्त भएपनि महिलाले आफ्नो शैक्षिक क्रियाकलापलाई निरन्तरता दिन नसक्ने भएका पनि छन् । अथवा शिक्षाप्रति चाहना नराख्ने महिलाहरु पनि यहि समाजमा भेटीन्छन् । जसको कारणलाई निम्नरुपमा हेर्न सकिन्छ ।

### ४.२.७ विविध सुविधा प्राप्त भएपनि शिक्षाप्रति निरन्तरता दिन इच्छा नराख्नुका कारणहरु

**तालिका नं. १२**

**विविध सुविधा प्राप्त भएपनि शिक्षाप्रति निरन्तरता दिन इच्छा नराख्नुका कारणहरु**

| क.स | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक समस्या | १२ | २१.० |
| २ | छोरी घर समाल्नु पर्ने मान्यता भएर | २० | ३५.० |
| ३ | पारिवारीक विभेद | १८ | ३१.७ |
| ४ | अन्य | ७ | १२.३ |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

छनौटमा परेका अध्ययन क्षेत्रका महिलाहरु मध्य सबैभन्दा बढी २० जना (३५.० प्रतिशत) ले विवाह पछि छोरीले घर समाल्नुपर्ने मान्यता र यसको घरायसी समस्याले गर्दा आफुले पढाइलाई निरन्तरता दिन नसकेको कारण बताँउदछ, दोश्रो कारण पारिवारिक विभेदमा १८ जना तथा ३१.७ प्रतिशत रहेका छन् । समाजमा हुने गरेका विभिन्न मुल्य मान्यताको कारण र त्यस मुल्य मान्यतालाई पुरुषको तुलनामा महिलाले जिम्मेवारी निभाउन पर्ने कारण वा महिला र पुरुषविचको पारिवारिक विभेदका कारण शिक्षालाई चाहेर पनि निरन्तरता दिन सकेका छैनन् । त्यस्तै तेस्रोमा आर्थिक समस्याको कारण १२ जना ( २१.० प्रतिशत) पर्दछन् । समाजमा भएको आर्थिक समस्याको कारणले गर्दा शिक्षामा प्रभाव परेको पाइयो । समाजमा भएको पछौडेपन गरीवी तथा आर्थिक रुपमा विपन्न भएको कारणले गर्दा शिक्षा प्रति चासो नराखेको पाइन्छ । चौथो कारण अन्य शारीरिक राजनैतिक, साँस्कृतिक कारणले गर्दा ७ जना (१२.३ प्रतिशत) महिलाले शिक्षालाई निरन्तरता दिन नसक्नाका कारण बताएका छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने विशेषत महिलाको विवाह पछिको घरायसी समस्या अर्थात घरको परिवारको खानपान, हेरचाह, सरसफाई, बालबच्चालाई लालनपालन, धर्म परम्परा अनुसार पतिको सेवा गर्नुपर्ने, आफ्नो भन्दापनि परिवारका सदस्यहरुको हितको

कार्यमा व्यस्त रहनुपर्ने जस्ता विभिन्न समस्या भएकोले तथा विविध परम्पराहरु निभाउनुपर्ने जिम्मा महिलालाई भएकोले महिलाले शिक्षाप्रति इच्छा नराख्नुको कारण रहेको छ ।

### ४.२.८ महिलाले शिक्षा आर्जन गर्नुपर्ने आवश्यकता

नेपालको विभिन्न जातिहरु आज पनि विभेद र शिक्षाको अवसरबाट बञ्चित भएका छन् महिलाले न्याय माग्न र अधिकार लिन नसकेर आफ्नो आत्मसम्मान समेत गुमाउन पुगेको अवस्थामा छन् । जन्मनु पूर्वदेखि मृत्युपर्यन्त, व्यक्तिगत जीवनदेखि राजनीति र सार्वजनिक जीवनसम्म घरमा, विद्यालयमा, सडकमा , समाजमा, काम गर्ने ठाँउमा थुप्रै चरणहरुमा महिला विरुद्ध हिंसा, अपमान र दमन शोषणका विविध चक्रव्यहुमा खडा भइरहेको छन् । वर्षेनी कैयौ महिला तथा केटीहरु चेतनाको अभावमा यौन बजारमा बेचिएका छन् भने कैयौ महिला काम गर्ने ठाँउमा यौनजन्य दुर्व्यव्वहारको शिकार भएका छन् । बलात्कार, बालविवाह, वैवाहिक  बलात्कार, बहुविवाह, कतिपय अवस्थामा एसीडमा जलाइएका खबरहरु पनि देख्न र सुन्नमा आएको छ । बोक्सीको आरोप, दाइजोको नाममा हिंसा भइरहेकोछ । बादी, देउकी, छाउपडीको शिकार भइरहका छन् । कतिपय महिलाहरु आफ्नै परिवारको हिंसात्मक व्यवहारमा फसेका छन् । विकसित मुलुकको दाँजोमा हाम्रो जस्तो अतिकम विकसित देशमा महिलाको स्थिति कहाली लाग्दो छ । अर्न्तराष्ट्रिय परिप्रेक्ष्यमा नेपालको सन्दर्भलाई हेर्दा युगौदेखीको अबस्था जस्ताको त्यस्तै रहेको कहाली लाग्दो अवस्था छ । महिलाले शोषण उत्पीडन र पछौटेपनको शिकार बन्नुपरेको छ । सार्वजनकि तथा कानुनी हिसामा प्रगती देखिए पनि व्यवहारिक धरातलमा कार्यन्वयनको तह न्यून छ । विभेदकारी कानून समेत मेटिन सकेको छैन कतिपय क्षेत्रमा श्रमिक महिलाले पाउने ज्यालामा समेत असमानता रहेको छ । महिला निरक्षरताको अन्त्य हुन सकेको छैन । भौगोलिक विकटताले विद्यालयको दैलो टेक्न नपाएको धेरै बालबालिका यसै देशका रहेका छन् । विद्यालय सम्म पुगेका बालबालिकाहरु पनि आर्थिक अभावको कारण विचमै विद्यालय छोड्न बाध्य भएका छन् । यी सबैको एउटा मात्र कारण हो उचित खालको शिक्षा र चेतनाको कमि हुनु हो । त्यसैले महिलाले शिक्षा अनिवार्य पाउनुपर्दछ ।

यसैगरी अध्ययन क्षेत्रका महिलाको विचारमा पनि महिलालाई शिक्षा प्राप्त गर्न आवश्यक भएको धारणा व्यक्त गर्दछन् । जसलाई निम्न रुपमा हेर्न सकिन्छ ।

**तालिका नं. १३**

**महिलालाई शिक्षा आर्जन गर्नुपर्ने आवश्यकता**

| **क्र.स** | **कारण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | परिवार तथा बच्चालाई शिक्षित बनाउन | ३१ | ५४.४ |
| २ | भविष्यमा आत्मनिर्भर बन्न | १६ | २८.१ |
| ३ | पुरुषसरह सक्षम हुन | ८ | १४.० |
| ४ | अन्य | २ | ३.५ |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

अध्ययन क्षेत्रका उत्तरदाता महिलाहरु मध्यमा सबैभन्दा बढी महिला संख्या ३१ जना (५४.४ प्रतिशत) महिलाले आफुले शिक्षा आर्जन गर्नुपर्ने आवश्यकतामा परिवार तथा बालबालिकालाई शिक्षित बनाउन रहेको छ । नेपालको सन्दर्भमा धेरै अशिक्षित महिला भएकोले आफुले पढ्नुपर्ने आवश्यकता परिवार र बालबालिकालाई शिक्षित बनाउन सक्ने बन्नु रहेको छ ।

दोस्रोमा १६ जना (२८.१ प्रतिशत) महिला रहेका छन् जसको शिक्षा आर्जन गर्ने आवश्यकता भनेको भविष्यमा आत्मनिर्भर बन्नु र आर्थिक रुपमा सबल र सक्षम रहनु रहेको छ । त्यस्तै तेस्रोमा ८ जना (१४.० प्रतिशत) ले शिक्षा आर्जन गर्नुपर्ने आवश्यकता पुरुषसरह सक्षम हुन रहेको छ र अन्तमा अन्य कारणहरुमा २ जना (३.५ प्रतिशत) महिला रहेको तालिकामा देखाएको छ ।

### ४.२.९ समाजका शैक्षिक गतिविधिमा महिलाको चासो

आजको वैज्ञानिक र आधुनिक युगमा पनि यस अध्ययन क्षेत्रका महिलाहरु परम्परागत संस्कृति र रुडीवादी धारणाले बाँधिएका छन् । उनीहरुले घरभित्रको सम्पूर्ण कामहरु र खेतीपाती जस्ता विभिन्न कार्यहरुमा दिन बिताउनु परेको छ भने आयमुलक कार्यहरु र नोकरीमा उनीहरुको पहुँच नरहेको पाइएको छ । यसको प्रमुख कारण शिक्षाको अभावलाई लिन सकिन्छ । अशिक्षा नै सम्पूर्ण समस्याको जड हो भन्ने कुरा समय परिवर्तन सँगै यस क्षेत्रका महिलाहरुले बुझ्न थालेका छन् । तन मन धन लगाएर भए पनि आफ्ना बालबालिकालाई विद्यालय पठाउने कार्यमा संलग्न रहेका छन् साथै शिक्षाको महत्वलाई बुझेर समाजमा हुने अधिकांश गतिविधिहरुबाट पनि शिक्षा लिन सकिने मनसायले शैक्षिक कार्यक्रममा क्रमश चासो लिन थालेका छन् ।

**तालिका नं. १४**

**समाजमा हुने शैक्षिक गतिविधिमा महिलाको चासो**

| क.स | गतिविधि विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धेरै नै छ | ३९ | ६८.४० |
| २ | अलिकति छ | १५ | २६.३० |
| ३ | छैन | ३ | ५.३० |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

समाजमा हुने शैक्षिक गतिविधिमा ३९ जना महिला वा ६८.४० प्रतिशतको चासो धेरै नै रहेको छ भने दोस्रोमा १५ जना वा २६.३० प्रतिशतको अलिकति चासो रहेको छ । अन्तमा ३ जना वा ५.३० प्रतिशतमा शैक्षिक गतिविधिमा चासो नरहेको देखाँउछ ।

### ४.२.१० उत्तरदाता महिलाले बालबालिकाको पढाईमा गर्ने सहयोग

अहिलेको एक्काइसो शताब्दीमा पहुँच हरेक क्षेत्रमा हुनुपर्दछ भन्ने कुरा पुष्टी गर्न यहाँका महिलाहरु पनि परिवार एवं अन्य क्षेत्रहरुको साथ र सहयोग भयो भने उनीहरुको शैक्षिक स्तरलाई उकास्न सजिलो हुने कुरामा जोड दिन्छन् । जसमा घरपरिवारमा नारी र पुरुष बराबर हुन् भन्ने भावनलाई विकास गर्न सके उनीहरुको पढाईलाई अझ राम्रो पार्न सकिने र सबै क्षेत्रमा पहुँच पुर्‍याउन सकिनेमा विश्वास गर्दछन् भने केहिले महिला पुरुषको हक बराबर बनाउने वातावरण श्रृजना गर्न सके शैक्षिक स्तरमा वृद्धि गर्न सकिन्छ भन्ने धारणा लिएर आफ्ना बालबालिकालाई समेत पढाइमा सकेसम्म सहयोग गर्ने गरेको पाइएको छ र कतिपय निरक्षर महिलाहरुले पनि बालबालिकालाई पढ्नमा सहयोग गर्न चाहेको तर अशिक्षित भएका कारण सिकाउन वा कुनै सहयोग गर्न नसकेको बताएका छन् । जसलाई तलका तालिकाबाट स्पष्ट गर्न सकिन्छ ।

**तालिका नं. १५**

**उत्तरदाता महिलाले बालबालिकाको पढाइमा गर्ने सहयोग**

| क.स | सहयोग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सिकाउन आउदैन | १८ | ३१.५८ |
| २ | फुर्सद छैन | ५ | ८.७७ |
| ३ | बिहान बेलुका समय दिन्छु | ३४ | ५९.६५ |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

अध्ययन क्षेत्रका महिलाले शिक्षाको स्तरमा वृद्धि गर्न र आफ्ना बालबालिकालाई सक्षम बनाउन सकेसम्म सहयोग गरेको पाइएको छ । जसमा सबभन्दा बढी महिला संख्या ३४ जना (५९.६५ प्रतिशत)ले कामबाट फुर्सद लिएर बिहान बेलुकाको समय आफ्ना बालबालिकाको सहयोगको लागि दिएको कुरा माथिको तालिकाले देखाएको छ । त्यस्तै दोश्रोमा कतिपय महिला स्वयं आफु नै अशिक्षित भएको कारणले गर्दा १८ जना (३१.५८ प्रतिशत) ले सिकाउन आउदैन भनेको कुरा स्पष्ट छ । र अन्तमा केहि महिलालाई सिकाउन

आएर पनि फुर्सद नभएको बताँउदछन् । जसमा ५ जना (८.७७ प्रतिशत) महिला संख्या रहेको स्थलगत अध्ययनले देखाएको छ ।

### ४.२.११ उत्तरदाता महिलाको परिवारमा भएको स्थान

परिवारमा महिलाको भिन्दाभिन्दै खालको स्थान हुन्छ । त्यसमा आमा, छोरी, बुहारी, नन्द, सासु र भाउजु आदि विभिन्न खालको भुमिकामा महिला रहेका हुन्छन् । जसमा यस अध्ययन क्षेत्रका छनौटमा परेका महिलाहरुको परिवारमा भएको स्थानलाई तल हेर्न सकिन्छ:

**तालिका नं. १६**

**उत्तरदाता महिलाको परिवारमा भएको स्थान**

| क.स | स्थान | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आमा । सासु | २४ | ४२.१० |
| २ | बुहारी । छोरी | ३० | ५२.६० |
| ३ | भाउजु । बुहारी | ३ | ५.३० |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

विशेषत यो अध्ययनमा १५ वर्षदेखि ६५ उमेर समुहमा पर्ने बुहारीको शैक्षिक अवस्थाको अध्ययन गर्ने उदेश्यको कारण अधिकांश उत्तरदाता महिलाको स्थान बुहारी रहेको छ जुन सबभन्दा बढी संख्यामा ३० वा ५२.६० प्रतिशत रहेको छ । त्यस्तै दोश्रोमा पहिलेको बुहारी तथा आमा भइसकेका महिला संख्या २४ तथा ४२.१० प्रतिशत रहेका छन् भने तेस्रोमा भाउजुबुहारी ३ जना वा ५.३० प्रतिशत महिला संख्या परेका छन् ।

## ४.३ आर्थिक

### ४.३.१ प्रमुख पेशा

नेपाल कृषिप्रधान तथा विकाशोन्मुख मुलुक हो । नेपालको अर्थतन्त्र विशेषगरी गुजारामुखी परम्परागत कृषिमा आधारित छ । यस अध्ययन क्षेत्रका महिलाको पेशाको विवरण निम्न छ । अधिकांश महिलाको मुख्य पेशा कृषि रहेको छ । केहिले शिक्षण तथा

व्यापार तथा केहि आर्थिक रुपमा विपन्नले सहायक पेशाको रुपमा ज्याला मजदुरीमा लागेका छन् ।

**तालिका नं. १७**

**उत्तरदाता महिलाको प्रमुख पेशाको विवरण**

| क.स | मुख्य पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ४९ | ८६.०० |
| २ | व्यापार | ४ | ७.०१ |
| ३ | जागीर | ३ | ५.२४ |
| ४ | अन्य | १ | १.७५ |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

यस क्षेत्रका महिलाहरु मुलतः कृषि पेशामा नै संलग्न भएको देखियो । ५७ जना महिला उत्तरदातामध्ये कृषिमा संलग्न सबभन्दा बढी ४९ जना (८६.०० प्रतिशत), व्यापारमा ४ जना (७.०१ प्रतिशत), जागीरमा ३ जना (५.२४ प्रतिशत) र अन्य पेशामा संलग्न हुने १ जना (१.७५ प्रतिशत) रहेको पाइयो ।

### ४.३.२ उत्तरदाता महिलाको घर परिवारको स्वामित्वमा रहेको जमीन

**तालिका नं. १८**

**उत्तरदाता महिलाको घर परिवारको स्वामित्वमा रहेको जमीन**

| क.स | भु स्वामित्व | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धुर | १८ | ३१.६० |
| २ | कठा | ३१ | ५४.३८ |
| ३ | विगाहा | ५ | ८.७६ |
| ४ | छैन | ३ | ५.२६ |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

यस अध्ययन क्षेत्रमा धेरै जसो उत्तरदाता (३१ जना वा प्रतिशत) को कठामा जग्गा स्वामित्व रहेको पाइएको छ । १८ जना (३१.६० प्रतिशत)को जग्गा धुरमा रहेको छ, ५ जना (८.७५ प्रतिशत)को  विगाहामा रहेको छ भने ३ जना (५.२६ प्रतिशत) को जग्गा स्वामित्व नरहेको पाइएको छ ।

### ४.३.३ उत्तरदाता महिलाको कृषि उत्पादनको स्थिति

**तालिका नं. १९**

**कृषि उत्पादनको स्थिती**

| क.स | उत्पादनको स्थिती | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खान पुग्ने | ३७ | ६४.९१ |
| २ | खान र बेच्न पुग्न | ११ | १९.२९ |
| ३ | नपुग्ने | ९ | १५.८० |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

यस क्षेत्रका महिलाहरुले धेरै जसो परिवारमा खान पुग्ने ३७ जना वा (६४.९१ प्रतिशत) रहेका छ । खान र बेच्न समेत पुग्ने परिवारको संख्या ११ (१९.२९ प्रतिशत रहेको छ ।  ९ जना (१५.८० प्रतिशत) परिवारमा कृषि उत्पादनले खान नपुग्ने बताएका छन् ।

## ४.४ सामाजिक

समाज एउटा सबैको लागि समान रुपले समृद्धि हासिल गर्न पाउने साझा स्थल हो । सामाजिक क्रियाकलापमा लैङ्गिक  विभेदका आधारमा भेदभाव नगरीकन आफ्नो सक्रियता देखाउने अवसरहरु सबैका लागि समान रुपले उपलब्ध हुने अवस्थामा मात्र सबैको सन्तुलित विकाश सम्पन्न हुन्छ । समाजमा महिलालाई जिम्मेवार सदस्यको रुपमा जिम्मेवारी वहन गर्न महिला शिक्षित र आर्थिक दृष्टिकोणले सक्षम हुन जरुरी मानिन्छ । शिक्षा स्वास्थ्य सम्पती तथा रोजगारीमा सहजता र सामाजिक न्यायको सुनिश्चितता नभई महिलाले आफ्नो व्यक्तित्वको सही रुपले विकाश गर्न सक्दैनन् । सामाजिक रुपमा लैङ्गिक  विभेद भएको समाजमा सामाजिक न्याय हुन सक्दैन र सामाजिक न्याय नभई महिलाको

सामाजिक, आर्थिक, राजनैतिक र शैक्षिक विकास पनि हुन सक्दैन । महिलाप्रति गरिएका सामाजिक विभेद अन्त्य गदै समानताका आधारमा महिलालाई सम्मानपूर्ण व्यहार गरीनु आजको आवश्यकता रहेको छ ।

### ४.४.१ समाजमा महिलाको भुमिका

यो अध्ययन क्षेत्रका महिलामा सामाजिक रुपमा पनि चेतनारुपी बिकाशमा पनि वृद्धी हुदै गएको छ  र समाजमा हुने गतिविधिहरुमा उनीहरुको संलग्नतामा बृद्धि भएको पाइन्छ । जसलाई निम्न अनुसार हेर्न सकिन्छ ।

**तालिका नं. २०**

**समाजमा महिलाको भूमिका**

| क्र.स | महिलाको भूमिका | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला समुह | ४४ | ७७.१९ |
| २ | वन समुह | ७ | १२.२८ |
| ३ | अन्य | ६ | १०.५३ |
| जम्मा | | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

सामाजिक चेतनाको वृद्धिस्तर सँगै अन्य क्षेत्रका महिलाहरु जस्तै यस अध्ययन क्षेत्रका महिलाहरु पनि विभिन्न समुहहरु जस्तै आमा समुह, महिला समुह र अन्य विभिन्न खालका समुहमा समेत आबद्ध रहेर समाजका प्रत्येक कार्यहरुमा पुरुष सरह काम गर्न थालेका छन् । जसमा ५७ महिला उत्तरदाताहरु मध्यमा सबभन्दा बढी संख्या महिला समुहमा रहेर ४४ जना अथवा ७७.१९ प्रतिशतले सामाजिक भूमिका निर्वाह गरेका छन्, त्यस्तै ७ जना महिला संख्या वा १२.२८ प्रतिशतले वन समुहमा सक्रियता देखाएका छन् भने ६ जना वा १०.५३ प्रतिशतले अन्य समुहमा रहेर सामाजिक कार्य गरेका छन् ।

यस तालिकाबाट थाहा हुन्छ कि यस क्षेत्रका महिलाहरुमा पनि समाजलाई आफ्नो योगदान आवश्यक रहेको छ भन्ने धारणामा विकास भएको छ ।

### ४.४.२ छोरी बाहीर पढ्न पठाउने धारणा

छोरीलाई पढ्नको लागि घरबाहिर पठाउनुहुन्छ की हुदैन भन्ने प्रश्नमा छनौटमा परेका महिला उत्तरदाता संख्या ५७ मध्येमा ४४ जनाले छोरीलाई पनि छोरा सरह पढ्न घरबाहिर पठाउनुपर्छ भन्नेमा छन् भने १३ जनाले छोरीलाई घरबाहिर पढाउन नपठाउने विचार व्यक्त गरेका छन् । जसमध्येमा ८ जनाले घरबाहिर छोरीलाई पढ्न नपठाउनका कारण छोरीले घरको काम सिक्नुपर्छ भनेका छन् भने ३ जनाले घरबाहिर पठाँउदा विग्रेला भनेर र २ जनाले समाजले केही भन्ला कि भनेर वा छोरीलाई बाहिर पढ्न पठाए सामाजिक अपहेलना भोग्नुपर्छ की भनेर विचार व्यक्त गरेका छन् ।

## ४.५. उत्तरदाता महिलाको शिक्षा सम्बन्धी धारणाहरु

### ४.५.१ महिलाले शिक्षा हासिल गर्नुपर्ने कारणहरु :

शिक्षा मानिसको आँखाको ज्योती हो । शिक्षा विनाको मानिस पानी बिनाको माछा जस्तै अस्थित्व विहिन हुन्छ । पहिले पहिलेको समयमा शिक्षालाई त्यति महत्व दिइदैनथ्यो तर वर्तमान समयमा शिक्षा मानव जिवनको लागि अपरिहार्य तत्व बनेको छ । शिक्षा विना मानवले केही गर्न सक्दैन । त्यसैले शिक्षाको महत्व धेरै रहेको छ । तसर्थ छनौटमा परेका उत्तरदाता महिलाहरुले दिएको शिक्षा प्रतिको धारणालाई निम्न अनुसार प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं.२१**

**शिक्षा आर्जन गर्नका कारणहरु (उत्तरदाता महिला संख्या ५७)**

| क.स | कारणहरु | महिला संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिवारलाई आर्थिक रुपमा सम्पन्न वनाउन | ३६ | ६३.१५ |
| २ | छोराछोरी शिक्षित तथा चेतनशिल वनाउन | ६ | १०.५२ |
| ३ | महिला सक्षम भई समाजको सुसँस्कार रुडिवादी हटाउन | ५ | ८.८० |
| ४ | परनिर्भरता र लैङ्गिक विभेद हटाइ स्वतन्त्र बन्न | ४ | ७.०१ |
| ५ | पुरुषसरह अगाडि वढ्न र आफ्नो अधिकार प्राप्त गर्न | ३ | ५.२६ |
| ६ | अशिक्षित महिलालाई शिक्षामा प्रोत्साहन गर्न | ३ | ५.२६ |
| जम्मा | | ५७ | १०० |

माथिको तालिकाबाट के प्रस्ट हुन्छ भने छनौटमा परेका उत्तरदाता महिलाहरु मध्ये सवैभन्दा वढी ३६ जना वा ६३.१५ प्रतिशतले परिवारलाई आर्थिक रुपमा सम्पन्न वनाउन शिक्षा आर्जन गर्नुपर्ने वताएका छन् । दोश्रोमा ६ जना तथा १०.५२ प्रतिशतले छोराछोरी शिक्षित र चेतनशिल वनाउन शिक्षा आवश्यक रहेको वताएका छन् । त्यस्तै तेश्रोमा ५ जना तथा ८.८० प्रतिशतले समाजको कुसँस्कार र रुडीवादी हटाउन महिलाले शिक्षा आर्जन गर्नुपरेको वताउदछन् । ४ जना महिला संख्या (७.०१ प्रतिशतले ) परनिर्भरता र लैङ्गिक विभेद हटाउन र स्वतन्त्र वन्न महिला शिक्षा आवश्यक कारण वताउदछन् । त्यस्तै अन्त्यमा ३ जना वा ( ५.२६) प्रतिशत महिलाले पुरुषसरह अगाडि वढ्न आफ्नो अधिकार प्राप्त गर्न शिक्षा आर्जन गर्नुपरेको तथा ३ जना वा (५.२६) प्रतिशत अशिक्षित महिलालाई शिक्षामा प्रोत्साहन गर्न शिक्षा आर्जन गर्नुपरेको वताउदछन् ।

संक्षेपमा हेर्दा सवैभन्दा धेरै महिला संख्याले परिवार मा आिर्थक समस्या रहेको र आर्थिक रुपमा सम्पन्न वनाउन शिक्षा आर्जन गर्नुपरेको वताउदछन् ।

### ४.५.२ महिला शिक्षाले परिवारमा ल्याएको परिवर्तन

उत्तरदाता महिलाहरुको सकारात्मक धारणा अनुसार महिला शिक्षाले परिवारमा विभिन्न किसिमको परिवर्तनहरु आएका छन् जसलाई निम्न अनुसार हेर्न सकिन्छ ।

शिक्षा प्राप्त गरेका महिलाहरुको परिवारमा शिक्षाले ल्याएको परिवर्तनमा सबभन्दा वढी संख्या १० जनाले पुरुष सरह आत्मनिर्भर बन्न सकेको कुरा बताएका छन्, त्यस्तै पुरुषसरह काम गर्न नाम कमाउन र पुरुषभन्दा महिला कम नभएको देखाउन सकेका छन् भन्ने संख्या ४ रहेको छ । महिला शिक्षित भएको घर शिक्षित सु:खी र शान्त परिवार भएको संख्या पनि ४ रहेको छ । शिक्षाले ल्याएको परिवर्तनमा लैङ्गिक विभेद हटाएको छ भन्नेमा ४ जना रहेका छन् । छोराछोरीविचको विभेद अन्त्य गर्न अन्धविश्वास घटाउन तथा दाइजो र छुवाछुत हटाउन सकेकोमा ३ जना रहेका छन् । महिला शिक्षित भई विभिन्न संघसंस्थामा आबद्ध हुने, समुह संगठन गठन गर्न र गराउन तथा विकासका कार्यक्रम गराउन सक्षम भएका छन् भन्नेको संख्या ३ रहेको छ त्यस्तै शिक्षित महिलाले आर्थिक सामाजिक र शैक्षिक परिवर्तन ल्याउन सकेका छन् भन्नेको संख्या पनि ३ जना रहेको छ । पहिलेको तुलनामा परिवारको खानपान, रहनसहन, सरसफाईमा परिवर्तन भएको छ परिवार सभ्य र एक

आपसलाई बुझ्ने खालको र महिला पुरुषमा समान व्यवहार गर्ने भएको छ मा २ जना रहेका छन् । त्यस्तै बाकी २४ जना उत्तरदाता महिलाहरुको धारणामा शिक्षाले महिलामा विभिन्न परिवर्तन ल्याएको छ । शिक्षाले महिला आत्मनिर्भर भएका छन् जसले परिवारमा आर्थिक सहयोग पुगेको छ । समाजमा अगाडी गएर खुलेर बोल्न सक्ने भएका छन् । महिलाले शिक्षा कै कारण विभिन्न सिप र तालिम लिएर ज्ञान र क्षमता देखाउन सकेका छन् । महिलाहरुमा सकारात्मक सोचको विकास भएको छ । महिलाहरुको चेतनास्तरमा वृद्धि भई सभ्य भएका छन्, लैङ्गिक  विभेदमा कमि आएको छ । सामान्य घर व्यहार चलाउन अरुको भर पर्नुपरेको छैन । समाजमा भएका कुप्रथा वालविवाह, अनमेल विवाहमा नियन्त्रण भएको छ । शिक्षाकै कारण पुरुषसरह अधिकार प्राप्त गरेका छन् । महिला शिक्षित भएको सम्पूर्ण परिवार समाज शिक्षित भई ज्ञान सिप र क्षमतामा वृद्धि भएको छ । शिक्षा कै कारण अध्ययन क्षेत्रका महिलाहरुको विचारमा महिलामाथि हुने गरेका पुरुषको शोषण अधिन र दमन विरुद्धमा आवाज उठाई अधिकार खोज्न सफल भएका छन् । आत्मनिर्भर भई सानो खर्चमा पनि परिवार तथा श्रीमान्को भर पर्न परेको छैन, जसले गर्दा महिलाहरुमा आत्मविश्वास बढेको छ । महिला शिक्षित भएको परिवार पनि शिक्षित भएका छन् समाजका हरेक गतिविधिमा सहभागी भई जनचेतनामा वृद्धि भएको र सामाजिक तथा आर्थिक काममा सहयोग पुगेको छ । शिक्षित महिला र जनचेतनामा वृद्धि भएको कारण महिलामाथि हुने हिंसामा कमी भएको छ । पारिवारीक तथा सामाजिक क्षेत्रबाट हुने शोषण र विभेदपूर्ण व्यवहारमा कमी आएको छ । शिक्षित आमा भएको घर परिवारमा छोराछोरीको पढाई र व्यवहार राम्रो भएको छ । महिलालाई शिक्षाले स्वावलम्बी र स्वरोजगार बनाउन सकेको छ । आफ्ना बालबालिकालाई सिकाउन पढाउन सकेका छन् । परम्परागत अन्धविश्वास र रुडीवादी विश्वास क्रमश कमी ल्याएको छ । पहिलेको तुलनामा छोरा छोरी समान रुपमा विद्यालय जान पाउनु र हरेक क्षेत्रमा छोरा छोरी समान हुनुपर्छ भन्ने सकारात्मक सोच आएको छ । महिलाले शिक्षा प्राप्त गरेकै कारण परिवार शिक्षित भएको छ र शिक्षाको महत्व बारे जानकारी दिनु शिक्षाबिना केही गर्न सकिदैन भन्ने धारणाको विकाश भई परिवार र समाजमा सकारात्मक सोचको विकाश भएको छ ।

यसको विपरीत महिला शिक्षाले हाम्रो परिवार र समाजमा केही परिवर्तन ल्याएको छ त भन्ने प्रश्नमा केही महिलाहरुको धारणामा समाजमा रहेको अन्धविश्वासले सोचमा परिवर्तन ल्याउन समाज र परिवार नै बाधक रहेको बताएका छन् । ज्ञान प्राप्त रहेपनी

परिवार घरायसी तथा कृषि पेशाबाट अझपनि अलग्गीन पाएका छैनन् । जसले गर्दा महिला शिक्षाले चाहेर पनि समाज वा परिवारमा केहि परिवर्तन ल्याउन सकेका छैनन् । महिला शिक्षामा विकाश तथा समाज र परिवारमा परिवर्तन ल्याउन सामाजिक परम्परा, मुल्य मान्यता, अन्धविश्वास रुडीवादी जस्ता सामाजिक समस्याले गर्दा महिला शिक्षाको प्रभावकारीतामा बाधक बनेको केही उत्तरदाता महिलाको धारणा रहेको छ ।

### ४.५.३ उत्तरदाता महिलाको विचारमा पहिला सानो हुँदाको र अहिलको पढाईमा भएको भिन्नता

समय गतिशित छ । समयको परिवर्तनसँगै जीवनका हरेक पाटाहरुमा परिवर्तन हुदै गरेको पाइन्छ । त्यस्तै गरी शिक्षाको क्षेत्रमा पनि समयको अन्तरालसँग विभिन्न किसिमका परिवर्तनहरु भएको पाइन्छ । त्यसैगरी अध्ययन क्षेत्रका महिलाहरुको धारणामा रहेको पहिले र अहिलेको पढाइमा रहेको भिन्नतालाई निम्न रुपमा हेर्न सकिन्छ ।

- पहिलेको पढाई सैद्धान्तिक परम्परागत महत्वाहिन थियो भने अहिलेको पढाइ आधुनिक र व्यवहारिक तथा व्यवसायिक खालको तथा पढाइको ठुलो महत्व रहेको छ भन्ने महिला सवभन्दा वढी १२ जना रहेका छन् ।
- पहिले छोरा विद्यालयमा गएर पढ्ने अनि छोरीले वढी मात्रामा घरको काममा ध्यान दिनुपर्ने परम्पराले गर्दा घरको काम सकाएर मात्र पढ्न जान पाइन्थ्यो । जसले गर्दा छोराको तुलनामा छोरीको प्राथमिकतामा पढाई अतिमात्र घरको काम रहेको छ । समान रुपमा छोराछोरी विद्यालय पढ्न पढाइन्छ भन्ने महिला संख्या १० रहेको छ ।
- पहिलाको समयमा छोरीलाई पढाएर विग्रन्छन् पढाउनुहुदैन छोरालाई मात्र पढाउनुपर्छ भन्ने खालको विभेद थियो । तर वर्तमानमा भने छोरीलाई दाइजोको सट्टामा राम्रो खालको शिक्षा र सिप सिकाउनुपर्छ भन्ने धारणा राख्ने संख्या ८ रहेका छन् ।
- पहिला आर्थिक स्तर राम्रो हुनेले मात्र विद्यालयमा पढ्न जान्थे, छोराछोरीको पढाइमा पारिवारिक विभेद थियो तर अहिले त्यस्तो छैन धनी गरिब तथा छोराछोरी समान रुपमा पढ्न जान्छन् भन्नेको संख्या ७ जना रहेको छ ।

- पहिलाको पढाइ सामान्य लेखपढ गर्नको लागि वा साक्षर बन्नको लागि मात्र थियो तर अहिलेको पढाइ विशिष्ट खालको ज्ञान आर्जन तथा सक्षम वन्न सक्ने खालको छ भन्नेमा ६ जना रहेका छन् ।
- शुरुमा विद्यालय कक्षा कोठा थिएन जमिनमा वसेर पढ्नुपदथ्यो । पाठ्यसामग्री जुटाउन आफै काम गर्नुपर्दथ्यो । तर अहिले विद्यालयमा कक्षाकोठा, टेवल पाठ्यसामाग्री सवै सुविधा छ । आमावुवाले पनि यस सम्वन्धमा सक्दो सहयोग गर्दछन् भन्नेको संख्या ५ जना रहेको छ ।
- पहिले छोरीको पढाइलाई अर्काको घरको इज्जत वढाउन र विवाह गर्न सजिलोको लागि हुन्थ्यो तर अहिले छोरीलाई पनि सक्षम र आत्मनिर्भर वनाउनुपर्दछ भन्ने विचारमा ४ जना महिला रहेका छन् ।
- पहिलेको पढाइ सरकारी विद्यालय र नेपाली माध्यममा मात्र थियो तर अहिले सरकारी निजी अग्रेजी तथा नेपाली दुवैमा पढ्न पाइन्छ भन्नेको महिला संख्या ३ जना रहेको छ ।
- पहिला विद्यालय घर देखि टाढा थियो । तर अहिले नजिक भएकोले पढ्न ज्ञान सहज छ भन्ने उत्तरदाता महिलाको संख्या २ जना रहेको छन् ।

(स्रोत : स्थलगत अध्ययन, २०७५)

### ४.५.४ आधुनिक शिक्षाले उत्तरदाता महिलाहरुको बालबालिकामा पारेको प्रभाव :

उत्तरदाता महिलाको बालबालिकामा आधुनिक शिक्षाले सकारात्मक र नकरात्मक दुवै खालको प्रभाव पारेको पाइन्छ ।

१. सकारात्मक प्रभाव

आधुनिक शिक्षाले उत्तरदाता महिलाको बालबालिकामा निम्न प्रभाव पारेको छ । बालबालिकामा किताबको साथै विश्वका सम्पुर्ण घटनाको जानकारी लिन सक्ने क्षमतामा वृद्धि भई सकारात्मक सोचको विकास भएको छ । बालबालिकामा प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास भई व्यवहारिक, प्राविधिक तथा प्रयोगात्मक शिक्षा लिन सक्ने भएका छन् । अत्याधुनिक साधनको प्रयोगले वालबालिकाको सिप सिक्ने क्षमतामा वृद्धि भएको छ ।

बालबालिकाहरु आधुनिक साधनमा खेल्न मन पराएको पाइन्छ । बालबालिकाको इच्छा चाहना क्षमता र प्रतिभा अनुसारको शिक्षाले बच्चामा सकारात्मक प्रभाव पारेको तथा बालबच्चाहरु आत्मविश्वासी र पूर्ण रुपमा सिप क्षमताको साथ कार्य गर्न सक्ने भएको कुरा त्यहाँका महिलाहरु बताँउदछन् । आधुनिक शिक्षाले बच्चाको सोचमा परिवर्तन भई शिक्षा आवश्यकता हो भन्ने बुझेका छन् र बौद्धिक क्षमतामा वृद्धि भएको छ । बच्चाहरु केहि नया कुरा छिटो सिक्ने भएका छन् । आधुनिक शिक्षाले बालबालिकालाई सिप सिक्न, सक्षम बन्न, आत्मनिर्भर बन्न सिकाएको छ । सिकाई शैली सहज र खेल खेलमा सिक्ने वातावरण बनाएकोले बालबालिकाहरु केहि कुरा छिटो सिक्ने भएका छन् । आधुनिक शिक्षाले बालबच्चालाई सिप सिक्न, सक्षम बन्न आत्मनिर्भर बन्न सिकाएको छ । सिकाई शैली सहज र खेल खेलमा सिक्ने वातावरण बनाएकोले बच्चाले बालमैत्री वातावरणमा सिक्न पाएका र मनोभावना सकारात्मक रहेको छ भने खेल्ने पढ्ने रमाइलो तरीका कम्प्युटर प्रविधिको प्रयोगले बालबच्चाहरु पढ्नमा उत्साहित छन् विद्यालयमा जान रुचाँउदछन् । आधुनिक शिक्षाले प्रयोगात्मक शिक्षा प्राप्त गर्ने अवसर दिएको छ । टि.भी.मोबाइल, ल्यापटप आदी अत्याधुनिक सामान प्रयोग गर्न सक्ने भएका छन् साथै विश्वमा भएको घटना खोज तथा प्रयोगलाई नजिकबाट नियालेर सिक्न सक्ने भएको कुरा त्यहाँका महिलाहरु बताउँदछन् ।

२. नकारात्मक प्रभाव

आधुनिक शिक्षाले बालबालिकामा सकारात्मकताको साथ साथै केहि नकरात्मक प्रभाव पनि पारेको छ । विश्वमा भए गरेका घटनाहरुको ज्ञान लिन सकेतापनि आफ्नो भाषा धर्म, संस्कृति विर्सदै गएका छन् । बालबालिकाहरुको आफ्नो मौलिकतामा कमी आएको छ । विदेशी धर्म संस्कृतीको नक्कल गर्ने बानी बढेको छ । आफ्नो धर्म संस्कृति विर्सदै मर्यादा विर्सीएका छन् । ठूलालाई आदर र सम्मान गर्ने सभ्यतामा ह्रास आएको छ । बच्चाहरुमा आफ्नो सृजनशिलतामा ह्रास आएको छ । प्रविधिको तथा आधुनिक सामाग्रीको प्रयोगबाट नक्कल गर्ने बानीको विकाश भएको छ । बालबालिकाहरुमा आफ्नो जीवनशैली भन्दा विदेशी रहनसहन मन पराउन थालेको यस अध्ययन क्षेत्रका बच्चामा पाइन्छ ।

संक्षेपमा भन्नुपर्दा प्रभाव पार्ने माध्यममा संचार माध्यम टेलिफोन, टि.भि, रेडियो, पत्रपत्रिका कम्प्युटर इन्टरनेट, यातायात संचार माध्यम प्रविधि आदी रहेको छ ।

### ४.४.५ उत्तरदाता महिलाको शिक्षा प्रतिको धारणा (शिक्षा कस्तो होस भन्ने चाहनुहुन्छ)

मध्यनेपाल नगरपालिका वडा नं. १ उत्तरदाता महिलाहरुको शिक्षा कस्तो हुनुपर्दछ भन्ने धारणालाई निम्न रुपमा व्यक्त गरेका छन् ।

वर्तमान शिक्षा समाज, देशको धर्म र रहनसहन संस्कृति र रितिरिवाज सुहाउने र सहज खालको हुनुपर्छ भनेका छन् । अधिकांश महिलाको धारणा शिक्षा आत्मनिर्भर बन्न सक्ने व्यवसायिक खालको हुनुपर्छ भन्ने रहेको छ । शिक्षा जागीर खाइपरिवार पाल्न सक्ने, ठूलो मान्छे बन्नसक्ने खालको हुनुपर्छ भन्ने धेरैको धारणा छ । केहिले शिक्षा घरमै बसेर पढ्न मिल्ने खालको खुला तथा दुर शिक्षा होस् भन्ने चाहन्छन् । समान रुपमा धनी गरिब, महिला पुरुष सबैलाई समेट्ने खालको कुनै पनि भेदभाव नभएको र भविष्यमा केहि राम्रो काम गरेर देखाउन सक्ने शिक्षा हुनुपर्छ भन्ने केहि महिलाहरुको चाहना छ । धेरैजसो ग्रामीण महिला गरिब भएकोले शिक्षा लिएर परिवारको आर्थिक रुपमा जीवनस्तर उकास्न सक्ने खालको हुनुपर्ने धारणा केही महिलाहरुको रहेको छ । यहाँका महिला शिक्षा बालमैत्री वातावरण, निशुल्क सिपमुलक र ज्ञानवर्धक, हुनुपर्दछ भन्ने चाहन्छन् । वर्तमान शिक्षा पाठ्यसामाग्रीको अधिकतम प्रयोग, छोरा र छोरीलाई समान रुपमा आत्मनिर्भर बन्नसक्ने प्राविधिक शिक्षा हुनुपर्दछ, त्यस्तै अन्धविश्वास हटाई आफ्नो धर्म संस्कृतिकै पनि जर्गेना गर्न सक्ने, सामाजिक विसंगती हटाई सभ्य समाजको निर्माण गर्न सक्ने, सबैजात वर्ग धर्मको लागि लैङ्गिक समानता ल्याई समान अवसर प्राप्त गर्न सक्ने खालको हुनुपर्दछ । शिक्षा प्राप्त गरीसकेपछि अरुलाई सिकाउन सक्ने क्षमता व्यक्तिमा हुनपर्छ । सबै वर्गको लागि शिक्षा समान अधिकार हुनुपर्छ । वर्तमान शिक्षा बालमैत्री बच्चाको भावना चाहना अनुसारको भए राम्रो हुने कुरा यहाँका महिलाहरुको चाहना छ । उत्तरदाता महिलाहरु शिक्षा सहज सरल भाषा पिछडीएको वर्गको उत्थान गर्ने समावेशी खालको हुनुपर्ने बताउँदछन् । त्यस्तै शिक्षा गरीबी तथा अन्धविस्वास हटाउने खालको वैज्ञानिक रोजगारमुलक, व्यवहारिक, नैतिकवान, रोजगार प्राप्त गर्न सक्ने तथा परिवारको भविष्य उज्वल बनाउन सक्ने खालको, प्रतिस्पर्धात्मक रुपमा अगाडी बढ्न सक्ने खालको शिक्षा हुनुपर्ने सोच रहेको छ । समयको आवश्यकता अनुसारको सबैले बुझ्ने खालको सहज र सरल ज्ञानमुलक शिक्षा यहाँका महिलाको चाहना रहेको छ ।

### ४.५.६ शिक्षा सबैको पहुँचमा सहजै पुग्न नसक्नाका कारणहरु

शिक्षा पाउनु सबैको नैसर्गिक अधिकार हो । यति भएर पनि कतिपय ग्रामिण घर परिवारहरुमा त शिक्षा सबैले समान रुपमा लिनुपर्दछ भन्ने भावना नै नभएको पाइन्छ । भने कतिपय अवस्थामा यसबारे जानकारी कतिपयलाई भएर पनि पारिवारीक कारण, आर्थिक अवस्था जनचेतनाको कमी घरबाट विद्यालयसम्मको दुरी टाढा रहनु, गरिबीको कारण गाँस बास र कपासको आवश्यकता पूरा गर्ने क्रममा शिक्षाको महत्वबारे अनविज्ञ हुनु आदी कारणले गर्दा पनि सबैको पहुँचमा शिक्षा पुग्न सकेको छैन ।

यस्तो अवस्थामा उत्तरदातामा महिलासँग शिक्षालाई सबैको पहुँचमा पुग्न नसक्नाको कारणहरु निम्न अनुसार हेर्न सकिन्छ । नेपाल आर्थिक रुपमा धेरै पछाडी छ त्यसैले अध्ययन क्षेत्रका महिलाको विचारमा शिक्षा सबैको पहुँचमा पुग्न सक्नको कारण गरिबी हो । यही गरिबीको कारण चेतनामा कमी तथा पढ्नुको सट्टा मजदुर गरी पेट पाल्नुपर्ने अवस्था मुख्य कारण रहेको छ । परिवारको आर्थिको सामाजिक अवस्था असमान भएकोले गाँस बाँस कपासको आवश्यकतालाई पुरा गर्न शिक्षाप्रति चासो नगरेको पाइन्छ । घरदेखी विद्यालय सम्मको दुरी टाढा रहनु तथा देशका हरेक कुना कुनामा पर्याप्त मात्रामा विद्यालय नहुनु विपन्न वर्गलाई प्रोत्साहनमुलक कार्यक्रम नहुनु चेतनाको कमी हुनु र गरिबीको कारणले गर्दा बालमजदुरको संख्या बढी हुनु पनि अर्को महत्वपूर्ण कारण रहेको मान्दछन् । अझ पनि छोरा छोरी विचको शिक्षा समान हुनुपर्छ भन्ने भावना छैन । परिवारमा छोराको महत्व बढी र छोरीको महत्व नगन्य मात्रामा रहेको कारण पनि शिक्षाको पहुँच सहज नहुने कारण हो । वर्तमानमा शिक्षा महङ्गो र कमाई खाने भाँडो बन्नु,न्युन आयस्तर भएकालाई असहज हुनु र माग अनुसारको शिक्षा लिने वातावरण नहुनु हो भन्ने मान्यता राख्दछन् । भिन्न भिन्न मनोभावना अनुसारको शिक्षा नभई समान खालको शिक्षा हुनु, रुडीवादी परम्परा अन्धविश्वास पुरातन रितिरिवाजको जगेर्ना गर्नुपर्ने विभिन्न खालका धार्मिक तथा सामाजिक मूल्य मान्यता, न्यून आयस्तर तथा पढ्नुपर्छ भन्ने चेतना नहुनुले गर्दा पनि शिक्षाको पहुँच सबैमा सहज छैन । नीजिको तुलनामा सरकारी शिक्षालाई नराम्रो मान्ने पद्धती तथा शिक्षाको क्षेत्रमा विशेष कानुन नहुनु पनि अर्को कारण मानिन्छ । शैक्षिक नीति कार्यन्वयन पक्ष कमजोर हुनु पनि रहेको छ । नेपाल जस्तो मुलुकमा भौगोलिक विकटता शिक्षाको अवसरबाट बञ्चित गराउने अर्को तत्व हो । शैक्षिक कार्यक्रमहरु शहर केन्द्रित मात्र हुनु,

सञ्चार प्रविधि र शिक्षाको महत्वबारे बुझाउन नसक्नाले जनचेतनामा कमि आउनु, गरिब तथा पिछडीएका वर्गको संख्या धेरै हुनु, आर्थिक अभाव तथा पारिवारीक पछौडेपन पनि शिक्षाको पहुँच पुग्न नसक्नाको अर्को कारण मानिन्छ । आफ्नो धर्म परम्परा धान्नुपर्ने बोझले पनि शिक्षाबाट बन्चित भएका छन् । समाजमा रहेको आर्थिक अवस्था कमजोर, गरिबिको कारण घरको काममा आमाबाबुलाई सघाउनुपर्ने भएको कारणले तथा पढाईपछिको बेरोजगारीको संख्या वढी वा शैक्षिक बेरोजगारको संख्या बढी भएको कारणले पढेर केहि हुदैन भन्ने नकरात्मक मनोभावना र नैरास्यता पैदा हुनु र आर्थिक अवस्था झन्. कमजोर हुनु पनि शिक्षाको पहुँचमा सहजता ल्याउन नसक्नु अर्को कारण उत्तरदाता महिलाको विचारमा छ । सिमित व्यक्तिको गलत र संकुचित सोचका कारण र दुरदर्शितामा कमीको कारण भय र साँगुरो खालको सामाजिक सोच पनि अर्को कारण रहेको बताउँदछन् । पछाडी परेका र न्युन आयस्तर भएका वर्गको लागि छुट्टै खालको शैक्षिक वातावरण नहुनुपनि शिक्षाको पहुँचमा सहजता नहुनु अर्को मुख्य कारण मानिन्छ ।

संक्षेपमा भन्नुपर्दा उत्तरदाता महिलाको विचारमा गरिबी अशिक्षा, आर्थिक अवस्था कमजोर, सामाजिक मुल्य मान्यताको जगेर्ना गर्नुपर्ने शिक्षा लिन उचित वातावरण नहुनु शैक्षिक नीति शहर केन्द्रित हुनु, भौगोलिक विकटता तथा विद्यालय टाढा हुनु, शिक्षाको महत्वबारे जानकारी वा चेतना नहुनु आदी मुख्य रहेको मानिन्छ ।

### ४.५.७ पुरानो व्यवहारलाई परिबर्तन गर्न शिक्षाले खेलेको भुमिका (उत्तरदाता महिलाको विचारमा)

शिक्षा त्यस्तो ज्ञानको ज्योती हो जसले पुराना तथा नराम्रा खालका व्यवहारलाई परिवर्तन गरी सकारात्मक तर्फ लैजान्छ । यहाँ उत्तरदाता महिलाको विचारमा पुराना व्यवहारलाई विकाश गर्न शिक्षाले खेलेको भुमिकालाई निम्न अनुसार बताँउदछन् ।

वर्तमानमा शिक्षाको कारणले छोरीलाई अनिवार्य तथा गुणस्तरीय शिक्षा दिनुपर्दछ भन्ने चेतनामा वृद्धि गरेको छ । रुडीवादीको अन्त्य हुदै गएको छ । अन्धविश्वास हटाई राम्रो ज्ञान र धारणामा विकाश भएको छ । सकारात्मक सोचमा वृद्धि भएको छ । धामी झाँक्री झारफुक र बोक्सी जस्ता कुरामा विस्वास हटेको छ । विरामी पर्दा धामी झाक्री होइन अस्पताल जानुपर्छ भन्ने सोचमा विकाश भएको छ । समाजमा रहेको कुसँस्कार, प्रथा

छाउपडीलाई हटाउन खोजेको छ । शिक्षाले सकारात्मक सोच ज्ञान व्यवहार र काम गर्ने तरिकामा परिवर्तन गर्दछ । जसको कारण कुलतमा लागेको व्यक्तिलाई सुमार्गमा ल्याउन शिक्षाले सकारात्मक भुमिका खेलेको कुरा उत्तरदाता महिला बताउनुहुन्छ । तल्लो र उपल्लो जात भन्ने सोचमा परिवर्तन भई समाजमा सबै जातजाति वर्ग समान हो भन्ने चेतना फैलाएको छ । नराम्रा बानी कुरीती र संस्कारलाई हटाई सकारात्मक र असल व्यवहारको शुरुवात तथा हस्तान्तरण गर्न शिक्षा नै सफल भएको मानिन्छ । पुराना मुल्य मान्यतालाई फाल्दै तथा र सकारात्मक व्यवहारको निर्माण गर्न सकेको छ । जसको उदाहरण पैत्रीक सम्पत्तीमा छोरीलाई पनि समान अधिकार हुनुपर्छ भन्ने चेतना शिक्षाले नै दिएको मान्दछन् । शिक्षाले नै राम्रा चालचलन, परम्परा संरक्षण र नराम्रालाई छोडदै जान सहयोग गरेको छ । उत्तरदाता महिलाको विचारमा ठूलालाई सम्मान, सानालाई माया, पाहुनलाई सत्कार सदभाव, सामाजिक मेलमिलाप जस्ता चालचलन नयाँ पुस्तामा हस्तान्तरण गर्न सकेको छ । अध्ययन क्षेत्रका महिलाको विचारमा शिक्षा प्राप्त गर्ने व्यक्ति समभ्रुदार हुन्छ वृद्धिको प्रयोग गरी मुर्खलाई सही मार्गमा ल्याउन र विग्रेको काम बनाउन सक्दछ, शिक्षाले गर्दा छुवाछुत प्रथाको अन्त्य भएको छ । परिवारको अन्य सदस्यले समेत छोएको नखाने मानिसहरु बाहिर होटलमा समेत खाने भएका छन् । शिक्षाले गर्दा महिलाहरु पनि पुरुषहरु सरह बौद्धिक र शैक्षिक रुपमा सबल भई विभिन्न क्षेत्र प्रशासनिक, शैक्षिक तथा प्राविधिक क्षेत्रमा सफल भएका छन् । विभिन्न सामाजिक समुहहरु आमा समुह, बनसमुह आदीमा आबद्ध भई अगाडी बढेका छन् आयआर्जनमा पुरुषको सहयात्री बन्न सकेको कुरा पनि अध्ययन क्षेत्रका महिलाहरु बताउदछन । विभिन्न जात धर्मको विचमा भेदभाव कम गराएको छ । छोरा छोरी विचमा भएको विभेदपूर्ण व्यवहारमा कमी आएको छ । छोराछोरी र महिला पुरुष समान र बराबरी हिस्साका पात्र हुन् भन्ने अथवा महिला पुरुष समान तथा एक रथका दुई पांग्रा हुन् भन्ने सोचमा विकाश भएको कुरा महिलाहरु बताँउदछन् शिक्षाले रुडीवादी परम्पराको अन्त्य गरी आधुनिक व्यवहार सहभागिता र जनचेतनामा वृद्धि गरेको छ । शिक्षाकै कारण फजुल खर्च रोकी वचत गर्ने बानीको विकाश गरेको छ । शिक्षाले गर्दा व्यक्तिको क्षमतामा वृद्धि भएको छ । महिला चलाख भएका छन् । अधिकार र जिम्मेवारीको बोध शिक्षाले गराएको छ । शिक्षाले गर्दा बहुविवाह अनमेल विवाह, दाइजो लिनुदिनु नराम्रो प्रथा मानेर रोक लगाउन सकेको छ । शिक्षित व्यक्तिको सकारात्मक सोचले पुरातनवादी समाज परिवर्तन गर्दछ । पतिको मृत्युपछि श्रीमतीले रातो लगाउन नहुने चलनमा परिवर्तन गरेको छ । समाजमा

रहेको जाति वर्ग वर्ग विचको छुवाछुत महिलाको पति वा श्रीमान् भगवान नै हो भन्ने मान्यतामा कमी आई चेतनामा वृद्धि गराएको छ । शिक्षित श्रीमानले हरेक कुरामा श्रीमतीको इज्जत गर्दछ, सम्मान गर्दछ तर अशिक्षितले गर्दैन । शिक्षाले गर्दा अन्याय र अत्याचार सहेर नै बस्ने महिलाहरु शिक्षाले गर्दा बलियो बनाएको छ । आफ्नो अधिकार लिन र अन्यायको विरुद्धमा आवाज उठाउन सक्ने बनाएको अनुभव बताँउदछन् । उत्तरदाता महिलाहरु शिक्षित व्यक्तिको दिमाग र सोच सकारात्मक हुन्छ । उसले अरुको इज्जत गर्न जान्दछ र सबै समान र मिलेर बस्नुपर्छ भन्ने चेतनाको विकास हुन्छ । शिक्षाकै कारण मान्छेभित्रको क्षमता विकास र प्रस्फुटन गर्न मद्धत मिल्दछ भन्दछन् । आदर सत्कार सामाजिक मान मर्यादाको पाठ शिक्षारुपी ज्ञानले सिकाँउदछ । पारीवारिक विभेद र हिंसाविरुद्ध आवाज उठाई न्याय र अधिकार खोज्न पनि यहि शिक्षाले सकेको मान्दछन् ।

### ४.५.८ बर्तमान शिक्षा नीति देश अनुसार समय सापेक्ष छ त - (उत्तरदाता महिलाको जवाफ)

यस मध्यनेपाल नगरपालिका वडा नं. १ का महिलाहरुलाई वर्तमान शिक्षा नीति देश अनुसार समय सापेक्ष छ त भन्ने प्रश्नको उत्तरमा धेरैजसो महिलाले यो शिक्षा नीति सापेक्ष छ तर व्यवहारमा लागू हुन नसकेको बताएका छन् हाम्रो देशको अधिकांश मानिसहरु गरिबीका कारणले गर्दा पढ्न पाएका छैनन् । कमजोर र पिछडीएका वर्गको उत्थान नीतिमा मात्र लागू छ । नीति सापेक्ष भएपनि समान रुपमा सबै वर्ग समुदायले फाइदा नलिई केहि सिमित समुदाय र व्यक्तिले मात्र लिएको कुरा अध्ययन क्षेत्रका महिला बताँउदछन् यो नीति समय सापेक्ष भएपनि समग्र समाज र सिंङ्गो देशलाई सुहाउने खालको नभएको अवस्था छ शिक्षा नीति पाठ्यक्रम एकातिर छ भने रोजगारी व्यवसाय शिक्षाको प्रयोग अर्कोतफ छ जुन वर्ग र समुदायले फाइदा उठाउन सक्नुपर्ने हो त्यही वर्ग झन् पिछडीएको छ र यस वर्गको उत्थान गर्ने नीति अव्यवहारिक भएको छ । शिक्षा नीति र शिक्षामा तालमेल छैन माथिल्लो बर्गलाई मात्र आधार मानेर बनाएको नीति समय सापेक्ष नभएको तथा पुरुष निर्मित नीति पुरुषलाई मात्र हुने खालको छ । अन्य देशको देखासीकी भएको र वास्तवीक देश र समाजको भन्दा भिन्न भएको स्थानिय महिलाहरु बताँउदछन् । आर्थिक अवस्था कमजोर तथा अनाथ बालबालिकालाई नीतिले उकास्न सकेको छैन परम्परागत मुल्य मान्यताका कारण पुरुष बलियो र महिला कमजोर भई शिक्षा लिन संघर्ष गर्नुपर्दछ । महिला शिक्षामा

जोड दिने नीति भएपनि कार्यन्वयन छैन । शिक्षा नीति बेरोजगार उत्पादन गर्ने खालको र रोजगारीको लागि विदेश जानुपर्ने अवस्था छ । छात्रा शिक्षा जो गरिबलाई छात्रवृति र पाठ्यसामाग्री वितरण भएपनि सबै समक्ष पुग्न सकेको छैन । सरकारी विद्यालयमा मा.वि. सम्मको शिक्षा निशुल्क भएकोले केही हदसम्म सापेक्ष मान्नुपर्छ । पढ्न चाहनेलाई स्वतन्त्र भएर पढ्न पाउने अधिकार भएकोले केहि हदसम्म सापेक्ष भएको उत्तरदाता महिला बताँउदछन् ।

### ४.५.९ शिक्षालाई समय सापेक्ष बनाउन सरकारी क्षेत्रले चाल्नुपर्ने कदमहरु (उत्तरदाता महिलाको विचारमा)

शिक्षालाई समय सापेक्ष बनाउन उत्तरदाताको विचारमा सरकारी क्षेत्रले चाल्नुपर्ने कदमहरुलाई निम्न अनुसार बताएका छन् ।

सर्वप्रथम समाजमा रहेका छोरा छोरी समान हुन् भन्ने चेतना मुलक कार्यक्रम ल्याउनुपर्ने तथा धनी र गरिब महिला पुरुषको लागि समान खालको शिक्षा हुनुपर्ने तथा पिछडीएको वर्गको उत्थानको लागि विशेष खालको कार्यक्रम हुनुपर्नेमा जोड दिएका छन् । व्यक्तिको इच्छा क्षमता अनुसार पढ्ने व्यवस्था तथा शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने तथा शिक्षण तरीकामा परिमार्जन ल्याउनुपर्ने धारणा छ । वर्तमान शिक्षा नीति समयको माग अनुसार परिमार्जन गर्नुपछ । स्थानीय भाषा रहनसहन अनुसार सुहाउने नीति कार्यन्वयन गर्नुपर्ने देशमा रहेको बालमजदुरीलाई निरुत्साहित गर्नुपर्ने, शिक्षा ब्यवसायीक खालको बताउनुपर्ने, शिक्षा नीति र पाठ्यक्रमको तालमेल मिलाउनुपर्नेमा धेरै जसो महिलाको भनाई रहेको पाइन्छ । सबै वर्गमा समान रुपमा शिक्षाको अवसर पुग्ने खालको कार्यक्रम गर्नुपर्ने, विद्यालयमा आधुनिक शिक्षा पद्धती, गुणस्तरीय शिक्षा, तथा पुस्तकालय र कम्प्युटरको व्यवस्था सबै विद्यालयमा हुनुपर्ने व्यवसायिक र व्यवहारिक खालको शिक्षा पद्धती लागु गर्ने र समय समयमा पाठ्यक्रमको मुल्यांकन गर्नुपर्ने धारणा महिलाहरुको छ । शिक्षालाई सापेक्ष बनाउन सरकारले विद्यालयको पर्याप्त सुविधा, समय अनुकुल पाठ्यसामाग्री र शैक्षिक चुनौतिलाई मध्यनजर गर्दै नीति निर्माण र कार्यन्वयन गर्नुपर्दछ । पिछडीएको स्थान वर्गको अवस्था सुद्रीढ गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन गर्नुपर्ने र बुझ्ने भाषाको प्रयोग गर्नुपर्ने साथै महिला शिक्षित भए पुरै घर, समाज अनि देश शिक्षित हुन्छ । शिक्षामा राजनैतिक हस्तक्षेप कम, सार्वजनिक विद्यालयको गुणस्तर र पहुँचको वृद्धि, असहाय र न्युन वर्गलाई

सहयोग पुग्नेगरी समावेशी शिक्षामा जोड दिनुपर्दछ । महिला पुरुष तथा धनी गरिब दुवै वर्गको भेदभाव अन्त्य गरी दुवैको आवाजको मध्यविन्दुको खोजी गर्नुपर्ने, प्राविधिक तथा व्यवसायिक खालको शिक्षामा जोड दिनुपर्ने सरकारले व्यक्ति समाज र स्थानको क्षमतालाई अवलोकन गरी विशेष खालको कार्यक्रम सञ्चालन गर्नुपर्दछ भन्ने उत्तरदाता महिला बताउँदछन् । आफ्नै देशमा शिक्षा लिई देशकै निम्ति केही गर्ने चेतना नागरिकहरुमा दिलाउनुपर्छ सरकारी विद्यालयको शिक्षा नीजि विद्यालयमा जस्तै गुणस्तरीय र अंग्रेजी भाषालाई समेत लिएर जानुपर्छ जुन समयको माग हो । शिक्षाको गुणस्तरमा वृद्धि शैक्षिक अवसर समान अनि मातृभाषामा शिक्षा हुनपर्ने तथा शिक्षालाई सरकारले प्राविधिक र सिपमुलक बनाउनुपर्ने वातावरण सृजना गरेमा मात्र सरकारको शिक्षा नीति समय सापेक्ष हुन्छ ।

महिला सशक्तीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने तथा शिक्षित जनशक्तिलाई रोजगारीको ग्यारेन्टी गर्ने, बढी महत्व भएका शैक्षिक गतिविधिहरुमा प्रोत्साहन गर्ने तथा जनभावना अनुसार नीति नियममा सुधार गर्दै लैजानुपर्ने विभिन्न पछाडी परेको जात धर्म वर्ग समुदायको भाषा अनुसारको शिक्षालाई प्रोत्साहन गर्नुपर्दछ । कृषिप्रधान देश नेपाल भएकोले कृषिमा आधुनिकीकरणको तरिका ल्याई रोजगार दिन सक्नुपर्छ । अन्तरविद्यालय सिकाई आदान प्रदान भ्रमण गर्ने, कमजोर तथा जेहेन्दारलाई छात्रवृत्ती दिने छात्रा शिक्षा वेवास्ता गर्ने अभिभावकलाई सामाजिक बहिस्कारको व्यवस्था गर्नुपर्नेमा महिलाहरुको जोड रहेको छ । बालमैत्री छात्रा शिक्षा, गृहिणी शिक्षा सचेतनामा जोड दिई छात्रा शिक्षा सन्जाल विकास गर्नुपर्ने तथा समयको माग अनुसार पुराना मान्यतालाई त्याग्ने पारिवारिक तथा सामाजिक जनचेतनामा वृद्धि गरेको खण्डमा मात्र सरकारले शिक्षालाई समय सापेक्ष बनाउन सक्ने अध्ययन क्षेत्रका महिलाहरुको विचार छ ।

### ४.५.१० **महिला र पुरुष विचमा भएका बिभेदहरु (उत्तरदाता महिलाको धारणामा)**

हाम्रो नेपाली समाज पितृसत्तात्मक समाज भएकोले अझसम्म पनि समाज तथा परिवारमा महिलाको तुलनामा पुरुष बलियो र महत्वपूर्ण भुमिकामा राखिएको छ । त्यसैले समाजमा हुने गरेका विभिन्न क्रियाकलापहरुमा हुने गरेको विभेदलाई छर्लङ्ग रुपमा अवलोकन गर्न सकिन्छ । तसर्थ यस अध्ययन क्षेत्रका महिलाहरुको विचारमा महिला र पुरुषमा भएका विभेदलाई निम्न अनुसार प्रष्ट पार्न सकिन्छ ।

### ४.५.१०.१ शिक्षामा भएको विभेद :

पुरुषलाई राम्रा र नीजि विद्यालयमा पढाइन्छ भने महिलालाई सरकारी विद्यालयमा पढ्न पठाइन्छ ।अध्ययन क्षेत्रका महिलाको अनुसार पुरुषले विवाहपछि पनि शिक्षालाइ निरन्तरता दिन सक्दछन् तर महिलाले घर समाल्नु पर्ने मान्यता भएकोले धेरै संघर्ष गर्नुपर्दछ । महिलाले शिक्षा प्राप्त गर्न असमान स्थिति छ । समाजमा ब्याप्त लैङ्गिक विभेदको कारण महिलाले शिक्षाको अवसर कम प्राप्त गर्दछन् । पुरुषको लागि शिक्षा मुख्य प्राथमिकतामा हुन्छ भने महिलालाई घरको काम मुख्य प्राथमिकतामा रहन्छ । शिक्षालाई कम महत्वको रुपमा, शिक्षा दिने कामको शुरुवात परिवारबाट नै हुन्छ । छोराले राम्रो नाम चलेका विद्यालयमा शिक्षा आर्जन गर्न पाउने, पढ्नको लागि उमेरको हदबन्दी नहुने इच्छाएको विषय पढ्न पाँउदछन्  भने छोरीले घरमा आमाबाबुलाई हेरचाह गर्नुपर्ने सघाउनुपर्ने विवाहपछि शिक्षा लिन रोक्ने वा बाध्यात्मक बनाउन गरीन्छ तथा पढाउन पठाएपनि सरकारी स्कूलमा पढाइन्छ । इच्छाएको विषय पढ्न परिवारको स्वीकृती लिनुपर्छ । जन्मैदेखी पुरुषको शिक्षा सहज हुन्छ तर महिलालाई सहज नभएको धारणा उनीहरुको छ । छोरालाई निर्णायक खालका शिक्षामा जोड दिइन्छ तर महिलालाई तल्लो स्तरका सेवक स्याहारसुसार, शिक्षिका, नर्स जस्ता शिक्षामा जोड दिइन्छ तथा छोरी अर्काको घर व्यवहार समाल्नुपर्ने जात भनेर सानैदेखि पारीवारिक शिक्षा दिइन्छ । महिला शिक्षा लिन बौद्धिक रुपमा कमजोर बनाइन्छ । पढेपनि नपढेपनि अर्काको घर जाने जात भन्ने साँगुरो दृष्टि राखीन्छ । पुरुषले पढ्नको लागी पारिवारिक प्रोत्साहन पाँउदछ भने महिलाले धेरै संघर्ष गर्नुपर्दछ घरको जिम्मेवारी निभाएपछि मात्र पढ्न पाउने विचार त्यहाँका महिलाहरुको रहेको छ । शैक्षिक ज्ञान र तालिममा जाने अवसर पुरुषलाई हुने भएकोले क्षमता तथा ज्ञानमा वृद्धि भई आत्मनिर्भर पुरुष नै हुन्छन् । महिला पछाडी पर्दछन ।  पुरुषको शिक्षामा लगानी गरीदैन सानैदेखि छोरीलाई गृहिणी, परिवारको सेवा गर्ने, स्याहार तथा सम्मान कसरी गर्ने शिक्षा दिईन्छ भने पुरुषलाई आय आर्जनका लागि प्रेरणा परिवारबाट नै मिल्दछ । पितृसत्तात्मक व्यवस्थाले गर्दा पुरुषको शिक्षा अत्यावश्यक तर महिलाको शिक्षालाई घरको इज्जतसँग तुलना गरिन्छ । महिला शिक्षा सामान्य लेखपढ, हिसाब, किताब तथा घर व्यवहार चलाउन सक्ने तथा अर्काको घरमा राम्रोसँग कुरा गर्न सक्ने र पढेलेखेको श्रीमान् र राम्रो घर पाउनेसँग तुलना गर्ने गरेको उत्तरदाताको विचारमा रहेको छ । भविष्यमा सम्पूर्ण परिवार पाल्नुपर्छ भन्ने सोचले छोरालाई गुणस्तरीय शिक्षामा लगानी गर्न पारिवारिक, सामाजिक

तथा आर्थिक सहयोग मिल्दछ भने छोरीलाई यो वातावरण सहजै मिल्दैन । पुरुषलाई विवाहपछि पनि शिक्षा लिन सहजै हुन्छ तर महिलाले परिवार बच्चा आफन्त सबैको बोझ समाल्नुपर्ने भएकोले शिक्षालाई निरन्तरता दिन सक्दैनन् र पुरुषको तुलनामा कमजोर ठानीन्छन् । पुरुषलाई सानैदेखि आर्थिक रुपमा सबल सक्षम बनाउने खालको शिक्षा परिवार बाट नै दिइन्छ भने महिलाको शिक्षा अर्काको घरायसी मान मर्यादाको शिक्षा हुन्छ अनि महिला सक्षमको सट्टा कमजोर भई परनिर्भर बन्नुपर्दछ । संघर्ष गरी शिक्षा प्राप्त गरेपनि परिवार र सन्तानको जिम्मेवारी बहन गर्नुपर्ने कारणले गर्दा क्षमता र सीप भएर पनि पुरुषको तुलनामा सहज वातावरण पाइदैन । महिला शिक्षाको महत्व पुरुषको तुलनामा कम महत्वको हुन्छ । महिला आर्थिक सामाजिक शैक्षिक तथा बौद्धिकतामा कमजोर हुन्छन् भन्ने सोच छ तथा समाजमा महिलाले केहि गर्न सक्दैन भन्ने विभेदपूर्ण गलत सोच छ । शिक्षा लिनको लागी महिला घर बाहिर जान पारिवारिक अनुमति चाहिन्छ तर पुरुषलाई नचाहिने अधिकांश उत्तरदाता महिलाको धारणा छ ।

त्यसमा केहि महिलाहरुको धारणा केहि बेग्लै भएको पाईको छ । पहिला महिला र पुरुषको शिक्षामा धेरै विभेद थियो । तर वर्तमान समयमा केही मात्रामा घटेको भएपनि पितृसत्तात्मक व्यवस्थाको प्रभावको कारण पुरुषको शिक्षा अर्थोपार्जन गर्ने, कूलको इज्जत बढाउने तर छोरीको शिक्षा घरायसी व्यवहार चलाउने, परिवारको हेरचाह गर्ने जस्तो अर्थहिन सोच भएको कुरा उत्तरदाता महिलाको धारणा छ ।

### ४.५.१०.२ अन्य क्षेत्रमा भएको विभेद

हाम्रो समाजमा शिक्षामा मात्र नभई अन्य क्षेत्रमा पनि विभिन्न खालको विभेद भएको पाइन्छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रका महिलाको विचारमा महिला र पुरुषमा भएका अन्य क्षेत्रका विभेदलाई निम्न अनुसार हेर्न सकिन्छ ।

सामाजिक हरेक गतिविधिमा पुरुषको सहभागिता मुख्य तर महिलाको सहभागितलाई अझ पनि नगन्य रुपमा मानिन्छ,। घरायसी तथा अन्य सामाजिक निर्णयमा पुरुषको तुलनामा महिलाको बोलीको महत्व हुदैन । महिलाको बोलीलाई अविश्वास गरिन्छ । घरायसी काम महिलाले गर्दा राम्रो तर पुरुषले सघाएमा मात्र जोईटिङ्गे नाम राखिन्छ । पुरुषलाई जहाँ जतिबेला जाँदा हुन्छ, बस्न हुन्छ तर छोरीको सवालमा नैतिकताको प्रश्न

खडा गरीन्छ । समान कामको ज्याला पुरुषलाई बढी र महिलालाई कम ज्याला दिइन्छ, घरबाहिर रहेर काम गर्न पुरुषलाई छुट छ भने महिलालाई नैतिक लाल्छना लगाइन्छ । श्रीमानको मृत्युपछी श्रीमतीले रातो वस्तु लगाउन नहुने तर पुरुषलाई छुट छ । पुरुष जन्मैदेखि स्वतन्त्र हुन्छ तर महिला सानोमा पिताको, उमेरमा पति, र वृद्धअवस्थामा छोराको अधिनमा रहनुपर्छ । घरायसी निर्णयमा पुरुषको अधिनता तथा बच्चा जन्माउने कुरामा पुरुषको इच्छा महत्वपूर्ण मानिन्छ । तर छोरी जन्मेमा महिलालाई दोष दिई हेला गरिन्छ भने छोरा जन्मीएमा सम्मान गरीन्छ । सक्षम भएर पनि देशको माथिल्लो तह तथा नीति निर्माणका मुख्य क्षेत्रमा पुरुष र महिलालाई समान रुपमा हेरीदैन । धार्मिक मठ मन्दिरमा पनि पुजारी पादरी मुख्य दर्जामा हुन्छन् भने महिलालाई शुद्ध र अशुद्धताको रुपमा हेरीन्छ । सामाजिक समारोहमा महिला भन्दा पुरुषको उपस्थिति मुख्य मानिन्छ । पितृसत्तात्मक व्यवस्था अनुसार महिला हरेक क्षेत्रमा पछि परेका छन् । महिलालाई परिवारको सेवा गर्ने तत्वको रुपमा निम्न दर्जा दिइन्छ । शारिरिक रुपमा महिलालाई कमजोर र पुरुष बलिया भनेर विभेद गरीएको पाइन्छ । छोरीलाई बाबुआमाले बोझ र अर्काको नासोको रुपमा सम्झनाले गर्दा महिला घरको काममा बाध्यात्मक रुपमा ब्यस्त हुनुपर्ने तथा पैसा धन सम्पतीमा पुरुषको हक बढी हुन्छ । जागीर खाने महिला पनि बालबालिकाको पठनपाठनमा सरसफाईमा जुट्नुपर्छ । घरायसी काम पनि गर्नुपर्दछ । तर पुरुषलाई बाध्यात्मक नभई स्वेच्छाको व्यवहार हुन्छ । घर तथा सम्पतीमा पुरुषलाई विशेषाधिकार हुन्छ । तर एउटै आमाबाबुबाट जन्मीएको छोरीलाई त्यस्तो व्यवस्था नभएको तथा महिला सदैव पुरुषको अधिनमा रहनुपर्छ । समाजमा पुरुषको अधिपत्य हुन्छ । पुरुषभन्दा कमजोर ठान्ने प्रकृति तथा धार्मिक रुपले महिला देवी, सरस्वती, काली जस्ता नामले चिनीन्छ तर व्यवहारमा त्यसको बिपरीत हुन्छ । लिङ्ग चयनको आधारमा छोरीको गर्भमै रहँदादेखि विभेद गरी भ्रुण हत्या समेत गरिन्छ । सामाजिक सुरक्षाको हैसियतले पुरुषको तुलनामा महिला बढी असुरक्षित छन् । महिलालाई परिवार बाट नै प्रतिकार गर्ने र शारीरिक र बौद्धिक तथा मनोवैज्ञानिक रुपमा असक्त बनाइन्छ । राज्यका उच्च निकाय र पदहरुमा सबैभन्दा बढी अधिन पुरुषको हुन्छ । आधा आकाश ढाकेका महिलालाई राज्यको राजनीतिमा समेत धेरै संलग्न गराइदैन । विभिन्न क्षेत्रमा राखिएका संरक्षण कोटाहरु कागजमा मात्र सिमित छन् । नेपाली धर्मसंस्कृतीमा पुरुषको स्थान मुख्य तर महिलाको उपस्थितिलाई नगन्य या अनुशासनहिन मानिन्छ । हरेक समुह गोष्ठी सभा सम्मेलनमा सामाजिक रितिरिवाजमा अझ

सम्म पनि फरक व्यवहार गरीन्छ । महिलालाई पितृसत्तात्मक धारणाले गर्दा छोरीलाई विभेद गरीन्छ । महिलालाई पारिवारिक दबाब हुन्छ तथा महिला स्वतन्त्र भएर रहन पाउदिन भन्ने आदी खालका भिन्न भिन्न खालका विभेदपूर्ण धारणा अध्ययन क्षेत्रका महिलामा पाइएको छ ।

# अध्याय ५

# सारांश र निष्कर्ष

## ५.१ सारांश

यस सोधपत्रमा गरिएको वर्णनात्मक विश्लेषणको आधारमा मध्यनेपाल नगरपालिका वडा नं. १ का विवाहित महिलाहरुको शैक्षिक स्थितिको निचोड एवं सारांश यस प्रकार रहेको छ ।

नेपाल बहुजाति, बहुधार्मिक, बहुभाषी तथा बहुसंस्कृती बोकेको राज्य हो । यहाँ विभिन्न किसिमका जनजातिहरु बसोबास गर्दछन् । कुल जनसंख्याको आधाभन्दा बढी हिस्सा महिलाले नै ओगटेका छन् । महिलाको विकाश बिना देश विकास असम्भव हुने निश्चित छ । नेपालमा महिलाको विस्तृत अध्ययन अनुसन्धान अफै हुन सकेको छैन ।

धार्मिक रुपले महिलालाई देवी र सरस्वतीको नामले पुकारेर पुजा गरीन्छ । तर व्यवहारमा त्यस्तो छैन । कानुनले पनि महिलालाई उच्च स्थान दिएको तर यथार्थतामा लागु छैन ।

विश्वका महिलाहरुको सामाजिक आर्थिक स्थिती देश धर्म जाति गाँउ, शहर अनुसार फरक रहेको छ । विकसीत देशका महिलाको तुलनामा विकासोन्मुख र गरिब देशको महिलाहरुको स्थान नाजुक रहेको छ ।

नेपाल कृषि प्रधान देश हो । २०६८ सालको जनगणाना अनुसार ८२.३३ प्रतिशत जनता ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । त्यसमध्येमा यस शोधको लागि छनोट गरिएको क्षेत्र पनि ग्रामीण क्षेत्रमा पर्दछ । यहाँको अधिकांश महिलाहरु दैनिक जीवनमा घरको काम, खेतीको काम, बालबालिकाको स्याहार सुसार गर्दैमा वितेको छ । जसको फलस्वरुप यहाँका महिलाहरु हरेक क्षेत्रमा पिछडीएको पाइन्छ । यो अध्ययन मध्यनेपाल नगरपालिका वडा नं. १ मा रहेको विभिन्न जातजातिका विवाहित महिलाहरु विशेषत १५ देखि ६५ वर्ष भित्रका बुहारीहरुको अध्ययन हो । यस वडामा ५७० घरपरिवार रहेकोमा आकस्मीक छनौटमा परेका ५७ परिवारका विवाहित महिलाहरुलाई छानी उनीहरुसँग सही उत्तरको अपेक्षाको साथ अर्न्तवार्ता लिने काम गरिएको छ ।

यस अध्ययनको मुख्य उदेश्य मध्यनेपाल नगरपालिका वडा नं. १ का महिलाको शैक्षिक स्थितिको अध्ययन र यहाँका महिलाले शिक्षालाई निरन्तरता दिन नसक्नुका कारणहरु पनि पत्ता लगाउनु रहेको छ । यस अनुसन्धान वर्णनात्मक र अन्वेषणात्मक विधिलाई लिइएको छ । प्राथमिक स्रोतहरुमा प्रश्नावली अर्न्तवार्ता र अवलोकनबाट तथ्यांक संकलन गरिएको छ भने द्धितिय  स्रोतका रुपमा लेख रचना पुस्तक तथा विभिन्न शोधपत्रहरुको सहयोग लिइएको छ ।

लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं. १ को हावापानी समशितोष्ण खालको रहेको छ । पहाडी तथा ग्रामीण भेग भएकोले वातावरण शान्त र सौम्य प्रकारको छ । बाटोघाटो सडक सन्जाल तथा विजुली सबै कुराको भौतिक साधनले यस वडालाई जोडेको छ ।

यहाँको मूल आयस्रोत भनेको कृषि, व्यापार तथा ज्याला मजदुरी रहेको छ । केही युवाहरु रोजगारको सिलसिलामा सैनिक, प्रहरी तथा विदेशी देशमा समेत गएको पाइन्छ । यहाँका महिला र पुरुष दुवै मिलेर कडा मिहिनेतको साथ खेती तथा पशुपालन व्यवसाय सन्चालन गरी दैनिक जीवन गुजारा गरेको पाइन्छ  ।

यस ठाँउका महिलाहरु उच्च शिक्षा हासिल गरेका कमै मात्र देखिएको पाँउदछौ । प्राय बिवाह भइसकेपछि आफ्नो घरायसी बोझले गर्दा शिक्षालाई निरन्तरता दिन नसकेको बताउछन् । शिक्षा क्षेत्रमा पहुँच बनाई त्यसै क्षेत्रमा लागेका खासै महिलाहरु नदेखिएको र सबैमा समान्य लेखपढ गर्ने तरिकाले साक्षर बन्नको लागि शिक्षा लिएको पाइएको छ । सबभन्दा बढी महिलाले सिलाइबुनाइको तालिम लिएको पाइन्छ यस तालिम लिने संख्या २० जना रहेको छ भने यसबाहेक १६ जना महिलाले अन्य तालिम लिएको पाइन्छ । तालिम लिनाको कारणमा केहीले खेर गएको समयको सदुपयोग गर्न, केहिले भविष्यमा सो पेशा अवलम्बन तथा धेरै संख्यामा आत्मनिर्भर बन्नको लागि सो तालिम लिएको बताउछन् ।

यहाँका महिलामा आफुले पूर्णतया उच्च शिक्षा हासिल गर्न नसकेपनि आफ्ना सन्तानहरुलाई राम्रो र गुणस्तरीय शिक्षा दिनुपर्छ भन्ने सोच रहेको छ । आर्थिक अवस्था सामान्य भएकोले तथा नीजि विद्यालयको पहुँच नभएको कारणले अधिकांश महिलाका

सन्तानलाई सरकारी विद्यालयमा पठाइएको छ भने केहि सम्पन्न खालका व्यक्तिको सन्तान भने नीजि विद्यालयमा पढाएको पाइन्छ ।

## ५.२ निष्कर्ष

### ५.२.१ महिलाको शैक्षिक अवस्था

शिक्षाप्रति चासो दिदै आफु अशिक्षित भएपनि आफ्ना परिवारका सदस्यहरुलाई अनिवार्य रुपमा पढाउनु पर्दछ भन्ने चाहना यहाँका महिलाहरुमा रहेको पाइन्छ । छनौटमा परेका ५७ जना विवाहित महिलाहरु मध्येमा ४ जना महिला अझपनि निरक्षर रहेको देखिन आएको छ । जसबाट के बुझिन्छ भन्ने अबका दिनमा शिक्षा बिना केही गर्न सकिदैन भन्ने भावनाको बिकास भएकोले गर्दा परिवारका हरेक सदस्यले उच्च शिक्षा हासिल गर्नुपर्छ भन्ने सकारात्मक सोच यहाँका महिलाहरुमा रहेको छ ।

### ५.२.२ तालिमको अवस्था

सामान्य रुपमा लेखपढ गर्न धेरैले जान्ने भएपनि यहाँका केही शिक्षित महिलाहरु मुख्यगरी भविष्यमा आत्मनिर्भर बन्नको लागि बढी मात्रामा सिलाइबुनाइको तालिममा संलग्न रहेको पाइएको छ । सो पेशामा संलग्न हुनको लागि खासै धरै पढ्नु नपर्ने भएका कारणले उक्त पेशाप्रति धेरै महिलाको झुकाव रहेको छ ।

### ५.२.३ शैक्षिक चेतनाको अभाव

यहाँका महिलामा परम्परागत संस्कृति र रुडीवादी धारणा बढी रहेको पाइन्छ । उनीहरुले घरभित्रको सम्पुर्ण कामहरु, खेतिपाती र पशुपालनका कार्यमा दिन बिताउनुपरेको छ भने आयमुलक र नोकरीहरुमा उनीहरुको पहुँच नरहेको पाइएको छ । जसको कारक तत्व भनेको चेतनाको अभाव हो भन्नेकुरा यस क्षेत्रका महिलाहरुले बुझ्न थालेका छन् । सम्पूर्ण खर्च लगाएर भनेपनि बालबालिकाको शिक्षामा सहयोग गर्न थालेका छन् ।

शिक्षा विकासले गर्दा मानिसले हरेक क्षेत्रमा परिवर्तन ल्याएको हुन्छ । यहाँका महिलाहरु आफ्नो उच्च शिक्षा हासिल गर्न नसके पनि सन्तानको पढाई भने अब्बल बनाउन चाहन्छन् ।

### ५.२.४ गरिबी

गरिबीमहिलाको शैक्षिक सामाजिक तथा आर्थिक स्तर गिराउने प्रमुख तत्व हो । जसले गर्दा महिलाहरुको शैक्षिक स्तर तल रहेको छ । शिक्षा प्राप्त गर्न नसक्नाले आर्थिक अवस्था कमजोर बनेको छ जसले गर्दा जीवन निर्वाहका लागि परम्परागत कृषि पेशा अपनाउनु परेको तथा वैकल्पीक रोजगारी नभएका कारण अधिकांश समय घरको काममा व्यतित गर्नुपरेको यहाँका महिलाको धारणा छ ।

### ५.२.५ पितृसत्तात्मक सामाजिक संरचना

नेपाली समाजमा रहेको पितृसत्तात्मक सामाजिक संरचनाले गर्दा सम्पत्ती माथिको अधिकार निर्णय गर्ने अधिकार छोरी अरुको घर जाने जात भन्ने जस्ता महिला माथिको विभेदपूर्ण पक्षहरुले गर्दा महिलाको शैक्षिक स्तर उकास्न असहज भएको छ ।

यहाँका महिलाको शैक्षिक स्तर न्युन भएकोले आर्थिक, राजनैतिक, कानुनी हक र अधिकारको बारेमा अन्जान रहेका तथा बाहिरी ज्ञानको अभावका कारण व्यवहारीक शिक्षा, नोकरी र घुमफिर जस्ता क्षेत्रमा यहाँका महिला वञ्चित भएका छन् । विभिन्न सञ्चारका साधनहरु रेडियो, टि.भी भएपनि संगीततिर मात्र झुकाव रहनु तथा समाचार मुलक कार्यक्रमहरुमा कम सहभागी रहनाले बाहिरी ज्ञानको अभाव छ ।

विशेषगरी विकाशोन्मुख राज्यमा महिलाको काम भनेको खेती र घर व्यवहारलाई लिईन्छ । जुन कामको कुनै आर्थिक मुल्य मान्यता नै हुदैन । समयको परिवर्तनसँगै यस अध्ययन क्षेत्रका महिलाहरुको खेती र घर व्यवहारमा मात्र सिमित नभई अन्य विभिन्न समुहहरुमा पनि आवद्ध रहेको अध्ययनले देखाँउदछ ।

मुख्यतया राज्यबाट संचालन भएको विभिन्न किसिमका शैक्षिक गतिविधिहरु शहर केन्द्रित भएको र त्यसमा पनि धनीका छोराछोरीको मात्र पहुँच रहेको देखिन्छ । जसको कारण उत्तरदाता महिलाहरु गाँउले परिवेश तथा शहरी वातावरणबाट टाढा रहेको कारणले गर्दा उचित खालको शिक्षा प्राप्त गर्न नसकेको कुरा बताउँदछन् साथै अबका पिढिँहरु तथा भविष्यका पूर्वाधारहरुलाई शिक्षाबाट बञ्चित गराउनु हुदैन । शिक्षाको महत्व ठूलो छ भन्ने यहाँका महिलामा सकारात्मक सोच आएको छ ।

शिक्षाको अभावका कारण खेतीपातीमा मात्र संलग्न हुनुपर्ने कारणले शिक्षाको स्तर सुधार नभएको यहाँका महिलाहरु बताँउदछन् । वर्तमानमा शिक्षामा विस्तारै परिवर्तन आएको छ । महिलाहरु पनि आत्मनिर्भर हुनका लागि विभिन्न किसिमका तालिमहरु लिई आय आर्जनका पुरुषको सहयोगी बन्न अग्रसर रहेको देखिन्छ । यहाँका धेरैजसो महिलाको झुकाव सिलाई बुनाइतर्फ रहेको छ । यसको लागि धेरै शिक्षा आवश्यक नपर्ने कारणले सो पेशा अपनाएको पााइन्छ । आफुले समयमा उच्चशिक्षा हासिल गर्न नसकेकोले आफुले इच्छाएको पेशामा संलग्न हुन नसकेको तथा आफ्ना सन्तानहरुलाई एक छाक मात्र खाएर भनेपनि गुणस्तरीय शिक्षा हासिल गराउनुपर्नेमा यहाँका बिवाहित महिलाहरु लागि परेको पाइन्छ ।

## ५.३ सुझाव

- सबैभन्दा पहिला शैक्षिक विकास गर्न महिलाले गर्ने कामको बोझलाई कम गरिनुपर्दछ ।
- परिवार र समाजमा महिलालाई पुरुषसरह समान रुपमा अधिकार दिइनु पर्दछ । स्वरोजगारको व्यवस्था हुनुपर्छ ।
- जनचेतनाको कार्यक्रम गरी रुडीवादी परम्परा हटाउनुपर्दछ ।
- महिलाको शैक्षिक स्तर उकास्न वैकल्पीक रोजगारीको अवसर दिई आर्थिक स्थितिमा सुधार गर्नुपर्दछ ।
- विशेष गरी महिलाको शैक्षिक स्तर उकास्नको लागि सरकारले विशेष नीति तथा कार्यक्रमहरु ल्याई सकरात्मक सोचमा वृद्धि गरिनुपर्दछ ।
- महिलाहरुमा सामाजिक, राजनैतिक, शैक्षिक तथा अन्य कानुनी हक अधिकारमा बारेमा अनभिज्ञ भएकोले घर परिवार समाज र राज्यबाट चेतनामुलक विशेष कार्यक्रम सञ्चालन गरेको खण्डमा महिला शिक्षाको स्तरमा वृद्धि हुन्छ ।

# सन्दर्भ सूची


बराल, खगराज, *शिक्षक शिक्षा,* २०६५ ।

शर्मा, गोपीनाथ, *नेपालमा शिक्षाको इतिहास*(भाग -१), काठमाडौँ : मकालु प्रकाशन गृह, २०६२ ।

न्यौपाने, पुण्यप्रसाद, *महिला शिक्षा,* २०६६, असार ।

भट्टराई, ज्ञानेश्वर, *शिक्षा सेवा दिगदर्शन,* काठमाडौँ : विद्यार्थी भण्डार, २०५५ ।

भट्टराई, रमेश, *शैक्षिक स्मारिका* राष्ट्रिय शिक्षा दिवस, २०६४ ।

*शिक्षा जगतको पत्रिका,* वर्ष २०६४ पौष ।

मल्लिक, विद्याधर, *शैक्षिक ज्योति,* २०६० असोज, कार्तिक ।

*महिला शिक्षा गतिविधि,* २०५४ ।

खवास, लिला, *शिक्षक संदेश २०६२,* अंक १, प्रकाशक : नेपाल शिक्षक संगठन ।

सिन्हा, रामश्वरुप, *लैङ्गिक समविकास शिक्षा,* वर्ष ८, अंक ८, २०६४, प्रकाशक : शिक्षा विभाग ।

श्रेष्ठ, केशवकुमार, चौलागाई, तिलकप्रसाद र सापकोटा, केशवराज, *लैङ्गिक अध्ययन,* काठमाडौँ : एकेडेमिक बुक सेन्टर, २०६६ ।

सिलवाल, प्रकाश, *गोरखापत्र,* २०६७ पौष ९ शुक्रवार ।

हाडा, गम्भिर बहादुर, *शिक्षा जगतको वार्षिक पत्रिका,* वर्ष २०५७ ।

आचार्य, बलराम, *लैङ्गिक अध्ययन,* २०६७ ।

आचार्य, डा. सुशन, *शैक्षिक श्रृङ्खला,* वर्ष १ अंक ३ फाल्गुन २०६१ ।

अर्याल, भोजेन्द्र, *लैङ्गिक अध्ययन,* काठमाडौं : दिक्षान्त पुस्तक प्रकाशन, २०६२ ।

शर्मा, गोपीनाथ, *नेपालमा शिक्षाको इतिहास* (भाग-२), काठमाडौं : मकालु प्रकाशन गृह, पृ.२३०-२६५, २०६२ ।

नकर्मी, सुदर्शन, *शैक्षिक अध्ययन,* काठमाडौं : शैक्षिक प्रवर्धन केन्द्र नेपाल, २०६१ ।

Acharya, M., 1994 . *The statistical profile on Nepalese women*.

CBS. 2012. *National population and Housing Census*, Kathmandu: CBS

Jaya, Kathai Pillal (1995).  Women and empowerment.

Statas of Women in Nepal Vol.2

Statas of Women in Nepal Vol.4

# अन्तर्वार्ता प्रश्नावली

## अनुसूची-१

मिति : वडा न :

घरमुलीको नाम :

## १. व्यत्तिगत जानकारी

१. उत्तरदाताको नाम : उमेर :

लिङ्ग : जात :

पेशा : धर्म :

वैवाहिक स्थिती : क) विवाहित ख) अविवाहित

## २. शैक्षिक गतिविधि सम्बन्धी प्रश्नावली

१. तपाई कति कक्षासम्म पढ्नु भएको थियो ?

क) प्रा.वि. ख) नि.मा.वि ग) मा.वि. घ) उच्च शिक्षा

ङ) निरक्षर च) प्रौढ शिक्षा

२. तपाई अहिले विद्यालय वा क्याम्पसमा अध्ययनरत हुनुहुन्छ ?

क) छ ख) छैन

३ . तपाई कुन विद्यालय । क्याम्पसमा अध्ययनरत हुनुहुन्छ ?

क) सरकारी ख) गैरसरकारी ग) निजि

४. तपाइले किन नपढ्नु भएको हो ?

क) गरिब भएर ख) विद्यालय टाढा भएर ग) थाहा नभएर

घ) अन्य

५.   तपाईले विचमा पढाई छोड्नु भएको हो भने किन छोड्नु भएको हो ?

क)   आर्थिक पक्षा कमजोर भएर

ख)   विद्यालय टाढा भएर

ग)   घरबाट पढ्न नदिएर

घ)   पढाइको महत्व नबुझ्ेर

ङ)   छोरीलाई पढ्न आवश्यक नभएर

६.   महिलाले पढ्नलाई निरन्तरता दिन नसक्नुका कारणहरु के ठान्नुहुन्छ ?

क)   पारिवारीक कारण   ख) सामाजिक समस्या

ग)   आर्थिक भार   ग) अन्य

७.   तपाइले यो मध्ये कुन तालिम लिनुभएको छ ?

क)   शिक्षण   ख)   सिलाइबुनाई   ग) काष्ठकला घ) अन्य

८.   यदी कुनै तालिम लिनुहुन्छ भने किन ?

क)   भविष्यमा सो पेशा अपनाउन

ख)   खेर गएको समयको सदुपयोग गर्न

ग)   आत्मनिर्भर बन्न   घ) अन्य

९.   के हरेक परिवारमा महिलाले शिक्षा आर्जन गर्न आवश्यक छ ?

क)   छ   ख) छैन

१०   छ भने किन?

क)   परिवार तथा बच्चालाई शिक्षित बनाउन

ख)   भविष्यमा आत्मनिर्भर बन्न

ग)   पुरुषसरह सक्षम हुन

घ)   अन्य

११) महिलाले के सुविधा प्राप्त भएमा विद्यालय । क्याम्पसलाई निरन्तरता दिन सक्छ ?

क) पारिवारीक सहयोग भएमा ख) आर्थिक समस्या नभएमा

ग) सकारात्मक राहत पाएमा घ) छोराछोरी समान हुन् भन्ने चेतना भएमा

१२. सरकारबाट के सहयोग भए महिला शिक्षा सहज हुन्छ ?

क) महिलालाई विशेष प्राथमिकता ख) महिला प्रोत्साहन कार्यक्रम

ग) शिक्षित महिललाई रोजगारीको ग्यारेन्टी भएमा घ) अन्य

१३. विविध सुविधा भएपनि महिलाले शिक्षाप्रति चाहना नराख्नुको कारणहरु के छन्?

क) आर्थिक समस्या ख) छोरी घर समाल्नुपर्ने मान्यता भएर

ग) पारिवारीक विभेद घ) अन्य

## ३. सन्तानको शिक्षा सम्बन्धी

१. तपाईको बालबच्चा भइसकेको छ ?

क) छ ख) छैन

२. यदी छ भने कतिजना बालबच्चा छन् ?

क) १ ख) २ ग) २ भन्दा बढी

३. तपाईका बच्चाहरु स्कूल जान्छन् कि जाँदैनन् ?

क) जान्छन् ख) जादैनन्

४. जादैनन् भने किन जाँदैनन् ?

क) स्कुल टाढा भएर ख) पारीवारीक समस्याले ग) अन्य

५. समाजमा हुने शैक्षिक गतिविधिमा तपाईको चासो कस्तो छ ?

(क) धेरै नै छ (ख) अलिकति छ (ग) छैन

६. यदि सरकारी स्कुलमा पढाउनुहुन्छ भने किन ?

क) आर्थिक अवस्था कमजोर भएकोले ख) सबै परिवार त्यसैमा पढेकोले

ग) सरकारीमा राम्रो पढाई भएकोले

७. छोरा छोरी एउटै विद्यालयमा पढाउनुहुन्छ कि अलग अलग विद्यालयमा ?

(क) एउटै (ख) अलग अलग ग) निजि घ) सरकारी

८ . किन अलग विद्यालयमा ?

क) आर्थिक भार कम गर्न ख) छोरालाई राम्रो शिक्षा दिनुपर्ने भएकाले

ग) अन्य

९. यदी छोरीलाई सरकारीमा पढाउनुहुन्छ भने किन ?

क) अर्काको घर जाने जात भएकोले

ख) घरको काम सघाउनपर्ने भएकोले

ग) सरकारी राम्रै भएकोले

घ) आर्थिक भार कम पर्ने भएकोले

१० विद्यालय जान केटाकेटी आयमुलक काममा लागेका छन् की छैनन् ?

क) छन् ग) छैनन्

११) बच्चाहरु विद्यालय जान मान्छन् कि मान्दैनन् ?

क) मान्छन् ख) मान्दैनन्

१२. छोरी मान्छेहरु फुर्सदको समयमा कसरी बिताउछन् ?

क) घरको काम सघाएर ख) खेलेर गं) पढेर

१३. विद्यालय जाने उमेरको बच्चाहरुको बारेमा

| अवस्था | केटा | केटी |
|---|---|---|
| हाल विद्यालय गइरहेको (निजी) | | |
| हाल विद्यालय गइरहेको (सरकारी) | | |
| पहिला विद्यालय गई हाल छाडेको | | |
| कहिल्यै विद्यालय नगएको | | |

## ४. पारिवारिक विवरण

१. तपाईको परिवारको किसिम कुन हो ?

(क) एकात्मक परिवार  ख) बृहत परिवार  (ग) संयुक्त परिवार

२. तपाईको पविारको सङ्ख्या कति छ ?

क) ४ जना  ख) ६ जना  ग) सो भन्दा बढी । कम

३ घरमा तपाईको कुन स्थान छ ?

क) आमा । सासु  ख) बुहारी । छोरी  ग) भाउजु । आमाजु

४. आफ्नो छोराछोरीको पढाइमा के के सहयोग गर्नुहुन्छ ?

क) सिकाउन आउदैन  ख) फुर्सद छैन

ग) बिहान बेलुका समय दिन्छु

## ६ आर्थिक गतिविधि सम्बन्धी प्रश्नावली

१. तपाईसँग कति जमिन छ ?

(क) धुर  (ख) कट्ठा  (ग) विगहा (घ) छैन

२. तपाईको मुख्य पेशा के हो ?

(क) कृषि  (ख) व्यापार  (ग) जागिर  (घ) अन्य

३. तपाईको सहायक पेशा के हो ?

(क) व्यापार (ख) ज्याला मजदुरी

४. तपाईसँग कस्तो प्रकारको जमिन छ ?

(क) अबल (ख) दोयम (ग) सिम (घ) चाहार

५. कृषि उतपादन कस्तो छ ?

(क) खान पुग्ने (ख) खान र बेच्न (ग) नपुग्ने

६. तपाईको वार्षिक आम्दानी हुन्छ ?

क) ३०,००० ख) ५०,००० ग) १००,०००

७. तपाई दैनिक कत्ति समय काम गर्नुहुन्छ ?

क) ८ घण्टा ख) १० घण्टा ग) १२ घण्टा

८. परिवारमा कमाउने सङ्ख्या कति छ ?

क) १ ख) २ ग) ३ घ) सो भन्दा बढी

९ काम गर्दा कसले सघाउँछन् ?

क) श्रीमान् । श्रीमती ख) छोराछोरी ग) सासु

१०. बच्चाहरु कुन कुन काम सघाउँछन् ?

(क) घरायसी (ख) खेति (ग) अन्य

११. कुनै पनि काम गर्नुपर्दा र खर्च गर्नुपर्दा निर्णय कसले गर्छन् ?

क) श्रीमान्ले ख) ससुराले ग) सासुले

१२. परिवारमा कोही बेरोगारी हुनुहुन्छ ?

(क) छन् (ख) छैनन्

१३. बच्चाहरुले पनि कमाउनु पर्ने अवस्था छ कि छैन ?

(क) छ (ख) छैन

१४. शिक्षामा परिवारको कुल आम्दानी कति प्रतिशत रकम खर्च गर्नुहुन्छ ?

क) ५० %  ख) ३० %  ग) १० %

## ९ सामाजिक गतिविधि सम्बन्धी प्रश्नावली

१. समाजमा तपाईहरुको भूमिका कस्तो छ ?

(क) महिला समुह  (ख) वन समुह  (ग) अन्य समुह

२. छोरीलाई घरभन्दा बाहिर पढ्न पठाउनुहुन्छ कि हुन्न ?

(क) पठाउँछु  (ख) पठाउँदिन

३. पठाउनुहुन्न भने किन पठाउनुहुन्न ?

क) समाजले भन्ला भनेर  ख) बिग्रेला भनेर

ग) छोरीले घरको काम सिक्छन् भनेर

## ८ अर्न्तवार्ताका प्रश्नावली

१. महिलाले शिक्षा किन हासिल गर्नुपर्दछ ?

........................................................................................................

........................................................................................................

२ महिला शिक्षाले हाम्रो समाज वा परिवारमा कुनै परिवर्तन ल्याएको छ त?

........................................................................................................

........................................................................................................

३. तपाई सानो हुँदाको र अहिलेको पढाइमा के भिन्नता पाउनुभएको छ ?

........................................................................................................

........................................................................................................

४.	आधुनिक शिक्षाले बच्चामा कस्तो प्रभाव पारेको छ ?

..........................................................................................................

..........................................................................................................

५.	कस्तो किसिमको शिक्षा होस् भन्ने चाहनुहुन्छ ?

..........................................................................................................

..........................................................................................................

६.	शिक्षालाई सबैको पहुँचमा सहजै पुग्न नसक्नुको कारण केलाई मान्नुहुन्छ ?

..........................................................................................................

..........................................................................................................

७.	के तपाईको समाजमा कुनै पुरानो व्यवहारलाई विकाश गर्न शिक्षाले सकारात्मक भुमिका खेलेको जस्तो लाग्दछ ? किन ?

..........................................................................................................

..........................................................................................................

८	वर्तमान शिक्षा नीति हाम्रो समाज र देश अनुसार समय सापेक्ष छ त ?

..........................................................................................................

..........................................................................................................

९.	सरकारले शिक्षालाई समय सापेक्ष बनाउन के गर्नुपर्ला ? तपाईको विचारमा

..........................................................................................................

..........................................................................................................

१०.	महिला र पुरुषबीच के कस्ता विभेद छन् ?

शिक्षामा :	..........................................................................................

..........................................................................................................

..........................................................................................................

अन्य क्षेत्रमा : ....................................................................................

...............................................................................................

...............................................................................................